परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

चित्र भन्नाले तस्बिर, फोटो, छाप, चित्रपट, प्रतिमा छबि आदिलाई बुझिन्छ । चित्र शक्तिशाली हुन्छ । हजारौँ शब्दले वर्णन गर्न नसकिने कुरालाई पनि एउटै चित्रले सरल र सजिलो तरिकाले बुझाउन सकिन्छ ।

नेपाली वृहत शब्दकोश (२०४०) ले चित्रको अर्थ प्रस्तुत गरेको छ, जसलाई तस्बिर छाप, फोटो, चित्रपट प्रतिमा आदि भनिएको छ । त्यसैगरी प्रयोगात्मक नेपाली शब्दकोश ( २०६१) ले लेखेर, कोरेर वा खिचेर बनाइएको कुनै वस्तुको रूप वा आकृति, तस्बिर फोटोलाई चित्र भनेर अर्थाएको छ ।

मानिसले देखेको कुनै चिज वा वस्तुको प्रतिरूप तयार पार्ने कार्य नै चित्रकला हो । चित्रकारहरूले चित्रमा धेरै जसो वास्तविकता र केही अंश भएपनि परिकल्पना थपेको हुन्छ हरेक पाठ्यपुस्तकमा चित्रको विशेष महत्त्व रहेको हुन्छ । अझ त्यसमा पनि भाषा पाठ्यपुस्तकमा भाषिक सिप विकासका लागि यसको महत्व अझ बढी हुन्छ । चित्र आफैँ बोल्छ भन्ने कथनले पनि पाठ्यपुस्तकमा चित्रको महत्त्व झल्किन्छ । पाठ्यपुस्तकका उद्देश्यहरू पूरा गर्न चित्रको महत्त्व पनि स्पष्ट हुन्छ । चित्र राख्नुको उद्देश्य बालबालिकाहरूमा चित्र कोर्ने बानीको विकास गर्न, शिक्षण सिकाइलाई प्रभावकारी पार्न, विद्यार्थीहरूलाई निरन्तर रूपमा कार्यकलापमा सरिक गराउन र चित्रको माध्यमबाट विषयवस्तु सहज ढङ्गले बुझ्न चित्रको प्रयोग गरिएको हुन्छ । कुनै पनि नवीन विषयवस्तु वा दृश्यावलीहरू सम्बन्धी धारणा बसाल्न, सूक्ष्म दृष्टिकोण वृद्धि गर्न, वर्णनात्मक क्षमता विकास गर्न र अनुकरणात्मक सिप र कलाको समेत प्रवर्द्धन गर्न भाषा पाठ्यपुस्तकमा चित्रले प्रभावकारी भूमिका खेलेको हुन्छ (दुलाल : २०६७) ।

अमूर्त, अदृश्य र भावात्मक विषयलाई मूर्त, दृश्य र वस्तुपरक स्वरूप दिन चित्रलाई पाठ्यपुस्तकमा प्रयोग गरिन्छ । शब्दद्वारा व्यक्त गर्न गाह्रो हुने विषयलाई प्रष्ट पार्ने सर्वोत्तम उपाय चित्रात्मक प्रस्तुति नै हो । चित्र वर्णन गराउने गरी पाठ्यपुस्तकमा समावेश

गर्दा विद्यार्थीको मौखिक तथा लिखित अभिव्यक्ति क्षमतामा विकास हुन सक्छ । चित्रको अवलोकनबाट त्यसमा देखाइएका कुरालाई आफ्ना अनुभव र अन्तरनिहित प्रतिभाअनुसार शाब्दिक व्याख्या गर्ने क्षमता विकसित गर्ने आधार पनि प्राप्त हुन्छ । विषयवस्तु प्रष्ट पार्न राखिने चित्रहरू खास सन्दर्भसँग मेल खाने गरी उपयुक्त स्थानमा हुनुपर्छ (ढकाल, २०७३: १२२) ।

भाषा पाठ्यपुस्तकमा चित्रको महत्त्वलाई स्पष्ट पार्नका लागि अग्रज विद्वानहरूले हजारौँ शब्दमा वयान गर्दा अर्थ र धारणा स्पष्ट पार्न नसकिने कुरालाई एउटै चित्र पर्याप्त हुन्छ भनेका छन् । तसर्थ नवीन विषय वा दृश्यावली सम्बन्धी स्पष्ट धारणा बसाउने कार्यमा चित्रको विशेष भूमिका रहन्छ । पूर्वप्राथमिक तथा प्राथमिक तहका साना कक्षाहरूमा प्रयोग गरिने भाषा पठ्यपुस्तकमा चित्रकै माध्यमबाट अक्षर तथा शब्द सम्बन्धी धारणा दिइन्छ । यस्ता कक्षामा प्रयोग हुने चित्रहरू प्रायः रङ्गीन, वस्तुगत, स्पष्ट तथा ठुला हुनुपर्दछ । यस्ता चित्रले बालबालिकाहरूमा रोचकता र प्रभावकारिताको वृद्धि हुन्छ । भाषा पाठ्यपुस्तकमा आवश्यकता अनुसार दृश्यचित्र, रेखाचित्र, स्तम्भ चित्र, तालिका चित्र आदि राख्न सकिन्छ (भट्टराई, २०६८: ६३) ।

कुनै पनि नवीन विषयवस्तु वा दृश्यावलीहरू सम्बन्धी धारणा बसाल्न, सूक्ष्म दृष्टिकोण वृद्धि गर्न, वर्णनात्मक क्षमता विकास गर्न र अनुकरणात्मक सिप र कलाको समेत प्रवर्द्धन गर्न भाषा पाठ्यपुस्तकमा चित्रको आवश्यकता पर्दछ । यो शोधकार्यमा पाठ्यक्रम विकास केन्द्रद्वारा वि.सं. २०७४ देखि प्रयोगमा आएको कक्षा तीनको मेरो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन यस शोधकार्यमा गरिएको छ ।

## १.२ समस्या कथन

भाषा विचार विनिमयको एक माध्यम भएकाले मानिसका हरेक सन्दर्भ एवम् प्रसङ्गमा यसले प्रत्यक्ष सरोकार राख्ने हुनाले पठनपाठनका क्रममा यसको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । भाषा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू परिपूर्ति गर्नका लागि नै भाषा पाठ्यपुस्तकको निर्माण गरिन्छ । अन्य विषयका पाठ्यपुस्तक भन्दा भिन्न प्रकृतिको हुने भाषा पाठ्यपुस्तक भाषा शिक्षणका सन्दर्भमा निकै महत्त्वपूर्ण सामग्री साबित हुन्छ । त्यसैले पनि भाषा पाठ्यपुस्तकमा निहित विविध पक्षको बारेमा अध्ययन अनुसन्धान हुनुपर्दछ

। यसका लागि अन्य पक्षहरू जस्तै पाठ्यपुस्तकमा समावेश गरिएका चित्रहरूको भूमिका पनि महत्त्वपूर्ण हुन्छ ।

प्रस्तुत शोधमा निम्न प्रश्नहरूलाई समस्याका रूपमा लिइए शोधकार्य अघि बढाइएको छ :

क) प्रस्तुत पुस्तकमा चित्रहरू गुणात्मकताका दृष्टिले के कस्ता रहेका छन् ?

ख) प्रस्तुत पाठ १ देखि पाठ १८ सम्मका पाठमा भएका चित्रहरू पाठसँग मिल्दा जुल्दा छन् ?

ग) उक्त चित्रहरूले पाठका विषयवस्तुहरूलाई बोधगम्य बनाएका छन् ?

घ) उक्त चित्रहरू विद्यार्थीहरूलाई पढाइप्रति उत्सुक गराउने किसिमका छन् ?

ङ) चित्रहरूको प्रस्तुतिमा के कस्ता कमिकमजोरीहरू रहेका छन् ?

च) उक्त चित्रहरू विद्यार्थीको रुचि, चाहना र भावनालाई प्रभाव पार्ने किसिमका छन् ?

छ) उक्त चित्रहरूको उपयुक्तताका लागि के कस्ता सुझाव दिन सकिन्छ ?

उल्लेखित समस्यामा आधारित भएर अहिलेसम्म अध्ययन अनुसन्धान भएको नपाइएकाले उपर्युक्त समस्याको अध्ययन विश्लेषण गरी उपयुक्त सुझाव दिन यस शोधको समस्या रहेको छ ।

## १.३ अध्ययनको उद्देश्य

क) कक्षा ३ को मेरो नेपाली किताबको पाठहरूमा प्रयुक्त चित्रहरूको अध्ययन गर्नु

ख) उक्त पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरू शैक्षिक र मनोवैज्ञानिक पक्षका दृष्टिले अध्ययन गर्नु,

ग) उक्त चित्रहरूले विद्यार्थीहरूलाई पढाइप्रति पार्ने प्रभावको अध्ययन गर्नु,

घ) चित्रहरूको प्रस्तुतिमा देखिएका कमीकमजोरीहरू पहिचान गरी सुधारका लागि सुझाव दिनु ।

## १.४ अध्ययनको महत्त्व

भाषा पाठ्यपुस्तकमा चित्रहरूको महत्त्वपूर्ण आन्तरिक भूमिका रहेको हुन्छ । कुनै पनि नवीन विषयवस्तु वा दृश्यवलीहरू सम्बन्धी धारणा बसाल्न, सूक्ष्म दृष्टिकोण वृद्धि गर्न, वर्णनात्मक क्षमता विकास गर्न र अनुकरणात्मक सिप र कलाको समेत प्रवर्द्धन गर्न भाषा पाठ्यपुस्तकमा चित्रले प्रभावकारी भूमिका खेलेको हुन्छ । त्यसैले कतिपय अवस्थामा चित्र एवम् चित्रावलीहरूको सान्दर्भिक उपयोग पाठ्यपुस्तकमा आवश्यक पर्दछ ।

प्राथमिक तह भाषा पाठ्यपुस्तकमा अक्षर र शब्दको धारणा बसाल्न पनि चित्रको महत्त्व रहेको हुन्छ । प्राथमिक तहमा प्रयोग गरिने चित्रहरू रङ्गीन स्पष्ट, ठूलो र वस्तुगत हुनुपर्छ किनभने प्राथमिक तहका विद्यार्थीहरूमा गम्भीर र भावनात्मक कुराहरू बुझ्ने सामर्थ्य हुँदैन र सानो आकार एवम् अनाकर्षक रङ्गले उनीहरूको मनलाई आकर्षित गर्न सक्दैन । भाषा शिक्षण सिकाइमा भाषा पाठ्यपुस्तकले विद्यार्थीहरूको ध्यानलाई आकर्षण गर्न सकोस् रोचकता र घतलाग्दोपन सिर्जना गर्न सकोस्, विद्यार्थीहरूलाई पाठ्यपुस्तकसित खेलिरहन प्रोत्साहित गरोस् र सँगसँगै अपेक्षित किसिमका भाषिक कार्यकलापहरूमा सरिक हुन प्रेरित गरिरहोस् भन्ने तर्फ ध्यान दिनुपर्छ ।

प्राथमिक तहमा भन्दा माथिका तहमा चित्रको संख्या घटाउनु पर्दछ तर चित्रको प्रयोग नै नगर्ने भन्ने होइन । आवश्यकता अनुसार चित्रको प्रयोग गर्नुपर्दछ । माथिल्ला कक्षाका चित्रहरू अपेक्षित किसिमले साना र भावनात्मक किसिमका हुनुपर्ने, सबै चित्रहरू श्यामश्वेत नै भएपनि स्पष्ट र उपयुक्त आकार, आकर्षक र उद्देश्यपरक हुनुपर्दछ । तसर्थ भाषा पाठ्यपुस्तकको आन्तरिक विशेषता वा स्तर उपयुक्तताको एउटा प्रवल माध्यम चित्रको प्रयोग प्रक्रिया र व्यवस्थालाई लिएको छ ।

प्रस्तुत शीर्षकको शोधकार्यले पाठ्यक्रम निर्मातालाई चित्रको प्रयोग गर्न र अनावश्यक चित्रहरूलाई पाठ्यक्रमभित्र समावेश नगर्ने सुझाव प्रदान गर्दछ । त्यसैगरी पाठ्यक्रमको मर्मलाई सिकारुको माझमा प्रस्तुत गर्न सहयोग प्रदान गर्ने छ । पाठ्यपुस्तक निर्माण गर्ने निर्मातालाई मार्ग निर्देशन गर्दै उचित चित्र व्यवस्था गर्न सहयोग गर्ने छ । त्यसैगरी यस शोधकार्यले शिक्षकलाई चित्रका माध्यमबाट प्रभावकारी शिक्षण गर्न र विद्यार्थीहरूलाई सिकाइ प्रभावकारी बनाउन सघाउ पुऱ्याउने छ । साथै यस शोध कार्यले अभिभावकहरूलाई पनि आफ्ना बालबालिकाहरूको पढाइप्रति रुचि जगाउन सहयोग गर्दछ ।

त्यसैगरी यस शोध कार्यले चित्र सम्बन्धी अध्ययन एवम् अनुसन्धान गर्न चाहने अनुसन्धान कर्ताहरूलाई समेत उचित मार्गनिर्देशन गरेको छ ।

## १.५ अध्ययनको परिसीमा/सीमाङ्कन

प्रस्तुत शीर्षकको शोधकार्यलाई निम्न क्षेत्र र सीमाभित्र मात्र सीमित गरिएको छ :

क) प्रस्तुत अध्ययन जनक शिक्षा सामग्री केन्द्र लि.द्वारा मुद्रित कक्षा ३ को नेपाली भाषा पाठ्य पुस्तक (२०७३) मा सीमित गरिएको छ ।

ख) निर्दिष्ट पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको आन्तरिक र वाह्य आधारका दृष्टिले उपयुक्तता केलाउनमा मात्र सीमित गरिएको छ ।

ग) प्रस्तुत अध्ययन निर्दिष्ट पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको अध्ययनमा पथरी शनिश्चरे नगरपालिकाका ३ वटा विद्यालयहरूको ६० जना विद्यार्थीहरूसँग स्थलगत अध्ययनमा मात्र सीमित गरिएको छ ।

घ) निर्दिष्ट भाषा पाठ्य पुस्तकमा समाविष्ट चित्रहरूको व्याख्या विश्लेषणमा मात्र सीमित गरिएको छ ।

ङ) यी बाहेकका कुराहरू यस शोध कार्यको सीमाका रूपमा रहेका छन् ।

परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन

हरेक पाठ्यपुस्तकमा चित्रको विशेष महत्त्व हुन्छ । अझ त्यसमा पनि भाषिक सिप विकासका लागि यसको महत्त्व झन धैरै हुन्छ । माध्यमिक तह भन्दा निम्न माध्यमिक र निम्न माध्यमिक भन्दा प्राथमिक तहमा चित्रहर तुलनात्मक रूपमा धैरै उपयोगी एवम् महत्त्वपूर्ण हुन्छ । पाठ्यपुस्तकमा कतै रेखाचित्रको प्रयोग भने कतै फोटोचित्रको प्रयोग गरिएको हुन्छ । अहिलेको समयमा मल्टि मिडियाका दृश्य चित्र भिडियोको पनि सबै तहका कक्षाहरूमा प्रयोग गर्न सकिन्छ । चित्र आफैँ बोल्छ भन्ने कथनले पनि पाठ्यपुस्तकमा चित्रको महत्त्व झल्किन्छ ।

कक्षा ३ को मेरो नेपाली कितावमा समाविष्ट चित्रहरूको अध्ययन शीर्षकको प्रस्तुत शोधकार्यमा कक्षा ३ का विद्यार्थीहरूको शैक्षिक र मनोवैज्ञानिक पक्ष अनुरूपका चित्रहरू भए/नभएको अध्ययन गरिएको छ । हेर्ने र सिक्ने किसिमको सिकाइ व्यवहारवादी मनोवैज्ञानिक सिद्धान्त र मनोवादी सिकाइ सिद्धान्त सम्वन्धित छ ।

भाषा सिकाइलाई उत्तेजना र प्रतिक्रियाको समायोजन मान्ने सिद्धान्तलाई व्यवहारवादी सिद्धान्त भनिन्छ (पोखरेल र अन्य २०७० : २३) । व्यवहारवादी सिद्धान्तलाई मनोवैज्ञानिकहरूले जनवारहरूमा गरेका विभिन्न प्रयोगहरूमा आधारित भएर विश्लेषण गरिएको सिद्धान्त हो । यस सिद्धान्तको मान्यताअनुसार भाषा सिकाइ भनेको सिकारुहरूको वातावरण प्रतिको प्रक्रियाको परिणाम हो । सिकारुका लागि उसका वरिपरीका वातावरण वस्तु र अवस्थाहरू भाषा सिकाइका लागि उद्धीपक तत्त्वका रूपमा रहेका हुन्छन् र ती वातावरण, वस्तु र अवस्थाप्रतिको प्रतिक्रिया देखाउनु नै सिकाइ हो भन्ने यस व्यवहारवादी सिकाइ सिद्धान्तको धारणा रहेको पाइन्छ । भाषिक प्रतिक्रियाको आवृत्ति जति धैरै पटक भयो, त्यतिनै सबल सिकाइ हुने भएकाले नियन्त्रित वातावरणको सिर्जना गरी नियन्त्रित किसिमको शिक्षण विधिहरूद्वारा सिकाइको वातावरणलाई उद्धीपक बनाइ राख्नु पर्दछ र विद्यार्थीहरूका विच एक अर्कोसँगको कार्यकलापहरू र क्रिया प्रतिक्रियाहरू पनि उद्धीपक बनाइ राख्नु पर्दछ । भाषाको दृष्टिकोणले  यस सिद्धान्तले अगाडि सार्दछ । भाषा सिकाइमा

उद्धिपकको वातावरण सिर्जना गर्न शिक्षकले विद्यार्थीहरूलाई बारम्बार प्रोत्साहन गरिरहनु पर्दछ, स्यावासी दिइरहनु पर्दछ । सवलीकृत परिस्थिति निर्माण गरिनुपर्दछ भन्ने यस सिद्धान्तले मान्यता राख्दछ (पौडेल, २०६७ : ३१) ।

यस सिद्धान्तले अरुले प्रयोग गरेका भाषालाई हेरेर, सुनेर वा भाषा प्रयोगका बारेमा व्याख्यान सुनेर भाषा सिकिने कुरामा विश्वास गर्दछ । साथै भाषा सिकेर सिकिने कुरा हो, यो स्वत : प्राप्त हुने कुरा होइन भन्ने विश्वास गर्दछ । यस सिद्धान्तका अनुसार भाषा सिकाइमा सम्बद्ध नकारात्मक प्रतिक्रियाहरू अथवा बेठिक प्रतिक्रियाहरू शिक्षकबाट दिइने नकारात्मक सवलीकरणद्वारा कम हुँदै जान्छन् र ठिक भाषिक प्रतिक्रियाहरू सकारात्मक सवलीकरणद्वारा प्रवल हुँदै जान्छन् । यस सिद्धान्तको मूल मान्यता अनुसार व्यक्तिले आफ्ना समझदारी र ज्ञानका भरमा स्वतन्त्र वा स्वछन्द रूपमा भाषा नसिकेर वातावरणको नियन्त्रणमा आवृत्तिमूलक अभ्यासमा नियन्त्रित भएर भाषा सिक्दछ ।

मनोवादी सिद्धान्तले भाषा बानीबाट होइन, संज्ञानात्म प्रक्रियाबाट सिकिन्छ र यो सहज स्वतन्त्र एवम् खुला वातावरणमा सम्पन्न हुन्छ भन्ने धारणा प्रस्तुत गरेको पाइन्छ । ज्ञानार्जनको मूल स्रोत मस्तिष्कमा अन्तर्निहत बृद्धिलाई  ठान्ने यस सिद्धान्तले भाषा सिकाइलाई यान्त्रिक नभइ सहज र अर्थपूर्ण ठान्दछ । अभ्यास र पुनरावृत्तिलाई यस सिद्धान्तले महत्व दिँदैन । यसले भाषा सिकाइ प्रक्रियालाई संज्ञानादी दृष्टिकोणले आर्जन गरिनुपर्छ भन्ने ठान्दछ । यसले सार्वभौम व्याकरणमा विश्वास गर्दछ । मनोवादी सिद्धान्तले बालकमा रहेको भाषिक संयन्त्र निश्चित उमेरमा सक्रिय हुन्छ र त्यसपछि कम सक्रिय हुन्छ भन्ने मान्दछ । यसले भाषाका आन्तरिक र बाह्य गरी दुई वटा संरचना हुने मानेको छ र आन्तरिक संरचनाका तहमा सबै भाषाहरू समान हुने ठानेको छ । यसमा निगमनात्मक प्रकृतिको शिक्षण विधि प्रयोग गरिन्छ । यसले सिकाइमा वैयक्तिक भिन्नतालाई जोड दिन्छ । यो रूपान्तरण व्याकरणसँग सम्बन्धित छ ।

यस सिद्धान्तले भाषा सिकाइमा बाह्य वातावरणको प्रभाव पर्ने कुरालाई स्वीकार गरेको छैन । साथसाथै यसले अभ्यास र पुनरावृत्तिलाई पनि जोड दिएको छैन । यसले योजनावद्ध सिकाइ क्रियाकलापलाई बेवास्ता गरेको छ (भण्डारी, २०७३) ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन

अनुसन्धान गहन र जटिल कार्य हो । यस्ता जटिल कार्यलाई सरल र सहज बनाउन यो भन्दा अगाडिका यस्तै विषयसँग सम्वन्धित खोज अनुसन्धान सम्बन्धी प्रकाशित कृतिहरूलाई आधार मान्नु आवश्यक हुन्छ । पूर्वकार्य अन्तर्गत प्रस्तुत शोधकार्यको शीर्षकसँग सम्बन्धित विषयवस्तुमा त्यो भन्दा पूर्व अनुसन्धान भएको भए त्यसको सकारात्मक पक्षहरूलाई कार्य अगाडि बढाउनुमा नै यो शोध कार्य केन्द्रित रहने भएकाले त्यससँग सम्बन्धित भएका चित्रहरूको अनुसन्धानको पुनरावलोकन निम्नानुसार गरिएको छ ।

खड्का (२०५९) द्वारा 'कक्षा ६ को नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन' शीर्षकमा अध्ययन भएको पाइन्छ । उक्त अध्ययनमा कक्षा ६ को नेपाली किताबमा समाविष्ट चित्रहरूको विशेषता ठम्याउनु, प्रयुक्त चित्रहरूको विश्लेषण गर्नु, चित्रको उपयुक्तता र पर्याप्तता पहिल्याउनु, पाठ्यपुस्तकका निम्ति छनोट गरिने चित्रहरूको बारेमा सुझाव दिनु जस्ता उद्देश्य राखिएको पाइन्छ । उक्त अध्ययनमा कक्षा ६ को पाठ्यपुस्तकका केही चित्रहरू उपयोगी र केही सिर्जनात्मक रहेपनि केही चित्र प्रयोजनीय हिसाबले अस्पष्ट केही चित्र विषयवस्तु अनुकूल रहेका निष्कर्ष निकालिएको छ । त्यसैगरी उक्त अध्ययनमा चित्र प्रयोग गर्दा विभिन्न रङ्गको प्रयोग गर्नुपर्ने, सबै साँस्कृतिक, जाति, क्षेत्र, वर्ग, लिङ्गको प्रतिनिधित्व हुने खालका चित्र समावेश गर्नु पर्ने विषयवस्तुले नमागेका असान्दर्भिक चित्र नराख्नुपर्ने जस्ता सुझावहरू दिइएको पाइन्छ ।

पाण्डे (२०६४) द्वारा 'कक्षा ९ को नेपाली किताब (२०६४) मा समाविष्ट चित्रहरूको अध्ययन' शीर्षकमा अध्ययन गरिएको छ । उक्त अध्ययनमा कक्षा ९ को नेपाली किताबका चित्रहरूको विभिन्न आधारमा विश्लेषण गर्नु, पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको प्रासङ्गिकता पत्ता लगाउनु र पुस्तक लेखक, सम्पादकलाई उपयुक्त सुझाव दिनु जस्ता उद्देश्य राखी शोध अध्ययन गरिएको पाइन्छ । उक्त अनुसन्धानमा व्याख्या विश्लेषण विधि र पुस्तकालयीय विधिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । यस अनुसन्धानमा कतिपय पाठमा विषयवस्तुसँग सम्बन्धित चित्रले विषयवस्तु कै व्याख्या गर्न नसकेको धेरैजसो पाठका चित्रहरू पाठ प्रयोजनका दृष्टिले उपयुक्त रहेका, आवश्यकताका दृष्टिले यस किताबमा पाठमा भएका सम्पूर्ण चित्रहरू आवश्यक रहेका निष्कर्ष निकालिएको छ ।

उक्त अध्ययनमा चित्रमा रङ्गको प्रयोग गर्नुपर्ने, पाठमा समाविष्ट चित्रहरूले सम्पूर्ण पाठ्यपुस्तको प्रतिनिधित्व गर्न सक्नु पर्ने, जीवनी विद्यामा राखिएका चित्रहरू हेर्दा आकर्षक नभएकाले तिनीहरूलाई सुधार गर्नुपर्ने साथै बनोटका आधारमा चित्रहरूलाई विषयवस्तुको वास्तविक मर्म झल्कने गरी चित्रहरू समावेश गर्नुपर्ने सुझाव दिइएको छ ।

दुलाल (२०६७) द्वारा 'कक्षा ७ को नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन' शीर्षकमा अध्ययन भएको पाइन्छ । उक्त अध्ययनमा कक्षँ ७ को नेपाली किताबमा समावेश गरिएका चित्रहरूलाई विषयवस्तु, रखाइ र बनोटका आधारमा वर्गीकरण गर्नु, विद्यार्थीहरूको उमेर, रुचि, मानसिक स्तरका दृष्टिले उपयुक्तता पहिल्याउनु जस्ता उद्देश्य राखेर शोध गरिएको छ । उक्त अध्ययनमा द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरी व्याख्या, विश्लेषण विधिलाई प्रमुख विधिका रूपमा लिइएको छ । यस अनुसन्धनमा रखाइका दृष्टिले चित्रहरू उपयुक्त रहेका, चित्रहरू छपाइका हिसाबले त्यति आकर्षक र प्रभावकारी नरहेको निष्कर्ष निकालिएको छ । उक्त अध्ययनमा सबै परिवेश झल्कने चित्रहरू राख्नुपर्ने, चित्रमा फरक-फरक रङ्गको प्रयोग गर्नुपर्ने, बनोट अनुसार स्पष्ट हुनुपर्ने क्रम ढाँचा मिलेनको हुनु पर्ने र विद्यार्थीहरूमा सकारात्मक छाप पर्ने खालका चित्रहरू समावेश गर्नुपर्ने जस्ता सुझाव दिइएको छ ।

पाठक (२०७२) द्वारा 'कक्षा चारको हाम्रो नेपाली किताबमा समाष्टि चित्रहरूको सान्दर्भिकताको अध्ययन शीर्षकमा अध्ययन भएको पाइन्छ । यस शोधपत्रमा कक्षा ४ को मेरो नेपाली किताबमा समाष्टि चित्रहरूको अध्ययन, चित्रहरू शैक्षिक र मनोवैज्ञानिक पक्षका दृष्टिले अध्ययन गर्नु, विद्यार्थीहरूलाई पढाइप्रति पार्ने प्रभावको अध्ययन गर्नु जस्ता उद्देश्यहरू राखेर शोध गरिएको छ । उक्त अध्ययनमा पुस्तकालयीय र व्याख्या विश्लेषण विधिलाई प्रमुख विधिका रूपमा लिइएको छ । यस अनुसन्धानमा चित्रहरू विषयवस्तु सुहाउँदो आकार प्रकारका हिसाबले मध्यम रहेको, छपाई प्रविधिको हिसाबले कमजोर रहेको, त्यति आकर्षक नरहेको, चित्रमा पनि लिङ्गगत पक्षपात रहेको निष्कर्ष निकालिएको छ । उक्त अध्ययनमा चित्रमा फरक, फरक रङ्को प्रयोग गर्नुपर्ने, बनोट अनुसार स्पष्ट हुनुपर्ने चित्र रखाइ मिलेको हुनुपर्ने, विद्यार्थीमा सकारात्मक छाप पर्ने खालका चित्रहरू समावेश गर्नुपर्ने जस्ता सुझाव दिइएको छ ।

पुरी (२०७५) द्वारा 'कक्षा पाँचको मेरो नेपाली कितावमा समाविष्ट चित्रहरूको सान्दर्भिकताको अध्ययन शीर्षकमा शोधकार्य गरिएको छ। उक्त अध्ययनमा कक्षा पाँचको नेपाली किताबमा समावेश गरिएको चित्रहरूको अध्ययनमा शैक्षिक र मनोवैज्ञानिक पक्षका दृष्टिले अध्ययन गरिनु, विषयवस्तु, रखाई र बनोटका आधारमा वर्गीकरण गर्नु, विद्यार्थीहरूलाई पढाइप्रति पार्ने प्रभावको अध्ययन गर्नु, जस्ता उद्देश्यहरू राखेर शोध गरिएको पाइन्छ। उक्त अध्ययनमा पुस्तकालीय र व्याख्या विश्लेषण विधिलाई प्रमुख विधिका रूपमा लिएको पाइन्छ। यस अनुसन्धानमा चित्रहरू विषयवस्तु सुहाउँदो आकार प्रकारका हिसावले मध्यम रहेको, त्यति आकर्षक नरहेको निष्कर्ष निकालिएको छ। उक्त अध्ययनमा चित्रहरू विषयवस्तु सुहाउँदो प्रकारको, आकर्षक स्पष्ट हुनु पर्ने सुझाव दिइएको पाइन्छ।

समग्रमा भन्नुपर्दा यस्तै विभिन्न व्यक्तिहरूले विभिन्न मितिहरूमा, विभिन्न विषय र समस्यामा रहेर शोधकार्यहरू गरेतापनि नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित कक्षा तीनको 'मेरा नेपाली' किताबमा समाविष्ट चित्रहरूको अध्ययन गरिएको पाइएन। तसर्थ प्रस्तुत समस्यामा आधारित रहेर यस शोधकार्यलाई प्रस्तुत गर्ने जमर्को गरिएको छ।

## २.३ पुनरवलोकनको उपादेयता


माथि उल्लेखित शोधपत्रहरू र पुस्तकहरूको समीक्षाको आधारमा यस विषयसँग सम्वन्धित अनुसन्धान तथा लेखहरूमा पाठ्यपुस्तकको तुलनात्मक अध्ययन सम्बन्धी भनिएको कुरालाई सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ। यस विषयमा उल्लेखित अध्ययनहरूको प्रस्तुत शोधकार्य सम्पन्न गर्न सहयोग पुऱ्याएका छन्। शोधपत्र तयार गर्दा सैद्धान्तिक साहित्य र सम्बन्धित साहित्यको पुनरवलोकनद्वारा शोधशीर्षक सम्बन्धी सैद्धान्तिक ज्ञान हासिल गर्न सहयोग पुगेको छ। आफ्ना विचारहरूलाई सान्दर्भिक र प्रमाणिक बनाउन तथ्यहरू उपलब्ध हुने भएकोले गर्दा शोधपत्र गहकिलो र कसिलो बन्न पुगेको छ।

पहिले गरिएका खोज अध्ययन अनुसन्धानद्वारा समस्याहरू राम्ररी बुझ्न, विश्लेषण गर्न र शीर्षक छनोट गर्न सहयोग पुगेको छ। अनुसन्धानलाई उपलब्धिमूलक बनाउन नवीन धारणाको पहिचान गर्न र नयाँ सिद्धान्तको खोजी गर्न समेत उपयोगी बन्न पुगेको छ। अनुसन्धान ढाँचा निर्धारण गरी उपयुक्त र अनुकूल उपकरणको छनोट गर्नका साथै पहिले

भएका अध्ययनहरूको विश्लेषण गर्न र भविष्यमा गर्न सकिने अनुसन्धानको क्षेत्रहरू पत्ता लगाउन सैद्धान्तिक र सम्बन्धित साहित्यको पुनरवलोकनले सहयोग पुऱ्याएकोछ ।

## २.४ सैद्धान्तिक अवधारणात्मक ढाँचा

यस शोधको सैद्धान्तिक अवधारणात्मक ढाँचा निम्नानुसार रहेको छ :




उपर्युक्त चित्रात्मक ढाँचाबाट प्रस्तुत शोध प्रस्तावमा कक्षा ३ को मेरो नेपाली कितावमा समाविष्ट चित्रहरूको अध्ययन गरिएको छ । कक्षा ३ को मेरो नेपाली किताबमा समावेश भएका पाठहरूमा चित्र भएकाले ती चित्रहरूलाई आन्तरिक र वाह्य गरी दुईवटा आधार र त्यसभित्र थुप्रै उपआधारहरू निर्माण गरी अध्ययन गरिएको छ । बाह्य आधार अन्तर्गत बनोट, दुरुस्तता र वास्तविक संख्यामा पर्याप्तता, चित्रको आकार, छपाइ, प्रविधि,

रखाइ र आकर्षण पर्दछन् भने आन्तरिक आधारमा विषयवसतु सुहाउँदो अमूर्त विचारलाई बुझाउन सार्थक स्वसिकाइलाई प्रवर्द्धन गर्ने आधारहरू पर्दछन् । यिनीहरूलाई छुट्टाछुट्टै विश्लेषण गरिने छ र अध्ययनबाट प्राप्त निष्कर्षको आधारमा आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ ।

परिच्छेद : तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा र विधि

शोध प्रस्ताव आफ्नै अङ्ग/उपाङ्ग भएको संरचना हो । त्यसैले शोधकार्य औपचारिक तथा व्यवस्थित कार्य हो । यसमा खास विषयसँग सम्बन्धित भएर अध्ययन गरिएको छ । स्पष्ट अध्ययन विधि विनाको शोधकार्य निरर्थक हुने हुँदा स्पष्ट अध्ययन विधिको प्रयोगले शोधकार्य सफल बनाउन उपयुक्त ढाँचाको आवश्यकता पर्दछ । प्रस्तुत शोधकार्यको लागि पूर्णतः गुणात्मक ढाँचाको पुस्तकालयीय तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्र

प्रस्तुत अध्ययनको विषयक्षेत्र चित्र हो । चित्रमा पनि कक्षा तीनको (३) को मेरो नेपाली किताव २०७५/०७६ मा समाविष्ट चित्रहरूको अध्ययन अनुसन्धनको मूल विषय क्षेत्र रहेको छ । त्यसैगरी पथरीशनिश्चरे नगरपालिकाका ३ वटा विद्यालयहरू श्री बालकल्याण मा.वि.पथरीशनिश्चरे ७, श्री किरातेश्वर मा.वि. पथरीशनिश्चरे ७, श्री रामजानकी आधारभूत विद्यालय पथरीशनिश्चरे ६ का विद्यालयहरूमा गई उक्त विद्यालयहरूका १०/१० जना छात्र, छात्राहरूसँग भेटी जम्मा ३ वटा विद्यालयका ६० जना विद्यार्थीहरूसँग स्थलगत अवलोकन गरी अध्ययन गरिएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका साधन र तरिका

यस शोधकार्यलाई प्रभावकारी तरिकाले विश्लेषण गरी निष्कर्षमा पुग्न विभिन्न विधि तथा पद्धतिको अवलम्बन गरिएको छ । यस शोधपत्रको सामग्री सङ्कलनका निमित्त पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । साथै पथरीशन्चिरे नगरपालिकाका ३ वटा विद्यालयहरूमा स्थलगत अवलोकन गरी ६० जना विद्यार्थीहरूका लागि नेपाली पाठ्यपुस्तकका चित्रसँग सम्बन्धित प्रश्नहरू निर्माण गरी विद्यार्थीहरूसँग परीक्षा लिएको छ र उत्तरपत्रहरू परीक्षण गरी ती नतिजाको विश्लेषण गरिएको छ ।

क) प्राथमिक सामग्री

प्रस्तुत शोधकार्य कार्यका लागि कक्षा ३ को नेपाली किताबको चित्रमा केन्द्रित रहेकाले कक्षा तीनको नेपाली किताबलाई प्राथमिक सामग्रीको रूपमा लिइएको छ। साथै कक्षा ३ का विद्यार्थीहरूलाई लिइएको चित्र सम्बन्धी परीक्षाको प्रश्न पत्र र उत्तरहरू पनि प्राथमिक सामग्री रहेको छन्।

ख) सहायक /गौण सामग्री

यस अनुसन्धानलाई पूर्णता दिन प्रस्तुत विषयक्षेत्रसँग सम्बन्धित लेखहरू तथा शोधपत्र तथा यस सम्बन्धी पूर्वकार्यहरू सम्पन्न गरेका विद्यार्थी र अन्य अग्रज व्यक्तिहरूको सल्लाह, सुझाव नै सहायक सामग्रीका रूपमा राखिएको छ।

## ३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत अध्ययनमा तथ्याङ्क सङ्कलन गर्न कक्षा तीनको पाठ्यपुस्तक, पुराना शोधपत्रको र अन्य चित्रसँग सम्बन्धित जानकारीमूलक पत्र पत्रिका, कितावहरूको अध्ययन गरिएको छ। त्यसैगरी पथरीशनिश्चरे नगरपालिकाका ३ वटा विद्यालयहरू श्री बालकल्याण मा.वि. श्री किरातेश्वर मा.वि. र रामजानकी आधारभूत विद्यालयमा गएर विद्यार्थीहरूसँग प्रत्यक्ष चित्रसम्बन्धी वस्तुगत र विषयगत प्रश्न निर्माण गरी परीक्षा लिइएको छ। विद्यार्थीहरूबाट आएको उत्तरपत्र परीक्षण गरी प्राप्त नतिजाको विश्लेषण गरिएको छ।

## ३.५ तथ्याङ्कको व्याख्या र विश्लेषण

यस शोध कार्य पुस्तकालयीय वर्णनात्मक, विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ। यस क्रममा यस विषयसँग सम्बन्धित लेख तथा पुराना शोधपत्रहरूलाई गौण स्रोतका रूपमा लिई यिनको आधारमा विश्लेषण गरिएको छ। त्यसैगरी विभिन्न विद्यालयहरूमा स्थलगत भ्रमण गरी विद्यार्थीहरूका प्रतिक्रियाहरू संकलन गरिएको छ।

परिच्छेद चार

# व्याख्या तथा विश्लेषण

## ४.१ चित्रको परिचय

चित्र शक्तिशाली हुन्छ । हजारौँ हजार शब्दले वर्णन गर्न नसकेको कुरालाई पनि एउटै चित्रले सरल र सजिलो तरिकाले बुझाउन सकिन्छ । हरेक पाठ्यपुस्तकमा चित्रको विशेष महत्व रहेको हुन्छ, अझ त्यसमा पनि भाषा पाठ्यपुस्तकमा भाषिक सिप विकासका लागि माध्यमिक तहभन्दा आधारभूत तहमा चित्रहरू तुलनात्मक रूपमा बढी उपयोगी एवम् महत्वपूर्ण हुन्छन् । विशेष गरी भाषा पाठ्यपुस्तकमा चित्रहरूका माध्यमले भाषिक अभ्यासमा सरिक हुन, सिकाइ उत्प्रेरणा वृद्धि गर्न, भाषिक ज्ञान र धारणाको विकास गर्न, पढ्न नसक्ने साना वालवालिकाहरूका लागि बोलाई सिपको विकास गर्न साथै अनुकरणात्मक सिपको विकास गर्न निक्कै मद्दत पुऱ्याएको हुन्छ ।

फोटोचित्र र रेखाचित्र गरी चित्रलाई दुई किसिमले विभाजन गर्न सकिन्छ । चित्र आफैँ बोल्छ भन्ने कथनले पनि पाठ्यपुस्तकमा चित्रको महत्व झल्किन्छ । यसबाट पाठ्यपुस्तकका उद्देश्यहरू पुरा गर्न चित्रको महत्वको पनि स्पष्ट हुन्छ । चित्र राख्नुको उद्देश्य बालबालिकाहरूमा चित्र कोर्ने बानीको समेत विकास गर्नु हो तर फोटो राखेर त्यो उद्देश्य पुरा गर्न त्यति सकिने देखिँदैन ।

### ४.१.१ चित्रको परिभाषा तथा अर्थ

नेपाली बृहत शब्दकोश (२०४०) ले चित्रको अर्थ प्रस्तुत गरेको छ जसलाई तस्विर, छापा, फोटो चित्रपट प्रतिमा आदि भनिएको छ ।

प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) ले लेखेर, कोरेर वा खिचेर बनाइएको कुनै वस्तुको रूप वा आकृति तस्विर फोटोलाई चित्र भनेर अर्थ्याएको छ ।

### ४.१.२ भाषा पाठ्यापुस्तकमा चित्रको स्थान

भाषा पाठ्यपुस्तकमा चित्रको अत्यान्त महत्वपूर्ण स्थान हुन्छ । कुनै पनि नवीन विषयवस्तु वा दृश्यावलीहरू सम्बन्धी धारणा बसाल्न सूक्ष्म दृष्टिकोण बृद्धि गर्न, वर्णात्मक

क्षमता विकास गर्न अनुकरणात्मक सिप र कलाको समेत प्रवर्द्धन गर्न भाषा पाठ्यपुस्तकमा चित्र कम उपयोगी हुने चाँहि होइनन् तर सामाजिक अर्थशास्त्र, गणित आदि विषयको तुलनामा भाषा पाठ्यपुस्तकमा चित्र बढी उपयोगि हुन्छन् । विषयवस्तुले, बुझाउन खोजेका कुराहरूलाई धेरै शब्दहरूले वर्णन गर्नुभन्दा एउटै चित्र राख्नु भाषा सिकाइमा बढी प्रभावकारी हुन्छ । सबै मानिसको बौद्धिक क्षमता एकै किसिमको नहुने भएकाले शिक्षण सिकाइमा सबै विद्यार्थीले समान तरिकाले सिकाई उपलब्धी हासिल गर्न असमर्थ हुन्छन् । कोहि विद्यार्थीले विषयवस्तु पढेर त्यसले दिन खोजेका कुरा आफै शिक्षकको सहायताविना पढेर नै बुझ्न सक्दछन् भने कसैलाई व्याख्या, विश्लेषण, चित्र प्रस्तुति गरेर तथा प्रयोगात्मक तरिकाले सिकाउँदा पनि बुझ्न सक्दैनन् । यसरी कोही तीक्ष्ण बुद्धिका हुन्छन् भने कोही विद्यार्थी मध्यम तथा कोही मन्द बुद्धिका हुन्छन् ।

### ४.१.३ चित्रहरूको प्रयोजन

विद्यार्थीलाई अक्षर वा शब्द शिक्षण गर्नु भन्दा पहिले चित्रको माध्यमबाट सिकाइप्रति आकर्षित गर्न चित्रको प्रयोग गरिन्छ । चित्रले व्यक्तिमा रहेको अन्तरनिहित प्रतिमा वा व्यक्तित्व विकासको सम्भावनालाई प्रस्फुटित गर्न मद्दत गर्दछ । त्यसैगरी पाठ्यविषयलाई सजिलैसँग बुझाउँन र भाषिक सामग्रीलाई प्रस्तुत गर्ने तथा बालकमा कुनै पनि कुरा सकेसम्म आफैले सिक्ने तथा शोध-खोज गर्ने प्रविधिको विकास गराउँन चित्रले मद्दत पुऱ्याउँछ ।

चित्रको प्रयोगले शिक्षार्थीले छिटो बुझ्दछन् । पाठ आकर्षक र रोचक बन्दछ । अमूर्त वस्तुलाई मूर्त बनाउँन पनि चित्रको प्रयोग हुन्छ ।

यसरी भाषा शिक्षण सिकाइमा विषयवस्तुलाई सजिलैसँग बुझाउन र भाषिक सामग्रीलाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्न र बालबालिकामा कुनै पनि कुरा सकेसम्म आफैले सिक्ने तथा शोध खोज गर्न तथा वर्णन, विश्लेषण गर्ने, प्रविृत्तिको विकास गराउन चित्रहरूको प्रयोग गरिन्छ ।

## ४.२ कक्षा तीनको मेरो नेपाली किताबमा प्रस्तुत चित्रहरूको अध्ययन

कक्षा तीनको मेरो नेपाली किताबमा १८ वटा पाठहरू १८ वटामा नै चित्रहरू समावेश गरिएको छ । पाठ-एक, पाठ -तेह्र, पाठ-पन्द्र र पाठ सोह्रमा एक-एकवटा मात्र

चित्रहरू रहेका छन् । त्यसैगरी पाठ १२ (बाह्र) मा २ वटा चित्रहरू रहेका छन् । त्यसैगरी पाठ पाच, पाठ सात, पाठ चौध, पाठ सत्र र पाठ अठारमा ३/३ तीन/तीन वटा चित्रहरू समावेश गरिएको छ । पाठ तीन र पाठ नौमा चार चार वटा चित्रहरू समावेश गरिएको छ । त्यसैगरी पाठ २ र पाठ ८ मा पाँच, पाँच वटा चित्रहरू रहेका छन् । यहाँ चित्रहरूका विश्लेषण गर्दा पाठको पृथकीकृत भन्दा एकीकृत विश्लेषणलाई आधार बनाइएको छ ।

### ४.२.१ बाह्य पक्षका आधारमा चित्रहरूको विश्लेषण

पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरूको वाह्य पक्ष अन्तर्गत चित्रको बनोट, दुरुस्तता र वास्तविकता, सङ्ख्यामा पर्याप्तता, आकार,। छपाइ प्रविधि, रखाइ आकर्षण जस्ता कुराहरू पर्दछन् जसको आधारमा कक्षा तीनको मेरो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरूको विश्लेषण निम्नानुसार गरिएको छ :

### ४.२.२ बनोट

बनोट भनेको पाठ्यपुस्तकको आकार प्रकारलाई बनोट भनिन्छ । शिक्षार्थी सबैले पाठ्य पुस्तक उत्तिकै जतन गर्छन भन्ने हुदैन । कम्तीमा एक शैक्षिक सत्रसम्म टिकाउ होस भन्ने दृष्टिले वाक्लो र बलियो कागजको आवरण पृष्ठ हुनु जरुरी हुन्छ । सकेसम्म आवरण पृष्ठ  पानी कागजले मोरेको (प्लाष्टिक कोटेट), आकर्षक र रङ्गीन हुनुपर्छ । सबै विषयका पाठ्यपुस्तक मध्ये भाषाकै पुस्तक पाठकले सबैभन्दा पहिले छनोट गर्न सक्ने किसिमको आकर्षक चित्र वा चित्रावलीद्वारा सजाइएको हुनु पनि जरुरी छ (ढकाल, २०७३ : ११७) ।

बनोटका आधारमा कक्षा ३ को मेरो नेपाली कितावमा प्रयुक्त चित्रहरुको अध्ययन गर्दा पथरी शनिश्चरे नगरपालिकाका तीनवटा विद्यालयहरु, श्री किरातेश्वर मा.वि. पथरीशनिश्चरे ७, श्री बालकल्याण मा.वि. पथरीशनिश्चरे ७ र श्री रामजानकी आधारभूत विद्यालयहरुमा विद्यार्थीहरुसँग अध्ययन र तथ्याङ्क संकलन गर्दा प्राय जसो विद्यार्थीहरुले नेपाली पुस्तकको बाहिरी आवरणमा रहेका चित्रहरुले पनि थप सहयोग गरेको पाइयो । त्यसैगरी बनोटका आधारमा १८ वटा पाठमा रहेका चित्रहरुको माध्यमबाट विद्यार्थीहरूलाई पठन पाठन गर्न र पाठ बुझ्न सहज भएको कुरा तथ्याङ्क संकलनबाट जानकारी पाइएको छ । बनोटका आधारमा ‘असल विचार’ कविताको चित्रमा अभिभावकले बालबालिकालाई असल विचार सिकाउदै गरेको चित्र स्पस्ट देख्न सकिन्छ । यसरी ढुङ्गाको खिचडी कथामा रहेका

पाँच वटा चित्रहरूले बास माग्न आएको, ढुङ्गाको खिचडी पकाएर खाएको स्पष्ट देख्न सकिने कुरा चित्रको बनोटका आधारमा ६० जना विद्यार्थीसँग गरिएको सर्वेक्षणले देखाएको छ । त्यसैगरी 'म को हुँ?' प्रवन्धमा रहेका ४ वटा चित्रहरू बनोटका आधारमा स्पष्ट राम्रोसँग देख्न र बुझ्न सकिने किसिमका छन् । यहाँ पहिलो चित्रले पानीलाई चिनाउन र उपयोग गर्न सिकाएको छ, भने दोस्रो चित्रले प्राकृतिक वनस्पतिलाई पनि पानीको आवश्यकता रहेको कुरा स्पष्ट देख्न सकिने कुरा विद्यार्थीले बताएका छन् । त्यस्तै तेस्रो र चौथो चित्रले प्रकृतिमा आकाशबाट धर्तिमा पानी परेको र पुनः पृथ्वीबाट वास्पिकरण भई बाढलमा परिर्णत भई पुनः पानी परेर प्रकृतिलाई बचाएको कुरा स्पष्ट देखाउनका साथै पृथ्वीमा पानी पर्ने प्रक्रिया समेत स्पष्ट देखिएको कुरा ६० जना विद्यार्थीहरूसँग गरिएको सर्वेक्षणमा ५२ जना विद्यार्थीले बताएका छन् ।

बनोटका आधारमा 'किताब' कवितामा समाविष्ट चित्रहरूको अध्ययनमा चारैतिर छरिएर राखिएका किताबहरू र सबै किताबहरूको पाना पल्टिएका किताबहरूको चित्र समावेश भएकाले कक्षा ३ का बालकालिकाहरूको बाल मनोविज्ञानमा किताबलाई हेर्ने दृष्ट्रिकोण र किताबलाई सुरक्षित राख्ने बानीको सोचमा परिवर्तन आउने छ भन्ने विद्यार्थीसँग गरिएको सर्वेक्षणबाट अनुमान गर्न सकिन्छ । त्यसैगरी 'अनौठो परीक्षा' कथामा प्रयुक्त तीन वटा चित्रहरू नै कथाको कथावस्तु अनुसार बालबालिकाहरूले बुझ्न सक्ने खालका देखिन्छन् र प्राय विद्यार्थीहरुले चित्र अनुरूप पाठलाई बुझेको वताएका छन् । यसैगरी 'हाटबजार' संवादमा रहेको हाट बजार लागेको चित्रले बालबालिकाहरूले हाट बजार संवाद बुझ्न सजिलो र स्पष्ट बनाएको छ । हाट बजारको चित्रले जम्मा ६० जना विद्यार्थीको अध्ययनमा ५० जना विद्यार्थीले स्पष्ट बुझेको मत राखेका छन् । 'खेतिवाल' कवितामा रहेका तीनवटा चित्रहरूले मात्र खेती र खेतीवाललाई स्पष्ट चिनाउन नसक्ने भएको विद्यार्थीहरूसँग गरिएको सर्वेक्षणबाट प्रस्ट हुन आउछ यहाँ बाली पाकिसकेका गहुँ र धानको मात्र चित्रले कक्षा ३ का कलिला बालकालिकाले खेतीबाल र खेतीलाई नचिन्ने भएकोले यि चित्रहरूसँग बाली रोप्दै गरेको र फल्दै गरेको चित्रहरू समावेश गरेर थप खेतीवाललाई चिनाउनु पर्ने देखिन्छ । पथरी शनिश्चरे नगरपालिकाका ६० जना विद्याथर्जीहरूसँग गरिएको सर्वेक्षणमा ३० जना विद्यार्थीहरूले मात्र खेतीवाल कविताको चित्रले खेतीलाई र खेतीवालको परिचयलाई बुझेको जनाएका छन् भने ३० जना विद्यार्थीले यस कवितालाई चित्रका आधारमा नबुझेको जनाएका छन् ।

यसैगरी चित्रहरूको बनोटका आधारमा नयाँ वर्षको उपहार कथालाई अध्ययन गर्दा कथामा रहेका पाँचवटा चित्रहरू कथाको विषयवस्तुसँग मिल्दाजुल्दा रहेका छन् र सबै चित्रहरू प्रसङ्गअनुसार स्पष्ट रहेका छन् । सबै कक्षा ३ का विद्यार्थीहरुले कथाको प्रसङ्गअनुसार चित्रहरु स्पष्ट र बुझिने रहेको बताएका छन् । पाठ ९ को 'खेर नफालौँ' प्रवन्धमा रहेका चारवटा चित्रहरू बनोटका आधारमा स्पष्ट रहेको छ । पहिले चित्रमा खानेकुराका चित्रहरूले पाठअनुसार बालबालिकाहरूलाई राम्रो सन्देश दिएको छ भने अन्य ३ वटा चित्रहरूले पनि पैसा, शक्ति र समयलाई खेर फाल्न हुन्न भन्ने सन्देश मूलक सिकाइ गर्न सहयोग पुऱ्याएको विद्यार्थीहरुसँग गरिएको सर्वेक्षणले जनाएको छ । 'नेपाली कवितामा रहेको झन्डा रहित चित्रले नेपालको पहिचानलाई ध्यान दिएर चित्र निर्माण गरिएकोले यो चित्रले नेपाललाई चिनाउन सहयोग पुऱ्याएको छ । त्यसैगरी कक्षा ३ का कलिला बालबालिकाले कविताको भावले मात्र नेपालीको पहिचान बुझ्न गाह्रो पर्ने हुनाले झन्डा रहितको चित्रले बालबालिकाहरुलाई कविता बुझ्न थप सहयोग गरेको सर्वेक्षणबाट प्रस्ट भएको छ ।

यसैगरी 'महाकवि देवकोटा' जीवनीमा रहेको देवकोटाको चित्रले जीवनी बुझ्नलाई सहयोग पुऱ्याएको छ । यो चित्र स्पष्ट बुझ्न सकिने रहेको छ । 'अचम्मको कुरा' संवादमा रहेका २ वटा चित्रहरू स्पष्ट रहेका छन् । त्यसैगरी 'घामछाया' कवितामा रहेको चित्रले घाम र छायाको सम्बन्ध स्पष्टसँग चित्रबाट देखाएकाले बालबालिकाहरूलाई कविता बुझ्न सरल र सहज बनाएको छ । बाँदर र गोही कथामा समाविष्ट रहेका तीनवटा चित्रहरू मध्ये २ चित्र बनोट सुहाउदो र आकर्षक रहेको छ । दोस्रो चित्र र तेस्रो चित्र कथा अनुसार बुझ्ने स्पष्ट देखिन्छ भने पहिले चित्रमा गोही नै हो भन्ने कुरा स्पष्टसँग नरहेको विद्यार्थीहरूसँग गरिएको सर्वेक्षणले जनाएको छ । त्यसैगरी 'सगरमाथा प्रवन्धमा रहेको सगरमाथाको चित्र स्पष्ट र चित्र हेर्दा नै सगरमाथा बुझ्ने खालको रहेको छ । सर्वेक्षणको क्रममा ६० जना विद्यार्थी मा ५० जना विद्यार्थीले जनाएका छन् । चित्रको बनोट पनि पाठ सुहाउँदो रहेको बताएका छन् ।

त्यसैगरी चित्रहरूको बनोटको आधारमा 'सानु छ है सानु' कवितामा समाविष्ट चित्रको अध्ययनमा सुन्दर पहाडी हरियाली गाउँको सानु घरको छानो देखिएको चित्र स्पष्ट र ुन्दर रहेको छ । यस चित्रको माध्यमबाट बालबालिकालाई कविताको भाव बुझ्न निकै

सजिलो बनाएको छ । त्यसैगरी वीरमानका दिन फर्किए प्रबन्धमा तीनवटा चित्रहरू स्पष्ट र बनोटका हिसाबले बालबालिकाले बुझ्न सक्ने खालका र सन्देशमूलक रहेका छन् । कक्षा तीनमा प्रयुक्त पाठहरू मध्ये अन्तिम वा अठार औं पाठ 'छट्टु बटुवा' कथामा रहेका तीनवटा चित्रहरू पाठ अनुसार चित्रको बनोट स्पष्ट सुहाउदो र बुझ्न सक्ने खालका रहेको विद्यार्थीहरूसँग गरिएको सर्वेक्षणबाट प्रस्ट हुन आउँछ ।

### ४.२.३ दुरुस्तता र वास्तविकता

पाठ्यपुस्तकमा उपयोगमा ल्याइने चित्रहरूलाई दुरुस्तै तथा वास्तविक रूपमा प्रयोग गर्नु उचित हुन्छ । उमेर, पैसा, लिङ्ग आदि आधारमा उक्त चित्रहरू वास्तविक हुनु जरुरी छ । यस आधारमा 'असल विचार' कवितामा रहेको एक मात्र चित्रमा वास्तविकताको अभाव खड्किएको भएता पनि उक्त चित्रमा रहेका अभिभावकहरूले आफ्ना सन्तानलाई असल विचार सिकाउँदै गरेको र वच्याहरूले वालवालिकाहरूले असल विचार लिदै/सुन्दै गरेको देखिदा चित्रको दुरुस्तता भने प्रस्टै देखिन्छ । त्यस्तै 'ढुङ्गाको खिचडी' कथामा समावेश गरिएको चित्र हेर्दा वास्तविक देखिन्छ । यस कथामा नै कथाको विषयवस्तुलाई व्याख्या गरेको छ । कथाको पहिलो चित्रले एक जना बटुवा एउटी बुढीको घरमा बास माग्न आइपुगेको दुरुस्त देख्न सकिन्छ । त्यसैगरी दोस्रो चित्रले बटुवाले ढुङ्गो पकाएर खान्छु भनेर बुढीलाई ढुङ्गो देखाएको चित्र वास्तविक देखिन्छ । त्यसैगरी तेस्रो, चौथो र पाँचौ चित्रले बटुवाले बुढीलाई जिल्याउदै (छक्याउदै) ढुङ्गो पकाउछु भन्दै खिचडी पकाएको चित्रबाट वास्तविकता झल्किन्छ । 'म को हु ?' प्रवन्धमा रहेको पहिलो चित्रमा पानीर्ला चिनाउन धाराामा पानी खसिरहेको र सानी बालीकाले पानी चलाई रहेको देखिन्छ र पानीलई चिनाउन र उपयोग गर्ने सिकाएको दुरुस्त देखाएको छ । त्यसैगरी दोस्रो चित्रले प्राकृतिक वनस्पतिलाई पानीको आवश्यकता रहेको कुरा फूल, विरुवामा पानी हाल्दै गरेको चित्रले पानीलाई चिनाएको छ । त्यसैगरी तेस्रो र चौथो चित्रले प्राकृतिक वनस्पति, जीवजन्तु र मानवलाई पानीको आवश्यकता चित्रमा वास्तविक रूपमा देखिन्छ । यस चित्रमा आकाशबाट पृथ्वीमा पानी परेको र पुन पृथ्वीबाट वास्पिकरण भइ बादलमा परिवर्तन भई पुन आकाशबाट परेर प्रकृतिका वनस्पति, जीवजन्तुलाई बचाएको कुराले पानीको परिचय स्पष्ट देखाउनका साथै पृथ्वीमा पानी पर्ने प्रक्रिया समेत यी चित्रहरूले स्पष्ट देखाएर पानीको आफ्नो परिचय दिएको विद्यार्थीहरूसँग गरिएको सर्वेक्षणले पनि देखाएको छ ।

त्यसै दुरुस्तता र वास्तविकताका आधारमा 'किताब' कविताको चित्रको अध्ययन गर्दा चारैतिर छरिएर रहेका र किताबको पन्ना/पाना, जतातते पल्टिएको किताबको चित्रले वास्तविक किताब सम्बन्धि सोचको अभाव खड्किएको र किताबको सुरक्षा गर्ने बानीको विकासमा नकरात्मक असर पो पार्ने हो कि भन्ने प्रश्न उठ्न सक्ने भएता पनि उक्त चित्रमा रहेका बालक र बालिकाले कुर्सीमा बसेर टेवलमा किताब राखेर पढीरहेको चित्र देखिदा उक्त चित्रले किताबको परिचय र किताब पढ्ने राम्रो बानीको सन्देश दिएको छ। यस चित्रमा चित्रको दुरुस्तता भने प्रस्टै देखिन्छ। पाठ ५ को अनौठो परीक्षा कथामा रहेका तीनवटा चित्रहरू रहेका छन्। उक्त कथा निकै पुरानो र यहाँ समावेश चित्रहरू पनि निकै पुरानो शैली र परिवेशलाई झल्काउने किसिमका रहेका छन्। यस कथाको तीनवटा चित्रहरू मध्ये पहिलो चित्रमा एउटा रुखको फेदमुनी एक जना गुरु र ६ जना चेलाचेलीहरू बसेर अनौठो परीक्षामा सामेल भएको देख्न सकिन्छ। चित्रमा गुरुले भनेको कुरा सबै चेलाचेलीहरूले ध्यानपूर्वक सुनिरहेको चित्र रहेको छ। चेलाचेलीहरूले गुरुको आज्ञामा समर्थन गरेको कुरा वास्तविक देखिन्छ। त्यसैगरी दोस्रो चित्रमा गुरुले सबै चेलाचेलीहरूलाई मद्धत मागेको कुरा प्रष्ट देख्न सकिन्छ र उक्त गुरुको आज्ञा सबै चेलाचेलीहरूले मान्न तयार भएको तर एकजना चेलीले भने टाउको निहुराएर गुरुले भनेको आज्ञा पालना गर्न नसक्ने कुरा सुनाउँदै गरेको चित्र दुरुस्त देख्न सकिन्छ। तेस्रो चित्रमा पनि रुखको फेदमा बसेका गुरु र चेलाचेलीहरू केही तल बसेको चित्र देख्न सकिन्छ। एउटी चेलीले गुरुले भनेको जस्तो चोर्न जान नसक्ने तर मागेर भने ल्याउन तयार भएको दृश्य स्पस्ट देखिन्छ गुरुले पढाएका मध्ये ति एउटी चेली मात्र गुरुको अनौठो परीक्षामा सफल भएको चित्र देख्न सकिन्छ र सबै चेलाचेलीहरू अनौठो परीक्षामा फेल भएर टाउको निहुराएको चित्र दुरुस्तता र वास्तविक रहेको छ। पाठ ६ को 'हाट बजार' संवादमा रहेको चित्रमा दुरुस्तता र वास्तविकता प्रष्ट देख्न सकिन्छ। यस संवादमा रहेको चित्र हेर्ने विक्तिकै बालबालिकाहरूले हाट बजार हो भन्ने प्रष्ट थाहा पाउँछन्। हाटबजारमा मानिसहरूको चहलपहल विभिन्न खानेकुराहरू र मानिसलाई आवश्यक सामाग्रीहरू किनमेल गरेको दृश्य र सामानहरू विक्रि गरिदै गरेको दृश्य साथै पैसा दिएर सामानहरू किनमेल र लेनदेन गरेको दृश्यले नै प्रष्ट पर्दछ। हाटबजार हो भन्ने हाटबजारका माध्यमबाट आवश्यक सर-सामानहरू, लत्ता कपडा, आदि किन्न पाइने कुरा सजिलै वालवालिकाहरूले बुझ्न सक्ने चित्र रहेको देखिन्छ।

दुरुस्तता र वास्तविकताको आधारमा पाठ सातको ‘खेतीवाल’ कवितामा तीनओटा चित्रहरू रहेका छन् । पारसमणि प्रधानद्वारा लिखित यस कवितामा दिइएको पहिलो र दोस्रो चित्रमा फलेर पाकी सकेको धान बाली र गहुँ बालीको मात्र चित्र पेस गरेकाले खेती र खेतीवाललाई यि दुई चित्रले प्रष्टसँग चिनाउन सक्दैन । यहाँ कक्षा तीनका बालबालिकाहरूले खेती र खेतीबाललाई पाकेका बालीलाई मात्र दाज्ने भएकाले यि चित्रसँगै अन्य अन्नवाली, सब्जि वाली र फलफूल वाली रोप्दै, फल्दै र गोड्दै गरेको चित्रहरू पछाडी मात्र पाकेका बालिनालीको चित्रहरू राख्दा प्रस्ट हुन सक्छ । त्यस्तै खेतीवाल कविताको तेस्रो चित्रमा रहेको दृश्य वास्तविक र दुरुस्त देखिन्छ । यस चित्रमा एक जना पुरुष खेतमा हलो जोत्दै गरेको प्रस्ट देखिन्छ भने केही महिलाहरू धान रोप्दै गरेको देखिन्छन् । यो चित्रले खेतीवालको झलक दिन्छ । तर कक्षा ३ मा अध्ययनरत विद्यार्थीहरूको कलिलो मानसपटलमा यस चित्रले दिन खोजेको सन्देश फरक पर्न सक्ने अध्ययनले देखाएको छ । यो तेस्रो स्थानको चित्रलाई पहिलो स्थानमा राख्दा भने खेतीवाल कवितालाई केही प्रष्ट पार्न सहयोग पुऱ्याउने विद्यार्थीहरूसँग गरिएको अध्ययनबाट स्पष्ट हुन आउँछ ।

पाठ आठको ‘नयाँ वर्षको उपहार’ कथामा जम्मा पाँचवटा चित्रहरू समाविष्ट गरिएको छन् । पहिलो चित्रमा जापानको कुनै गाउँका दुई जना बुढाबुढीलाई देख्न सकिन्छ । उनीहरू दुवै जनाले एक अर्कालाई खुबै माया गरेको देखिन्छ र दुबै जना बसेर आ-आफ्नो काम गर्दै नयाँ बर्ष कसरी मनाउने भन्दै कुराकानी गरेको दुरुस्त देख्न सकिन्छ भने उनीहरूको भान्सामा एउटा भाडामा अलिक अनौठो तरिकाले आगोमा भाँडो झुन्डाएर केही खानेकुरा पाक्दै गरेको र बुढाले डोरी बाट्दै गरेको दृश्य वास्तविक र स्पष्ट देखिन्छ । त्यस्तै दोस्रो चित्रमा बुढो दाउरा बेच्न दाउराको भारी बोकेर सहर तिर लागेको दृश्य देखिन्छ र दाउरा नबिकेर मनमा कुरा खेलाउँदै घर तिर चिन्तित भई फर्किएको बेला एकजना बुँढासँग जम्का भेट भएको र दुबै जनाले कुराकानी गरेको दृश्यले चित्रको दुरुस्तता र वास्तविकतालाई देखाएको छ । त्यस्तै नयाँ वर्षको उपहार कथाको तेस्रो चित्रमा बुढाले र बुढाका नजिकै जिजोउसामाहरूका मूर्तिहरू लस्करै उभिएको दृश्य देख्न सकिन्छ भने बुढाले जिजोउसामाहरूलाई नमस्कार गरेको दृश्य र दाउरासँग छ्वालीका टोपी साटेर आफ्नो ढाडमा भिरेर बोकोको देख्न सकिन्छ र मूर्तिका टाउकामाथी हिउ र ऊ बुढा उभिएको भुइभरी हिउलाई देख्न सकिन्छ । बुढाले जिजोउसामाका मुर्तिहरूलाई दयाभावले हेरेको चित्र वास्तविक देखिन्छ । नयाँ वर्षको उपहार कथाको चौथो चित्रमा सतै ओटा मूर्तिहरू टोपि

लगाएर डिडेर बुढाबुढीको आगनमा आउँदै गरेको दृश्य देखाइएको छ । वरिपरि हिउ परेको र केही बोटविरुवाहरू पनि चित्रमा देख्न सकिन्छ भने ति मूर्तिहरूले आ-आफ्ना हातमा दाल, चामल, फलफूल, लत्ता कपडा बोकेको दृश्य प्रस्ट देख्न सकिन्छ । पाँचौ चित्रमा जिजोउसामाहरूले दयालु बुढाबुढीलाई नयाँ वर्षको उपहार छाडेर फर्किएको र ति मूर्तिहरू गएको बुढाबुढीले हेरिरहेको चित्र वास्तविक र दुरुस्त देखिन्छ ।

पाठ नौ को 'खेर नफालौँ' प्रवन्धमा समाविष्ट चारओटा चित्रहरू रहेका छन् । पहिलो चित्रले खानेकुरालाई देखाएको छ । हरिया सागसब्जि फुलफूल, दाल, भात, रोटी बिस्कुटका चित्रहरूले मानिसको शरिरलाई अति आवश्यक वस्तु खानेकुरा हो यसलाई खेर फाल्न हुँदैन भन्ने शन्देशमूलक चित्रले बालबालिकाहरूको खाना फ्याक्ने बानीलाई हटाई खानानको महत्व बुझाउन सहयोग गर्दछ । यो चित्रले वास्तविकता झल्काउछ । त्यसैगरी खेर नफालौँ पाठको दोस्रो चित्रमा पैसालाई देखाइएको छ । बालबालिकाहरूले पैसाको चित्रलाई स्पष्ट चिन्न र पैसाको महत्व बुझ्न र पैसालाई काम बिना खेर फाल्न नहुने कुरा चित्रबाट नै बुझ्न सक्ने रहेको विद्यार्थीहरूसँग गरिएको सर्वेक्षणले देखाएको छ । तेस्रो चित्रमा उर्जा र शक्तिको रूपमा दाउरामा आगो वालेको, घाम लागेको, मट्टितेल र बिजुलीको बल्वलाई देखाइएको छ । उक्त उर्जा र शक्तिलाई खेर फाल्न हुन्न भन्ने शब्देश दिएको छ । त्यस्तै चौथो चित्रमा समय देखाउन घडीको चित्र राखिएको छ । यस चित्रको माध्यामबाट समयलाई रोकेर रोकिदैन, जे कुरा पनि समयमा गर्नुपर्छ भन्ने शन्देश यो घडीको माध्यामबाट बालबालिकाले बुझ्ने भएकाले यस चित्रमा दुरुस्तता र वास्तविकता देखिएको छ ।

पाठ १० को 'नेपाली' कवितामा एउटा चित्र समाविष्ट रहेको छ । वन्द्रप्रसाद न्यौपानेद्वारा लिखित यस कवितामा रहेको चित्रमा नेपालीलाई चिनाउने नेपालको झण्डालाई राखिएको छ  र विश्वमा नेपालीलाई चिनाउने शान्तिप्रेमी बुद्धको तस्विर वास्तविक देखिएको छ साथै यस चित्रमा नेपालीलाई चिनाउने नेपालको राष्ट्रिय पोसाकमा रहेका एक पुरुष र डोको बोकेकी एक महिलाको चित्रले नेपालीको पहिचान झल्काएको छ । त्यसैगरी हिमालचुली, पाहाड, बोट विरुवा लगायत सम्पूर्ण कुराहरूले नेपालीलाई विश्वमाझ चिनाउने झल्को चित्रका माध्यमबाट दिएको देखिन्छ र यस चित्रका माध्यमबाट बालबालिकाहरूले नेपाली पहिचानलाई सजिलै बुझ्न सक्दछन् ।

पाठ ११ 'माहाकवि देवकोटा' जीवनीमा रहेको देवकोटाको चित्र वास्तविक रहेको छ । यस चित्रले देवकोटाको जीवनी पढ्नलाई र माहाकवि लक्ष्मीप्रसाद देवकोटा हुन भन्ने कुरा चिनाउन वालवालिकाहरूलाई सहयोग पुऱ्याएको छ ।

पाठ १२ 'अचम्मको कुरा' संवादमा दुइ ओटा चित्रहरू समाविष्ट रहेका छन् । पहिलो चित्र खासै स्पष्ट नदेखिएको विद्यार्थीहरूसँग गरिएको सर्वेक्षणले देखाएको छ । यस चित्रले वास्तविक कमिलाले कपडा लगाएको जस्तो नदेखिएर उक्त चित्रमा कुनै मानिस घोडामा चडेको जस्तो दृश्य देख्न सकिने विद्यार्थीहरूले जनाएका छन् । यो चित्रका माध्यमले कक्षा ३ मा अध्ययनरत बालबालिकाहरूले चित्रका माध्यमले संवाद बुझ्न निकै गाह्रो पार्न सक्ने देखिन्छ । त्यस्तै दोस्रो चित्र सुन्दर रहेको छ । यस चित्रमा वरिपरि रहेका मानिसको जमातले जता जस्तै देखिएको छ । वरीपरी जात्रा हेर्न आउने मानिसको भिड स्पष्ट बुझ्ने रहेको विद्यार्थीले बताएका छन् । चिनी कमिला र गोबर कमिलाको चित्र पनि प्रष्टसँग देखिएको छ । यो चित्रमा जात्रा हेर्न आएको मानिसहरू दुरुस्तै देखिएका छन् । यो चित्रका माध्यमबाट बालबालिकाहरूले जात्राका बारेमा प्रष्ट रूपमा शिक्षा पाएका छन् ।

दुरुस्तता र वास्तविकताको आधारमा पाठ तेह्रको 'घामछाया' कविताको अध्ययन गर्दा एउटा मात्र चित्र समाविष्ट रहेको देख्न सकिन्छ । उक्त चित्रको रङ आकर्षक र मनमोहक रहेको छ । चित्र सुन्दर हरियाली र आकर्षक देखिएको छ । उक्त चित्रमा पूर्वको घाम प्रष्टसँग देखिएको छ, घामदेखि केही तल वादल छ, वादल देखि केही तल पाहाडको सुन्दर नदिमा पानी छङ्,छङ बगेको दृश्यसँगै नदि किनारमा फूलेका फूलहरूको दृश्यले कक्षा तीनका बालबालिकाले चित्र हेर्ने बित्तिकै घाम र पृथ्वीमा भएका बोट बिरुवाले छाया बनाउने कुरा प्रष्टसँग बुझ्न र बयान गर्न सक्छन् । चित्रमा घामले जति-जति ठाउँ छोड्दै जान्छ त्यति त्यति छाया पनि सानो र ठूलो हुँदै जान्छ । घाम र छाया खेल्ने एक मिलनसार साथी हुन उनिहरू सधै बालापन झैं हाँसीखेली गर्छन भन्ने कुरा चित्रले बताउने भएकाले यो चित्र जीवन्त वास्तविक र दुरुस्त रहेको छ ।

पाठ चौधमा रहेको बादर र गोही कथामा तीनओटा कथाहरू समावेश छन् । उक्त चित्र खासै प्रष्ट र वास्तविक नभएको देख्न सकिन्छ । यस कथाको पहिलो चित्रमा नदि किनारको छेउमा एउटा ठूलो रुख देखाइएको छ । त्यही रुखमा एउटा बादर अङ्गुर जस्तै केही वस्तु हातमा लिएर बसेको दृश्य देख्न सकिन्छ भने पानीमा रहेको जन्तु गोही नभएर

हिलोमा बसेको सुगुरले मुन्टो ठाडो पारेर हेरे जस्तो देखिएको विद्यार्थीहरूसँग गरिएको अध्ययनले देखाएको छ । यो चित्र कक्षा ३ मा अध्ययन गर्ने कलिला बाल मानस्पटलमा बुझ्न धेरै गाह्रो पर्ने खालको रहेकाले यसको वास्तविकता र दुरुस्तता कम देखिन्छ । दोस्रो चित्रमा नदी स्पष्ट देखिएको छ, नदीको वरिपरी वनजङ्गल हरियाली सुन्दर देखिन्छ, नदिमा गोही र गोहीको ढाडमा बाँदर बसेर नदि तर्दै गरेको दृश्य वास्तविक र दुरुस्त रहेको छ । यस चित्रका माध्यमबाट बालबालिकाहरूले बाँदर र गोहीलाई प्रष्ट चिन्न सक्ने रहेको छ । त्यसैगरी बाँदर र गोही कथाको तेस्रो चित्रमा बाँदरले गोहीलाई जिल्याएको तस्विर छ, यहाँ बाँदरले रुखमाथिबाट तल पानीमा भएको गोहीतिर हेरेको र गोही जिल्लिएर नमर्स हुँदै पानीमा बसेर रुखमा रहेको बाँदर तिर फर्किएर रहेको दृश्य चित्र दुरुस्त र वास्तविक रहेको छ ।

पाठ पन्ध्र 'सगरमाथा' प्रवन्धमा एउटा चित्र समावेश गरिएको छ । उक्त चित्रले संसारको सबैभन्दा अग्लो हिमाललाई प्रष्टसँग चिनाउन सफल भएको छ । यो चित्रका माध्यमबाट बालबालिकाहरूले सगरमाथालाई प्रष्टसँग चिन्न सक्ने छन् ।

पाठ सोह्रमा 'सानु छ है सानु' कवितामा एउटा चित्र समाविष्ट रहेको छ । कृष्णप्रसाद पराजुलीद्वारा लिखित यस कवितामा रहेको चित्रमा सुन्दर पाहाडी गाउँले वातावरण स्पष्ट देखिन्छ । यहाँ सुन्दर हिमाल, पाहाड र निलो आकासको दृश्य मनमोहक रहेको छ । यस चित्रमा पाहाडको हरियाली खेतबारीको बिचमा सानो नयाँ घरको सुन्दर छानो देखिएको छ । घरबाट अलि तल खेतको डिलमा दुइजना महिला र पुरुष बाटो तिर फर्किएर एउटी सानी केटीले नमस्कार गरी चरणमा परेको दृश्य देख्न सकिन्छ । सानु नयाँ घरको छानु आफ्नो घर छाडेर कही कतै नजाने दृश्य आफ्नो घरबारी र पहाडी मनोरम दृश्यले स्पष्टसँग गाँउ परिभेष आफ्नो घर, आफ्नो खेतबारीमा रमाउन सक्ने भाव चित्रका माध्यमबाट वास्तविक आफ्नोपन देखिन्छ ।

पाठ सत्रमा 'वीरमानका दिन फर्किए' प्रवन्धको चित्रहरूको अध्ययन गर्दा तीन ओटा चित्रहरू समाविष्ट रहेका छन् । पहिलो चित्रमा वीरमानको आफ्नै वन जङ्गल हरियाली वातावरणलाई देखिन्छ । वरिपरी वन, जङ्गल, वन जङ्गलको बिचमा सुन्दर वीरमानको घर, घरबाट नजिकै खेतबारीको दृश्य रहेको छ । बीरमानले कोदालो हातमा लिएर खेतमा खन्दै गरेको दृश्यले वीरमानको मेहनतलाई छर्लङ्ग देखाउँछ । त्यस्तै दोस्रो चित्रको अध्ययन गर्दा

वनजङ्गल सबै रुख बिरुवाहरू काटेर सबै पृथ्वी नाङ्गै भएको उराट लाग्दो दृश्य देखिन्छ । वनजङ्गल केही नभएको मरुभूमि जस्तो स्थानको बिचमा एउटा रङ्ग उडिसकेको जस्तो घरको चित्र यहाँ देखिन्छ । चारै तिरबाट पहिलोले बगाउने स्थीति वास्तविक र दुरुस्त देखिन्छ । त्यस्तै गरी तेस्रो चित्रमा पहिरो गएको ठाउँमा सबै घर परिवार मिलेर बिरुवा रोप्न सुरु गरेको चित्र देख्न सकिन्छ । कसैले विरुवामा पानी हाल्दै गरेको दृश्य, कसैले प्लाप्टिकको थैलोमा विरुवा ल्याएर रोप्न ठिक्क पारेको चित्रले जमिन हरियाली हुँदै गरेको दृश्न सकिन्छ । पाखो जमिन हरियो देखिन थालेको र भुक्षय रोकिएको चित्रले दुरुस्तता र वास्तविकता देखिन्छ ।

कक्षा तीनको मेरो नेपाली किताबको अन्तिम तथा पाठ अठारमा ‘छट्टु बटुवा’ कथामा जम्मा तीनवटा चित्रहरू समाविष्ट गरिएका छन् । पहिले चित्रमा एकजना पुरुषले खेतबारीमा हलो जोतिरहेको देख्न सकिन्छ । ति पुरुषले खेत जोतेको ठाउँ वरपर केही रुख र बोटबिरुवाहरू हलो जोतेको खेतबाट अलि माथि डाँडामा एउटासानो तर सुन्दर घर देख्न सकिन्छ । त्यो चित्रले पाहाडी परिवेशको एक किसानको परिचय दुरुस्त देखाएको छ । त्यस्तै दोस्रो चित्रमा एउटा घरको आगमनमा एक महिलाले एक जना राम्रा लुगा कपडा र टोपी लगाएका बटुवा जस्ता पुरुषलाई हातमा पैसा दिएको चित्र दुरुस्त देखिन्छ । तेस्रो चित्रमा एक पुरुष चिन्तित मुद्रामा र एक महिला रुदै आखाबाट आसु झार्दै केहीकुराहरू सुनाउदै गरेको दृश्य छ । पुरुषले पनि महिलातिर हेर्दै केहीकुरा दुःखी हुँदै बोल्दै गरेको चित्रले वास्तविक देखाउँछ । उक्त चित्रमा छट्टु बटुवाले नयाँ गोरु बेचेको भनेर आफ्नै गोरुलाई कमेरो दलेर श्रीमतीलाई ठगेर पैसा लगेको चित्रले प्रष्ट पार्दछ । छट्टु वटुवाले किसान परिवारलाई ठगेर किसान परिवार दुःखी भएको दृश्य चित्रका माध्यमबाट पाठमा वास्तविक र दुरुस्त देख्न सक्ने विद्यार्थीहरूसँग गरिएको सर्वेक्षणले बताएको छ ।

### ४.२.४ सङ्ख्यामा पर्याप्तता

विषयवस्तुलाई बोध गर्न सक्ने गरी चित्र सङ्ख्या संयोजन गर्नुपर्दछ । चित्रहरू आवश्यकता भन्दा कम पनि हुनुहुँदैन र धेरै पनि हुनुहुँदैन । चित्रहरू विषयवस्तु अनुरूप सान्दर्भिक हुनुपर्दछ । सङ्ख्यात्मक हिसावले हेर्दा कक्षा ३ को मेरो नेपाली कितावमा प्रयुक्त जम्मा १८ वटा पाठहरुमा ४३ वटा चित्रहरू समावेश गरिएको पाइन्छ । कुनै पाठमा आवश्यकता भन्दा बढी सङ्ख्यामा चित्रहरू देखिन्छन् भने कुनै पाठमा आवश्यकता भन्दा

कम सङ्ख्यामा चित्रहरू देखिन्छन् । यस कितावमा रहेका पाठहरूका चित्रहरूमा सङ्ख्यात्मक हिसावले खासै मिलेको पाइदैन् ।

त्यस्तै असल विचार कवितामा एउटा चित्रको प्रयोग भएको छ । प्रस्तुत कविताको विषयवस्तु अनुसार प्रयुक्त चित्रहरू सङ्ख्यागत दृष्टिले अपर्याप्तता जस्तो देखिन्छ । यस कवितामा असल विचारको भाव प्रस्तुत गर्ने अर्को चित्र पनि समावेश भएको भए अझ उत्तम हुने थियो । यस चित्रमा केही अभिभावकहरूले बालबालिकाहरूलाई असल विचार सिकाउँदै गरेको चित्र देखिन्छ । चित्रका माध्यमबाट प्रस्तुत गरिएकाले सङ्ख्याका दृष्टिले केही कमी भएता पनि उपयुक्त नै मानिन्छ । यस्तै 'ढङ्गाको खिचडी' कथामा पाँचवटा चित्रहरूको प्रयोग गरिएको छ । यस कथामा रहेका चित्रहरू विषय वस्तु र कथाको प्रतिनिधित्व गरेको पाइन्छ । यस कथाका चित्रहरूको घर, बास माग्न आएको बटुवा लोभी बुढी लगायतका पात्रहरूको भेषभुषा लगायत ढुङ्गाको खिचडी पकाउन प्रयोग गरिएका सरसामानका भिडले आदि कुराहरू कथाको भाव अनुसार सङ्ख्यामा उपयुक्त तथा पर्याप्तताको जानकारी दिन्छन् ।

त्यसैगरी 'म को हुँ ?' प्रवन्धमा प्रयोग गरिएको चारवटा चित्रले पानीको विभिन्न रूपबाट प्रसस्तै परिचय दिएको छ । पानीको विभिन्न काम हुने कुरा जस्तो ठाउँमा राख्यो त्यस्तै हुने रूपको कारण पानीले आफ्नो अनौठो परिचय यस प्रवन्धमा चित्रका माध्यमबाट दिएको छ । यस पाठमा प्रयोग गरिएका चारओटा चित्रहरूमा पहिलोचित्रले धारामा पानी चलाइ रहेकी एक बालिका देख्न सकिन्छ । दोस्रो चित्रमा एक बालिकाले फूबारीमा जालीबाट पानी नै हालि रहेको देखिन्छ । भने तेस्रो चित्रमा पानी परेर पृथ्वीमा झरेको र सूर्यको तापले बाफ बनी पुनः पृथ्वीबाट आकासमा बादलमा परिर्णत भई पुन पानी परेर पृथ्वीका बोट विरूपा, जीवजन्तुलाई साहायता गरेको चित्र रहेको छ । चौथो चित्रमा पानीमा केटाकेटीहरू खेली रहेको चित्रले पानीको परिचयलाई प्रसस्त चिनाएको छ । यस म को हुँ, पाठमा संख्यात्मक हिसाबले चित्रहरू पर्याप्त रहेका छन् ।

'किताब' कवितामा एकमात्र चित्रको प्रयाग भएको छ । प्रस्तुत कविताको भाव अनुसार प्रयुक्त चित्रहरू संख्यात्मक दृष्टिले अपर्याप्तता जस्तो देखिन्छ । यस कवितामा मिलाएर राखिएका हेर्दा राम्रो झलक दिने खालका किताबहरूको थाक भएको चित्रलार्य यस पाठमा समावेश गर्न सके अझ उत्तम हुने थियो । यस पाठकै चिजमा एक बालक र एक

बालिका कुर्सीमा बसेर टेवलमा किताब राखेर पढीरहेको चित्रले किताबको राम्रो सन्देश दिएको देखिन्छ । सङ्ख्याका दृष्टिले केही कमी भएता पनि यस पाठको चित्र उपयुक्त नै भनिन्छ ।

अनौठो परीक्षा कथामा तीनवटा चित्रहरू समावेश गरिएको छन् । यसमा रहेका चित्रहरू कथा नै पुरानो भएकाले हुन सक्छ । पुरानो जमानाको अथवा निकै अगाडिको, चित्रहरू समावेश गरिएको छ । यी चित्रहरूले अहिलेको समय सन्दर्भलाई समेट्न नसक्ने देखिन्छ । अहिलेको समयमा विभिन्न महल-भवनमा मल्टि मिडियाबाट ज्ञान आर्जन गर्ने बानी परिसकेका बालबालिकाहरूलाई यि चित्रहरू अनौठो लाग्न सक्छ । यस पाठमा रहेका चित्रहरू समय सान्दर्भिक नभएता पनि चित्रको सङ्ख्यामा पर्याप्तता भने देख्न सकिन्छ । यहाँ पहिलो चित्रमा एकजना गुरु रुखको फेदमा अलिक अग्लो ठाउँमा बसेर तल भुइमा बसेका चेला चेलीहरूलाई अनौठो परीक्षा लिदै गरेको र चेलाचेलीहरूले गुरुको कुरामा समर्थन जनाएको देख्न सकिन्छ भने दोस्रो चित्रमा गुरुले दिएको आज्ञा पालना गर्न नसक्ने असहमतिले टाउको निहुराएर बसिरहेकी चेली र अन्य चेलाहरूलाई देख्न सकिन्छ । त्यस्तै तेस्रो चित्रमा गुरुको परिक्षामा एक जना मात्र पास भएको कुरा गुरुले बताए पछि सबै जनाले टाउको निहुराएको चित्रका माध्यमबाट देखाइएको छ ।

‘हाटबजार’ संवादमा एकमात्र चित्रको प्रयोग भएको छ । प्रस्तुत संवादमा रहेको एउटा चित्रले नै पर्याप्त सन्देश दिएको देख्न सकिन्छ । यो चित्र हेरेर बालबालिकाहरूले हाट बजारलाई सजिलै चिन्न सक्ने खालको प्रष्ट चित्र रहेको छ । हाटबजारमा मानिसको चहलपहल, किनमेल, बेच्ने र समान ल्याउने लाने मानिसहरूका माध्यमबाट बालबालिकाले सजिलै हाटबजारलाई बुभ्ने यस चित्रले देखाउँछ । यस पाठमा सङ्ख्यात्मक हिसाबले एक मात्र चित्र समावेश भएता पनि यसले चिनाउनु पर्ने भाव र शिक्षा पर्याप्त मात्रामा दिएको छ ।

खेतीवाल कवितामा तीनवटा चित्रहरू रहेका छन् । यस कवितामा खेतीवालको बारेमाचर्चा गरिएको छ ।यस कवितामा प्रयोग गरिएको चित्रहरूको केही तालमेल नमिलेको जस्तो देखिन्छ । यहाँ रहेका तीनवटा चित्रहरूले मात्र कविताको विषयवस्तुलाई सङ्ख्यात्मक रूपले समेट्न नसकेको देखिन्छ । यस कवितामा दिइएको पहिलो र दोस्रो चित्रमा पाकेको धान र गहुँको मात्र चित्र पेस गरेकाले खेती र खेतिवाललाई प्रष्ट पार्न नसक्ने कुरा

झल्किन्छ । यि चित्रहरूसँग अन्य चित्रहरू राख्न पनि आवश्यक देखिन्छ । यहाँ धान र गहुँ वालीसँगै अन्य तरकारी वाली अन्नवाली र फलफूल वाली रोप्दै, फल्दै र टिप्दै गरेको चित्रलाई थप्दा कविताको विषयवस्तु र भावलाई न्यायपूर्ण रहन्छ ।

सङ्ख्या पर्याप्तताका हिसाबले 'अध्ययन गर्दा नयाँ वर्षको उपहार' कथामा जम्मा पाँचओटा चित्रहरू समाविष्ट रहेका छन् । यस कथामा चित्रहरू सङ्ख्यात्मक दृष्टिकोणले पर्याप्त रहेको देखिन्छ ।

यस कथामा पाँचओटा चित्रहरूको पहिलो चित्रमा जापानको कुनै गाउँका दुइ जना बुढाबुढीलाई देख्न सकिन्छ । उनीहरू दुबै जनाले एक अर्कालाई खुबै माया गरेको देख्न सकिन्छ । दुवैजना बसेर कुराकानी गरेको देखिन्छ । त्यस्तै दोस्रो चित्रमा बुढो दाउरा बेच्न दाउराको भारी बोकेर सहर तिर लागेको चित्र देखिन्छ । दाउरा नबिकेर मनमा कुरा खेलाउँदै तिर लागेको बेला एक जना बुढासँग जम्का भेट भएको र दुवै जनाले कुराकानी गरेको दृश्यले पाठलाई न्याय गरेको देखिन्छ । त्यस्तै कथाको तेस्रो चित्रमा बुढा र जिजोउसामाका मूर्तिहरू लस्करै उभिएको दृश्य देख्न सकिन्छ भने बुढाले जिजोउसामाहरूलाई नमस्कार गरेको दृश्य र दाउरासँग छ्वालीका टोपी साटेर आफ्नो ढाडमा भिरेर बोकेको देखिन्छ । यो चित्रले कथाको विषयवस्तुलाई भित्रै देखि छोएको पाइन्छ । चौथो चित्रमा सात ओटा मूर्तिहरू बुढाले लगाइदिएका टोपी लगाएर हिडेर बुढाबुढीको आगनमा आउँदै गरेको चित्र देखिन्छ । वरिपरी हिउ परेको चित्र देखिन्छ र ति मूर्तिहरूले आ-आफ्ना हातमा दाल-चामल, फलफूल लत्ता कपडा बोकेको दृश्य प्रष्ट छ । पाँचौ चित्रमा जिजोउसामाहरूले दयालु बुढाबुढलाई नयाँ वर्षको उपहार छाडेर फर्किएको र ति मूर्तिहरू गएको बुढाबुढीले हरिरहेको चित्र रहेको छ । समग्रमा सङ्ख्या, आकारप्रकार र पर्याप्तताका दृष्टिले यी पाँच ओटै चित्रहरू पाठमा उपयुक्त छन् ।

'खेर नफालौँ' प्रवन्धमा समाविष्ट चित्रमा चार ओटा चित्रहरू रहेको छन् । पहिलो चित्रले खानेकुरालाई देखचाएको छ । हरिया साग सब्जि फलफूल, दाल, भात रोटी विस्कुटका चित्रहरूले मानिसको लागि शरिरलाई अति आवश्यक वस्तु खानेकुरा हो यसलाई फाल्न हुँदैन भन्ने सन्देशमूलक कुरा चित्रले दिएको छ । त्यसैगरी खेर नफालौ पाठको दोस्रो चित्रमा पैसालार्य देखाइएको छ । तेस्रो चित्रमा दाउरामा आगो बालेको, घाम लागेको, मट्टितेल र विजुलीको वल्वलाई देखाइएको छ । त्यसैगरी चौथो चित्रमा समय देखाउन

घडीको चित्र राखिएको छ । समग्रमा यस पाठमा संलग्न चित्रहरू सङ्ख्यात्मक यथार्थताका हिसावले अव्वल छन् ।

'नेपाली' कवितामा सङ्ख्याका हिसाबले एउटा मात्र चित्र रहेको छ । चित्र एउटा मात्र भएतापनि नेपालीलाई चिनाउने खालको रहेको छ । चित्रमा रहेको नेपालको झन्डा र बुद्धको चित्रले नेपाली कविताको भावलाई प्रस्ट्याउन सहयोग पुऱ्याएको छ ।

सङ्ख्यामा पर्याप्तताका आधारमा गरिएको अध्ययनमा माहाकवि देवकोटाको जीवनीमा एकमात्र चित्र रहेको छ । यस पाठमा रहेको देवकोताको फोटो चित्रले पाठको बोल र देवकोटाको जीवनीलाई भरपुर समेटेको छ । देवकोटाको चित्रले देवकोटाको जीवनी पढ्नलार्य बालबालिकालाई सहयोग पुऱ्याएको छ ।

'अचम्मको कुरा' संवादमा २ ओटा चित्रहरू समाविष्ट रहेका छन् । प्रसङ्ग सङ्ख्यात्मक रूपमा हेर्दा केही अस्पस्टता जस्तो पहिलो चित्रमा देखिन्छ भने दोस्रो चित्र विषयवस्तु अनुरूप सान्दर्भिक र स्पष्ट देखिन्छ । पहिलो चित्रमा गोबर कमिला र चिनी कमिलाको चित्र भनिएता पनि उक्त चित्रहरू कमिला जस्तो नदेखिएर झट्ट कुनै मानिस घोडामा चडेको दृश्य जस्तो देखिन्छ । भने दोस्रो चित्र सुन्दर रहेको छ । यस चित्रमा वरिपरि रहेका मानिसको जमातले जाता जस्तै देखिएको छ । चिनीकमिला र गोबर कमिलाले कपडा लगाएको भएता पनि कमिलाकै स्वरूपमा देखिएकाले यो चित्रले पाठको मर्मलाई बुझेको देखिन्छ । र पहिलो चित्रलाई सच्याउनु पर्ने देखिन्छ ।

'घामछाया' कवितामा एउटा मात्र चित्र समावेश गरिएको छ । यस कविताको चित्रमा घाम छायाको सुन्दर मनोरम वातावरणको दृश्य प्रस्तुत गरिएको छ । यो कवितामा रहेको चित्रको रङ आकर्षक र मनमोहक रहेको छ । चित्र सुन्दर हरियाली र आकर्षक देखिएको छ । उक्त चित्रमा पूर्वको घाम प्रष्टसँग देखिएको छ । घामदेखि केहीतल बादलको छाया छ, बादल देखि केही तल पाहाडको छाया, नदिमा, पानी छङछङ गरेको दृश्य र नदिकिरामा रहेका फूलहरू र बोट विरुवाका छायाहरू मिलि फूलमा रङ्ग भरेको दृश्यले घामछाया कवितालाई मनमोहक बनाएको छ । यस कविताको भावमा सुहाउने चित्र इङ्कित भएको छ ।

'बाँदर र गोही' कथामा तीनवटा कथाहरू समावेश रहेको छ । उक्त कथाको पहिलो चित्रमा भने विद्यार्थीको बुझाइमा अप्रप्याप्त रहने यो चित्रले पाठ सुहाउँदो अवस्था सङ्ख्यात्मक रपले पूर्ण रूप दिन नसक्ने जस्तो देखिन्छ । उक्त चित्रमा रहेको नदि किनारको छेउमा एउटा ठूलो रुख देखाइएको छ । त्यही रुखमा एउटा बाँदर अङ्गुर जस्तै केही वस्तु हातमा लिएर बसेको दृश्य देख्न सकिन्छ भने पानीमा रहेको जन्तु गोही हिलोमा बसेको सुगुरले टाउको ठाडो पारेर माथि हेरेको जस्तो देखिएकाले यो चित्रलाई सुधारगरी यस पाठमा राख्दा उपयुक्त हुने थियो कि/यहाँ रहेका दोस्रो चित्र र तेस्रो चित्रले यस पाठको मूलभावलाई पूर्णता दिएको छ । पाठ अनुसार चित्रहरू मिलेका रहेका छन् । सङ्ख्यात्मक दृष्टिले हेर्दा यस पाठमा रहेका चित्रहरूमा पहिलो चित्रलाई सच्याइएको खण्डमा चित्र पर्याप्त रहेको छ ।

'सगरमाथा' प्रवन्धमा एउटा चित्र समावेश गरिएको छ । उक्त चित्रले संसारको सबैभन्दा अग्लो हिमाललाई प्रष्टसँग चिनाएको छ । सङ्ख्यात्मक पर्याप्तताका आधारमा हेर्दा यो चित्र सङसँगै सगरमाथा हेर्न र आरोहण गर्न आउने र आरोहण गर्दै गरेका मानिसहरूको चित्रलाई पनि यस पाठमा समावेश गर्दा अझ सगरमाथालाई बालबालिकाहरू माझ बुझाउन चित्रले अझ सहयोग गर्नेथ्योकी ।

'सानु छ है सानु' कवितामा एउटा चित्र राखिएको छ । यस पाठमा रहेको एउटा चित्रले नै सानु छ है सानु कवितालाई बुझाउन ठूलो सहयोग गरेको देखिन्छ । कविताको भाव यस चित्रको माध्यमले छर्लङ्ग बताउन सक्ने देखिन्छ । चित्रमा सुन्दर पहाडी गाउँले वातावरण स्वास्थ वातावरण यस चित्रमा झल्किन्छ । यहाँ सुन्दर हिमालको छेउमा रहेको पाहाडी भु-भागमा रहेको सानु नयाँ घरको छानोलाई कवितामा उदृरित गरिएको देख्न सकिन्छ । यस चित्रमा कवितामा राखेको भाव अनुसार नै चित्रमा सानो नयाँ घर, देख्न सकिन्छ, त्यस्तै घरवरिपरि रहेको भिरालो, भिरालो जमिनमा आफ्नै पाखुरिले खन जोत गरी दानु छरी पाथी मानु फलाउने परिभमी मानिसलाई खेतको छेउमा देखिन्छ । काम गर्ने मान्छेलाई सम्मान गर्नुपर्छ भन्ने भावनाले सानी नानीले आफूभन्दा ठूलो व्यक्तिलाई काम गर्दै गरेको अवस्थामा ठूली (नमस्कार) गर्दै गरेको चित्रले मिहेनत गर्ने मान्छेलाई सम्मान गर्नुपर्छ भन्ने शन्देश बालबालिकाहरूलाई दिने भएकाले यस कवितामा रहेको एकमात्र

चित्रले सङ्ख्यात्मक दृष्टिकोणले एउटा मात्र भएपनि सबै कुरालाई समेटेर कविताको भावको मर्मलाई स्पष्ट रूपमा चिनाउन सफल भएको देखिन्छ ।

'वीरमानका दिन फर्किए' प्रवन्धमा तीनओटा चित्रहरू समाविष्ट भएको देख्न सकिन्छ । प्रवन्धमा सङ्ख्यात्मक हिसावले प्रवन्धलाई सुहाउने र ठिक्क चित्रहरू रहेकाछन् । पहिलो चित्रमा वीरमानको आफ्नै वन हरियाली वातावरण र स्वाच्छ, सफा मनमोहक दृश्य देख्न सकिनछ । घर वरिपरी वीरमानको आफ्नै वनजङ्गल वन जङ्गलको बिचमा वीरमानको सुन्दर घर घरबाट नजिकै वीरमानको खेतबारी रहेको छ । वीरमानले खेतमा कोदालो हातमा लिएर खेतमा खन्दै गरेको दृश्यले वीरमानको मेहनतलाई छर्लङ्ग देखाउँछ र यो चित्रले वालवालिकाहरूलाई मेहनत गर्दा मात्र राम्रो प्रतिफल प्राप्त हुन्छ भन्ने सन्देश बहन गर्छ । त्यस्तै दोस्रो चित्रमा सबै वनजङ्गलका बोटविरुवाहरू काटेर सबै पृथ्वी नाङ्गै भएको उराठ लाग्दो मरुभूमि जस्तो जमिनलाई देख्न सकिन्छ । उक्त माटोमा केही नभएर टाउकोको सबै कपाल खैरिएको मानिस जस्तो देखिएको छ । त्यही खुइलिएको स्थानको बिचद्धमा रङ्ग उडिसकेको वीरमानको घरलाई देख्दा उराठ लाग्दो भाव व्यक्त हुन्छ । त्यस्तैगरी तेस्रो चित्रमा पहिरोले बगाएको ठाउँमा सबै घर परिवारका सदस्य मिलेर पुन : विरुवा रोप्न सुरु गरेको दृश्यले राम्रो सन्देश प्रवाह गरेको देख्न सकिन्छ । कसैले विरुवा ल्याउने कसैले खन्दै गरेको कसैले विरुवा रोप्दै गरेको चित्रले काम विभाजन र काममा महिला र पुरुषको समान सहभागिता देखिन्छ । यो चित्रले लैङ्गिक समानताको सन्देश बालबालिकालाई दिएको छ ।

कक्षा तीनको मेरो नेपाली किताबको अन्तिम तथा पाठ अठारमा समाविष्ट गरिएको छट्टु बटुवा कथाको सङ्ख्यामा पर्याप्तताका आधारमा अध्यन गर्दा कथामा जम्मा तीनवटा चित्रहरू समाविष्ट गरिएका छन् । पहिलो चित्रमा एकजना पुरुषले खेतबारीमा हलो जोतिरहेको देख्न सकिन्छ । ती पुरुषले खेत जोतेको ठाउँ वरपर केही रुख र बोटविरुवाहरू देख्न सकिन्छ । खेतमा हलो जोतिरहेका पुरुषको चित्रले एक किसानको परिचय प्रष्टसँग दिएको छ । दोस्रो चित्रमा एउटा घरको आगनमा एक जना महिलाले एक राम्रा लुगा कपडा र राम्रो टोपि लगाएका बटुवा जस्ता देखिने पुरुषलाई हातमा  पैसा दिदै गरेको चित्र देख्न सकिन्छ । यो चित्रका माध्यमबाट छट्टु बटुवाले किसानकी श्रीमतीबाट गोरु बेचेको हो भनेर ती महिलालाई ठगेर पैसा लगेको प्रष्ट सँग बुझ्न सकिन्छ । त्यस्तै तेस्रो चित्रमा एक

पुरुष र एक महिला एकदमै चिन्तित हुँदै आखाबाट आँसु झार्दै केही कुरा सुनाउँदै गरेको चित्रले छट्टु बटुवाले नयाँ गोरु किसानलाई बेचेको र किसानले गोरु किनेको कुरा छलेर पैसा ठगी गरेको थाहा पाई श्रीमान, श्रीमती दु:खमा विलाप गर्दै गरेको दृश्यले यस कथालाई न्याय गरेको देखिन्छ । यस कथाका तीनवटा चित्रहरूले पाठ सुहाउँदो आवश्यकताको भूमिका खेल्दै पाठलाई उत्कृष्ट बनाउन र पर्याप्तता प्रदान गर्न ठूलो सहयोग गरेको छ । समग्रमा यस कक्षा तीनको मेरो नेपाली कतिाबमा समाविष्ट रहेका चित्रहरूलाई सङ्ख्यात्मक हिसाबले हेर्ने हो भने तुलनात्मक रूपमा अठार पाठहरूमा संलग्न चित्रहरूलाई भाग गर्ने हो भने प्रत्येक पाठमा करिव २.१३ चित्रहरू पर्दछन् । यस अनुसार यस पुस्तकमा सङ्ख्यात्मक हिसाबले पर्याप्त चित्रहरू रहेका छैनन । केही चित्रहरू केही पाठमा सुधार गर्नुपर्ने देखिन्छ ।

## ४.३ चित्रको आकार

पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरू कक्षा तथा विद्यार्थीहरूको स्तर अनुसार राखिएको हुनु पर्दछ । सामान्यतया साना कक्षाहरूका लागि ठूला र क्रमश : ठूला कक्षँका लागि साना चित्रहरूको रखाइ व्यवस्थापन गरिनु जरुरी छ । यस पाठ्यपुस्तकमा चित्रहरूलाई निम्नानुसार राखिएको छ :

'असल विचार' कवितामा रहेको चित्र कक्षा तीनका विद्यार्थीहरूका लागि आकारगत हिसाबले केही सानो भएता पनि स्तरीय छ । यस्तै ढुङ्गाको खिचडी कथामा रहेका पाँचवटै चित्रहरू आकारगत दृष्टिले उपयुक्त एवम् स्तरीय देखिन्छन् । त्यसैगरी 'म को हुँ ?' प्रवन्धमा रहेको चारवटा चित्रहरूमा केही चित्रहरू आकारगत हिसाबले साना देखिएता पनि म को हुँ ? को प्रश्नको उत्तर दिन चित्रहरू सफल भएका छन् । 'किताव' कवितामा रहेको त्रि पनि आकारगत हिसाबले केही सानो र कितावको भावलाई स्पष्ट पार्न नसक्ने देखिएता पनि त्यही जोडिएर रहेको अर्को चित्र भने स्तरीय रहेको छ । त्यस्तैगरी 'अनौठो परीक्षा' कथामा रहेका तीनवटा चित्रहरूमा पहिले र तेस्रो चित्र अकारका हिसाबले स्तरीय छन् भने दोस्रो चित्र अलि सानो रहेको पाइन्छ । 'हाट बजार' सम्बादमा रहेको हाटबजारको चित्र आकारगत रूपमा हेर्दा स्तरीय रहेको छ । त्यस्तै 'खेतीवाल' कवितामा रहेका तीनवटा चित्रहरू आकारका आधारमा साना रहेका छन् भने केही चित्रहरू थप्नुपर्ने आवश्यकता पनि देखिन्छ ।

चित्रको आकारका आधारमा 'नयाँ वर्षको उपहार' कथालाई अध्ययन गर्दा यस कथामा रहेका पाँचओटा चित्रहरू आकारगत दृष्टिले उपयुक्त एवम् स्तरीय छन् । 'खेर नफालौँ' प्रबन्धमा रहेका चारओटा चित्रहरू आकारगत दृष्टिकोणले हेर्दा केही साना देखिएता पनि स्तरीय रहेको छ । 'नेपाली' कवितामा प्रयोग गरिएको एउटा चित्र सानो भएता पनि उपुक्त नै देखिन्छ । 'नेपाली' कवितामा नेपालीको पहिचानलाई चित्रबाट प्रस्तुत गरेको स्तरीय देखिन्छ । 'माहाकवि देवकोटा' जीवनीमा रहेको एउटा चित्र भएपनि आकारगत दृष्टिले उपयुक्त एवम् स्तरीय रहेको छ । अचम्मको कुरा सम्वादमा दुइओटा चित्रहरू आकारगत दृष्टिकोणले उत्तर रहेको छ । 'घाम छाया' कवितामा रहेको एउटा चित्र आकारगत दृष्टिकोणले स्तरीय छ ।

त्यस्तै चित्रको आकारगत दृष्टिकोणले अध्ययन गर्दा बाँदर र गोही' कथामा रहेको तीनवटा चित्रहरू समाविष्ट रहेका छन् । आकारगत हिसाबले हेर्दा प्रथम चित्र र दोस्रो चित्र स्तरिय र उपयुक्त छ भने तेस्रो चित्र केही सानो रहेको छ । 'सगरमाथा' प्रवन्धमा एउटा चित्र रहेको छ । यो चित्र आकारगत हिसाबले केही सानो छ । यो चित्रसँगै सगरमाथा आरोहण सम्बन्धी चित्र राख्न सक्दा चित्रको आकार स्तरिय हुन्छ । 'सानु छ है सानु' कवितामा रहेको चित्र आकारगत हिसाबले अध्ययन गर्दा उपयुक्त र स्तरिय रहेको छ । 'वीरमानका दिन फर्किए' कथामा रहेका तीनवटा चित्रहरूको अध्ययन गर्दा तीनवटै चित्रहरू आकारगत हिसाबले स्तरिय र उपयुक्त देखिन्छ । अन्त्यमा 'छट्टु बटुवा' कथामा रहेका तीनवटा चित्रहरू मा आकारगत रूपमा अध्ययन गर्दा पहिलो चित्र र तेस्रो चित्र उपयुक्त देखिन्छ भने दोस्रो चित्र आकारका आधारमा केही सानो भएता पनि स्तरीय देखिन्छ । यसरी चित्रहरूको आकारगत हिसाबले हेर्दा आधा जति चित्रहरूमा आकारगत त्रुटि रहेको पाइन्छ । यस विषयमा सम्बन्धित पाठ्यपुस्तक निर्माता तथा सम्बन्धित निकायहरूको ध्यान पुग्न नसकेको जस्तो देखिन्छ ।

### ४.३.१ छपाइ प्रविधि

पाठ्यपुस्तकमा प्रयोग गरिने चित्र छपाइ प्रविधिका दृष्टिले पनि स्तरीय हुनुपर्दछ । यसका लागि सन्तुलित मसीको प्रयोग गरी छपाइ स्पष्ट र सफा हुनुपर्दछ जो भाबोधका दृष्टिले सहायक हुनुपर्दछ । छपाइ कै आधारमा कहिलेकाहीँ अर्थाको अनर्थ हुने अवस्थाबाट समेत जोगाउनु आवश्यक छ । यसरी नै असल विचार कवितामा रहेको चित्र छपाइ

प्रविधिका हिसाबले स्पष्ट रहेको देखिन्छ । 'ढुङ्गाको खिचडी' कथाका पाँचवटै चित्रहरू छपाइ प्रविधिको आधारमा हेर्दा उपयुक्त देखिन्छ । 'म को हुँ ?' प्रवन्धमा रहेका चारवटा चित्रहरू छपाइ प्रविधिको आधारमा हेर्दा उपयुक्त देखिन्छ । 'किताव' कवितामा रहेको चित्र छपाइ प्रविधिका हिसावले केही कमजोर देखिन्छ । 'अनौठो परीक्षा' कथामा रहेका चित्रहरू छपाइ प्रविधिका आधारमा हेर्दा पहिलो चित्र उपयुक्त नै देखिन्छ भने दोस्रो तेस्रो चित्र छपाइका रूपमा हेर्दा कमजोर देखिन्छ । 'हाट बजार' संवादमा रहेको चित्र छपाइ प्रविधिको दृष्टिले हेर्दा उपयुक्त देखिन्छ । 'खेतीवाल कवितामा रहेका तीनवटा चित्रहरूमा पहिलो र दोस्रो चित्रहरू छपाइ प्रविधिका हिसाबले कमजोर मधुरो देखिन्छ । कविताको बयान अनुसार खेतीवालालाई यी दुइ चित्रले प्रष्ट पार्न सक्दैन । त्यस्तै तेस्रो चित्र भने छपाइ प्रविधिका दृष्टिले स्पष्ट नै रहेको देखिन्छ ।

'नयाँ वर्षको उपहार' कथामा रहेका पाँचवटा चित्रहरू छपाइ प्रविधिका दृष्टिले स्तरीय रहको छ । चित्रहरू छपाइ प्रविधिका दृष्टिले स्तरीय रहेको छ । 'खेर नफालौँ' प्रवन्धमा रहेका चारवटा चित्रहरू मध्ये पहिलो चित्र स्तरीय रहेको छ भने दोस्रो चित्र पैसाको मुठो जस्तो देखिए पनि अलि अस्पष्ट र माधुरी रहेको छ । त्यस्तै तेस्रो चित्र पनि अस्पष्ट जस्तो देखिन्छ । तेलको गिलेनलार्य व्याग (झोला) जस्तो देखिएकाले छपाइ प्रविधि अस्पष्ट देखिन्छ । चौथो चित्रमा घडीर्ला देखाइएको छ उक्त चित्र छपाइ प्रविधिका दृष्टिले स्तरीय रहेको छ । 'नेपाली' कवितामा रहेको चित्र स्तरीय र उपयुक्त रहेको छ । माहाकवि देवकोटा जीवनीमा रहेको देवकोटाको चित्र स्तरीय रहेको छ । 'अचम्मको कुरा' संवादमा रहेको पहिलो चित्र छपाइ प्रविधिका दृष्टिले पहिलो चित्र असपष्ट रहेको छ । भने दोस्रो चित्र पनि छपाइ प्रविधिका दृष्टिकोणले अस्पष्ट रहेको छ । 'घामछाया' कवितामा रहेको चित्र छपाइ प्रविधिको दृष्टिले हेर्दा उपयुक्त देखिन्छ । 'बाँदर र गोही' कथामा रहेको पहिलो चित्र छपाइ प्रविधिका दृष्टिले अस्पष्ट देखिन्छ भने दोस्रो चित्र र तेस्रो चित्र भने स्पष्ट देखिन्छ । 'सगरमाथा' प्रवन्ध छपाइ प्रविधिका दृष्टिकोणले स्पष्ट रहेको छ । सानु छ है सानु कविताको चित्र छपाइ प्रविधिको दृष्टिले स्तरीय नै रहेको छ । वीरमानका दिन फर्किए कथाको तीनवटै चित्रहरू स्तरीय र स्पष्ट रहेका छन् । 'छट्टु बटुवा' कथामा रहेका तीनवटा चित्रहरू छपाइ प्रविधिका हिसाबले स्तरीय र स्पष्ट रहेको छ ।

### ४.३.२ रखाइ

भाषा पाठ्यपुस्तकमा चित्रहरू रखाइ उपयुक्त हुनुपर्दछ । त्यसैले चित्रहरू राख्दा विशेष ध्यान पुऱ्याउनु पर्दछ । विषयवस्तुको गहनतालाई बुझाइने चित्र यथासक्य सन्दर्भ आएकै ठाउँमा राख्नुपर्छ ।

'असल विचार' कवितामा समावेश भएको चित्र कविताको प्रसङ्गअनुरूप नै देखिन्छ । 'ढुङ्गाको खिचडी' कथामा समावेश भएका पाँचै वटा चित्रहरू कथाको प्रसङ्ग र विषयवस्तु अनुरूप नै रहेका छन् । 'म को हुँ ?' प्रवन्धमा रहेका चारवटा चित्रहरू रखाइको दृष्टिकोणले अलिक तलमाथि भएजस्तो देखिन्छ । 'किताव' कवितामा भएको एउटा मात्र चित्र कविताको भाव अनुसार चित्रको रखाइ नमिलेको नै देखिन्छ । अनौठो परीक्षा कथामा समाविष्ट तीनवटा चित्रहरू रखाइका दृष्टिकोणले कथाको विषयवस्तु र प्रसङ्ग अनुसार मिलेको देखिन्छ । 'हाट बजार' संवादमा रहेको एउटा चित्रको रखाइ पाठसँग मिल्दो, जुल्दो रहेको छ । यसको रखाइ प्रसङ्ग अनुसार उचित स्थानमा रहेको पाइन्छ ।

'खेतीवाल' कवितामा प्रयोग भएका तीनवटा चित्रहरूको रखाइ स्थान कविताको प्रसङ्ग अनुसार नमिलेको देखिन्छ । पहिलो स्थानमा राखिनुपर्ने चित्रलाई तेस्रो स्थानमा राखिएको तेस्रोमा राखिनेलाई पहिलो र दोस्रोमा राखिएको छ । यसमा चित्रको रखाइ बिलकुलै नमिलेको देखिन्छ ।

'नयाँ वर्षको उपहार' कथामा रहेका पाँच वटै चित्रहरूको कथाको प्रसङ्ग अनुसार नै उचित स्थानमा मिलाएर राखिएको पाइन्छ । 'खेर नफालौं' प्रवन्धमा प्रयोग भएका चारवटै चित्रहरू रखाइका आधारमा अध्ययन गर्दा पाठको शीर्षक अनुरूप उचित स्थानमा रहेको पाइन्छ । 'नेपाली' कविता एउटा चित्र प्रयोग गरिएको छ । उक्त चित्र कविताको भाव र प्रसङ्ग अनुसार रखाइ मिलेको देखिदैन् । कविता र चित्रको रखाई कविता सुरुवात भएसँग भएको भए रखाइ मिल्ने देखिन्थ्यो तर यहाँ कविता एकतिर चित्र कविताको समापन भन्दा तल रहेकाले यस कवितामा चित्रको रखाइ उपयुक्त मानिदैन । 'माहाकवि देवकोटा' को जीवनीमा देवकोटाको एउटा चित्र राखिएको छ । उक्त जीवनीको चित्र विषयवस्तुको रखाइ अनुसार चित्रको रखाइ मिलेको देखिन्छ । 'अचम्मको कुरा संवादमा प्रयोग गरिएको दुइवटा चित्रहरूको रखाइ नमिलेको देखिन्छ । संवादको बिचतिरको विषयवस्तुमा मिल्ने चित्रलाई

संवाद सुरु नभइ चित्र राखिएकाले पहिलो चित्रको रखाइ नमिलेको देखिन्छ भने दोस्रो चित्रको पनि रखाइ पाठको विषयवस्तु अनुरूप नरहेको देखिन्छ ।

'घामछाया' कवितामा समाविष्ट रहेको एउटा चित्र घामछाया कविताको भाव अनुसार नै राखिएको पाइन्छ । यस कवितामा चित्रको रखाइ उत्कृष्ट देखिन्छ । 'बाँदर र गोही' कथामा रहेका तीनवटा चित्रहरूको प्रयोग कथाको प्रसङ्ग अनुरूप नै भएको पाइन्छ । यहाँ रहेका चित्रहरूको रखाइ स्थान मिलेको देखिन्छ । 'सगरमाथा' प्रवन्धमा प्रयोग गरिएको 'सगरमाथा' प्रवन्धमा प्रयोग गरिएको सगरमाथाको चित्रको स्थान र रखाइ मिलेको देखिन्छ । 'सानु छ है सानु' कविताको चित्रको रखाइ कविताको भाव र प्रसङ्ग अनुसार मिलेको देखिन्छ । 'बीरमानका दिन फर्किए' कथाका तीनवटा चित्रहरूको रखाइ स्थान उत्कृष्ट देखिन्छ । यहाँ विषयवस्तु अनुरूप प्रसङ्ग अनुरूप चित्रहरूको प्रयोग गरिएको पाइन्छ । त्यसैगरी किताबको अन्तिम पाठ वा अठाऔँ पाठ 'छट्टु बटुवा' कथामा रहेका तीनवटा चित्रहरूको रखाइ स्थान चित्तबुझ्दो र राम्रो रहेको नै देखिन्छ ।

### ४.३.३ आकर्षण

जुन वस्तुले मानिसको मन तान्छ त्यही वस्तुका बारेमा बढी जान्न खोज्ने तथा बुझ्नो इच्छा हुने भएकाले पाठ्यपुस्तकहरूमा आकर्षक चित्रहरूको विशेष महत्व रहन्छ । यस आधारमा हेर्दा 'असल विचार' कवितामा रहेको एकमात्र चित्र आकारगत हिसाबले सानो भएतापनि आकर्षक रहेको छ । त्यसैगरी 'ढुङ्गाको खिचडी' कथामा रहेको पाँचवटा चित्रहरू आकर्षक र सुन्दर देखिन्छन् । 'म को हुँ ?' प्रवन्धमा रहेको चारवटा चित्रहरू पहिलो, दोस्रो चित्र आकर्षक देखिन्छ भने तेस्रो र चौथो चित्र मधुरो र केही अस्पष्ट जस्तो देखिन्छ । किताब कवितामा रहेको एकमात्र चित्र भने आवश्यकता भन्दा कम आकर्षक देखिन्छ भने त्यही चित्रको अर्को दृश्य भने आकर्षक र सन्देशमूलक नै देखिन्छ । कक्षा तीनका विद्यार्थीहरूका लागि प्रत्येक चित्रहरू आकर्षक हुन जरुरी भए तापनि यस पाठमा रहेको एकमात्र चित्र आवश्यक मात्रामा आकर्षक नभएकोले वालवालिकाहरूको वाल मनस्थितिमा चित्रप्रतिको आकर्षण घट्न जाने सम्भावना पथरीशनिश्चरे नगरपालिकाका ३ वटा विद्यालयहरूमा ६० जना विद्यार्थीहरूसँग गरिएको अध्ययनले जनाउँछ ।

'खेर नफालौँ' प्रवन्धमा चारवटा चित्रहरू समावेश छन् । यि चारवटै चित्रहरू फरक, फरक प्रसङ्ग र फरक, फरक शीर्षकका छन् । सबै प्रसङ्गहरू ज्ञानरूपी भएकाले पनि यस

पाठमा रहेको पहिले चित्र आकर्षणका दृष्टिकोणले उचित रहेको छ । यस चित्रमा खानेकुराहरूलाई देखाइएको छ । यहाँ फलफूल, दाल, भात, रोटी, पानी, लगायतका खानेकुराहरूलाई चित्रमा समावेश गरेकाले बालबालिकाहरूले खाना खाने बानी र खेर फाल्न हुँदैन भन्ने बानीको राम्रो सन्देश यो चित्रले दिने भएकाले आकर्षणका हिसाबले उचित छन् । त्यस्तै दोस्रो चित्रमा रहेको पैसाको चित्र त्यति आकर्षक नरहेको देख्न सकिन्छ । त्यसैगरी तेस्रो चित्रको शीर्षक अनुसारका चित्रहरू पनि त्यति आकर्षक नरहेको देख्न सकिन्छ । त्यस्तैगरी चौथो शीर्षकको चित्रमा रहेको घडिको चित्र पाठ अनुसार आकर्षक र उचित देखिन्छ ।

'नेपाली' कवितामा रहेको चित्रमा नेपालीपन झल्किने बुद्धको चित्र सँगै नेपालको झन्डा र हिमाली परिवेशलार्य देखाइएकाले यो चित्र पनि आकर्षक नै देख्न सकिन्छ । 'माहाकवि देवकोटा' जीवनीमा उतारिएको देवकोटाको चित्रले विद्यार्थीहरूको बालमनस्थितिमा देवकोटा कविको राम्रो छाप पर्ने सम्भावना धेरै रहेकाले यो चित्र उत्कृष्ट रहेको छ । 'अचम्मको कुरा' संवादमा रहेको दूइवटा चित्रहरू त्यति आकर्षक रहेको देखिँदैन । यस्ता चित्रहरूले कलिला बालबालिकाहरूमा चित्र प्रतिको आकर्षण घट्ने सम्भावना हुन्छ । 'घामछाया'कवितामा रहेको चित्र अति आकर्षक छ । बालबालिकाहरू चित्र हेरेर कविता पढ्न उत्साहित हुने जस्तो आकर्षक सुन्दर हरियाली प्रकृतिको चित्रण गरिएको छ । यो चित्रले बालकको मानसपटल मा राम्रो प्रभाव पनि सफल भएको छ । उक्त चित्रमा रहेको रङ आकर्षक र मनमोहक रहेको छ । उक्त चित्रमा पूर्वको घाम, घाम देखि केही तल बादल र बादलबाट केही तल पाहाडको सुन्दर नदिमा पानी कल, कल बगेको दृश्य सँगै किनारमा फूलेका फूलहरूको दृश्यले बालबालिकाहरूको मनलाई उत्साहित बनाइ पढाइमा केन्द्रित गराउन सहयोग पुऱ्याउने भएकाले यो चित्र एकदमै आकर्षक र उत्कृष्ट रहेको छ ।

'आकर्षणका' दृष्टिकोणले 'बाँदर र गोही' कथाको अध्ययन गर्दा कथामा रहेको पहिलो चित्र त्यति आकर्षक रहेको देखिँदैन । यस्ता चित्रहरूले बालबालिकाहरूमा त्रिको आकर्षण घट्ने सम्भावना रहने हुन्छ । त्यसैगरी दोस्रो चित्र आवश्यकताअनुसार राम्रो आकर्षक देखिन्छ । यस चित्रमा पानीमा रहेको गोहीको ढाडमा बसेको बादरको चित्र र वरीपरी रहेको वनजङ्गलको चित्रले रमणिय र आकर्षक रहेको छ । त्यस्तै तेस्रो चित्र पनि आकर्षक रहेको छ । 'सगरमाथा' प्रवन्धमा रहेको एकमात्र सगरमाथाको चित्र आकर्षक नै छ,

यस चित्रले विश्वमा अग्लो सगरमाथालाई चिनाउन सहयोग गरेको छ । 'सानु छ है सानु' कवितामा रहेको एक मात्र सुन्दर हरियाली वातावरण सेतो हिमाली दृश्य स्वाच्छ सफा गाउँले परिवेशको चित्र ज्यादै आकर्षक र मनमोहक छ । यो चित्र हेरेर वालवालिकाहरूले वास्तविक छरको छानो र आफ्नो घर, आफ्नो माटो र आफ्नो देशलाई नर्विसाउने छाप लिने कुरामा दुइमत नै छैन । यस कविताको चित्रमा काममा लाग्ने मान्छेलाई नर्विसाउने घाप लिने कुरामा दुइमत नै छैन । यस कविताको चित्रमा काममा लाग्ने मान्छेलाई नर्विसाृउने छाप लिने कुरामा दुइमत नै छैन । यस कविताको चित्रमा काममा लाग्ने मान्छेलाई नर्विसाउने छाप लिने कुरामा दुइमत नै छैन । यस कविताको चित्रमा काममा लाग्ने मान्छेलाई दुइ चरण खुली ठूली अर्थात नमन गरेको दृश्यले बाल मानस्पटलमा काम गर्ने मानिसलाई सम्मान गर्नुपर्ने छाप स्पष्ट रूपले देखिने भएकाले यो कविताको चित्र यो किताबकै उत्कृष्ट चित्रका रूपमा आकर्षक रहेको छ ।

'वीरमानका दिन फर्किए' कथामा समावेश भएका चित्रहरूमध्ये पहिलो चित्रमा वीरमानको आफ्नै वनजङ्गल, खेतबारीको बिचमा रहेको वीरमानको सुन्दर र सफा घरको चित्रण गरिएको छ । यो चित्रले बालकको मानसपटलमा राम्रो प्रभाव पार्न सफल भएको छ । दोस्रो चित्रमा वनजंगलको फडानीले पार्ने समस्यालाई उतारिएको छ । यो चित्र पनि आकर्षक र सन्देशमुलक रहेको छ । त्यस्तै तेस्रो चित्रमा वनजङ्गल फाडिएको र पहिरो गएको नाङ्गो स्थानमा विरुवा रोपेर हरियाली बनाउने उद्देश्यले सवै महिला, पुरुष, केटा, केटीहरू मिलेर विरुवा रोप्दै गरेको दृश्यले वालवालिकाहरूमा काममा समानता र जमिनलाई दरो र वातावरणलाई राम्रो र मनमोहक बनाउन वृक्षारोपणलाई राम्रो र मनमोहक बनाउन वृक्षरोपण गर्नुपर्छ भन्ने सन्देश यस चित्रले दिन खोजेको छ त्यसैले यो चित्र आकर्षणका दृष्टिकोणले आकर्षक र उत्कृष्ट रहेको छ ।

कक्षा तीनको मेरो नेपाली कितावमा प्रयोग गरिएका चित्रहरूलाई आकर्षणका दृष्टिकोणले हेर्दा यस कितावको अन्तिम अर्थात पाठ अठारको 'छट्टु बटुवा' कथामा रहेको चित्र आकर्षक रहेको छ । यस चित्रमा किसानको मेहनत र परिचय झल्किएको छ । त्यस्तै दोस्रो चित्र र तेस्रो चित्र पनि आकर्षक रहेको छ ।

यस पुस्तकमा रहेको सबै चित्रहरूलाई आकर्षणका दृष्टिले अध्ययन गर्दा आधाभन्दा धेरै चित्रहरू आकर्षक र थोरै चित्रहरू आकर्षक नभएको पाइयो । कक्षा ३ (तीन) को

अध्ययनरत विद्यार्थीहरूको रङ्गीन चित्रहरू महत्वपूर्ण हुन्छ । हालको पाठ्यपुस्तकमा रङ्गीन चित्रहरूको प्रयोग भएको पाइए तापनि अझ यो भन्दा स्पष्ट उचित र आकर्षक रङ्गहरूको समायोजन गरेर यो भन्दा आकर्षक बनाउँदा साना कक्षामा अध्ययन गर्ने बालबालिकाको मानसपटलमा राम्रो प्रभाव पर्दछ ।

## ४.४ आन्तरिक पक्षका आधारमा चित्रहरूको विश्लेषण

जति बाह्यपक्षका आधारमा चित्रहरू स्तरीय हुँदा भाषा सिकाइ प्रभावकारी हुन्छ, त्यति आन्तरिक आधारमा पनि स्तरीय हुनु जरुरी छ । अन्यथा भाषा पाठ्यपुस्तकको महत्व हराएर जान्छ । पाठको विषयवस्तु, भाव, सिर्जनात्मक, बौद्धिक क्षमता, साँस्कृतिक नैतिक मूल्य र मान्यता आदि कुराहरू भाषा पाठ्यपुस्तकका ख्याल गर्नु पर्ने आन्तरिक पक्षहरू हुन् । यी कुराहरूलाई विशेष ध्यान पुऱ्याएर छनोट गरिएका चित्रहरू भाषा सिकाइमा उपयोगी सिद्ध हुन्छन् । यस अन्तर्गत निम्न कुराहरू पर्दछन् :

### ४.४.१ विषयवस्तु सुहाउँदो

पाठ्यपुस्तकमा चित्रहरूको संयोजन गर्दा विषयवस्तुलाई पनि विशेष ख्याल गर्नु पर्दछ । विषयवस्तुलाई पनि विशेष ख्याल गर्नु पर्दछ । विषयवस्तु एउटा र चित्र अर्को तथा विषयवसतु एकातिर र चित्र अर्को ठाउँमा भएमा चित्रको प्रभावकारिता न्यून हुन्छ । यसरी हेर्दा ‘असल विचार’ कवितामा असल विचार लिनका लागि दुईजना अभिभावकहरू सहित पाँच जना बालबालिकाहरू वरिपरी घेरा लागेर बसेर असल विचार लिदै र दिदै गरेको दृश्य कविताको विषयवस्तु अनुरूप सुहाउँदो रहेको छ । ढुङ्गाको खिचडी कथामा रहेका पाँचवटा चित्रहरू कथाको कथावस्तु तथा विषयवस्तु सुहाउँदो किसिमका रहेका छन् । यस पाठमा रहेका पाँच चित्रहरू कथाका पाँच अनुच्छेदका लागि छुट्टा छुट्टै रहेका छन् । म को हुँ ? प्रबन्धमा रहेका चारवटा चित्रहरू मध्ये पहिलो चित्रमा धारामा पानी थाप्दै गरेको देखाइएको छ भने दोस्रो चित्रमा पानी फूलबारीमा हाल्दै गरेको देखिन्छ । त्यस्तै तेस्रो चित्रमा पानी पर्ने प्रक्रियालाई देखाइएको छ भने चौथो चित्रमा पानी परिरहेको बालबालिकाहरू छाता ओडेर खेलिरहेको चित्र रहेको छ । यी चारवटा चित्रहरू विषयवस्तु सुहाउँदो, मिलेको देखिन्छ । यि चित्रहरूले पाठको प्रसङ्गलाई च्याप्प समातेको देख्न सकिन्छ ।

'किताव' कवितामा प्रयुक्त चित्रको माथिल्लो भागमा देखाएको छरप्रष्ट किताव र पाना पल्टिएका चित्रहरू देख्दा विषयवस्तु सुहाउदो देखिदैन भने त्यही चित्रको तल्लो पट्टीको चित्रमा किताव पढिरहेको चित्रले विषयवस्तुलाई समेटेको देख्न सकिन्छ ।

'अनौठो परीक्षा' कथामा तीनवटा चित्रहरू रहेका छन् । पहिलो चित्रमा गुरुले रुखकी फेदमुनी बसेर आफ्ना चेलाचेलीहरूलाई अनौठो परीक्षा लिएको तस्विर रहेको छ भने दोस्रो चित्रमा गुरुले भनेको कुरा मान्न तयार नभएको चेलीले टाउको निहुराएको चित्र र तेस्रो चित्रमा रुखमुनी बसेका गुरु र चेलाचेलीहरू परीक्षामा फेल भएर टाउको निहुराए र बसेको चित्र छ । यि सवै चित्रहरूले कथाको विषयवस्तु र प्रसङ्गलाई न्याय गरेको र शिक्षक र विद्यार्थीहरूलाई पनि पाठ पढ्न र पढाउन सहयोग गरेको कुरा चित्रको विषयवस्तुले जनाउछ ।

विषयवस्तु सुहाउदो दृष्टिले 'हाट बजार' संवादको अध्ययन गर्दा यहाँ रहेको एकमात्र चित्रले नै हाटबजारको दृष्टिकोणलाई पुरा गरेको छ । यहाँ हाटबजारको दुरुस्त र ठ्याक्कै चित्र समावेश गरेको पाइन्छ । हाट बजार संवादमा रामजन र शिल्पाले गरेको कुराकानी सँग यो चित्र ठ्याक्कै मिलेको देखिन्छ । यो चित्रका आधारले बालबालिकाहरूको हाट बजार र हाटबजारमा के के पाइदो रहेछ भन्नेकुराको ज्ञान प्राप्त गर्न सजिलोबनाएको पाइन्छ । 'खेतीबाल' कवितामा रहेका चित्रहरूले विषयवस्तुलाई प्रतिनिधित्व गर्न नसुहाउदो किसिमको रहेको छ । कविताको सुरुको प्रसङ्ग अनुसार खेतीवाललाई देखाउने चित्र अन्तिममा राखिएको छ भने अन्तिम तिर राखिनु पर्ने चित्र पहिलो भागमा राखिएकोछ । पाकि सकेका बालीका चित्रहरू कविताको भाव र प्रसङ्ग अनुरूप नभएको यि चित्रहरू कविताकोतल्लो भागमा राखिनुपर्नेमा पहिलो भागमा राखिएकाले कविताको विषयवस्तु अनुरूप चित्रले दिने सन्देशमा फरक परेको देख्न सकिन्छ ।

'नयाँ वर्षको उपहार' कथामा पाँचवटा चित्रहरूसमाविष्ट रहेका छन् । पाठको पहिलो अनुच्छेदमा रहेको बुढा बुढीको चित्रले पाठको विषयलाई प्रतिनिधित्वगर्न सुहाउँदो किसिमको रहेको छ । दोस्रो चित्रमा बुढाको एकजना मानिससँग जम्मा भेट भएको चित्र छ यो चित्र पनि विषयवस्तु सुहाउदो रहेको छ, त्यस्तै यस पाठका अन्य तीन चित्रहरू पनि पाठको विषयसँग र प्रसङ्गसँग मिल्ने रहेको देखिन्छ । त्यस्तै खेर नफालौं प्रवन्धमा रहेका चित्रहरू फरक, फरक शीर्षकमा रहेता पनि विषयवस्तु सुहाउँदो रहेका छन् ।

'नेपाली' कवितामा समाविष्ट एक मात्र चित्रमा सुन्दर मनोरम प्राकृतिक ठाउँमा नेपालको राष्ट्रिय झन्डा गाडेर ध्यानमा बसेका गौतम बुद्ध र नेपाली पोसाकमा रहेका दुई महिला र पुरुषको चित्रले कविताको भाव र विषयलाई छर्लङ्ग उतारेको छ ।

'महाकवि देवकोटा' जीवनीमा रहेको देवकोटाको तस्विरलेनै विषयवस्तुलाई प्रष्ट पारेको छ । यो चित्र विषयवस्तु सुहाउँदो रहेको छ । 'अचम्मको कुरा' संवादमा रहेका दुइवटा चित्रहरू विषयवस्तु सुहाउँदो रहेका छन् । यस चित्रमा देखाइएको चिनी कमिला र गोबर कमिलाको चित्र, त्यसैगरी जात्राको चित्रले विषयवस्तुलाई थप उर्जा थपेको देखिन्छ ।

'घामछाया' कवितालाई विषयवस्तु सुहाउँदो आधारले हेर्दा घाम र छायाको तालमेल जस्तै कविताको विषयवस्तु र चित्रको तालमेल पनि अटुट रहेको पाइन्छ । यहाँ घाम र छायाको मिलनले प्राकृतिक कुराहरूलाई जसरी सौन्दर्य बनाएको छ त्यस्तै गरी यस कवितामा रहेको चिजले कवितालाई पूर्ण बनाएको छ । 'बाँदर र गोही' कथामा रहेका चित्रहरूसबै अनुच्छेदमा मिलेका विषय र प्रसङ्गलाई समेटेर थप पाठको उर्जालाई पकडेको पाइन्छ ।

'सगरमाथा' प्रवन्धमा रहेको एकमात्र सगरमाथाको चित्र विषयवस्तु सुहाउँदो रहेको छ । चित्र हेर्ने बित्तिकै बालबालिकाले सगरमाथाको परिचय प्राप्त गर्ने चित्र रहेको छ । 'सानु छ है सानु' कवितामा रहेको एकमात्र अति सुन्दर चित्र विषयवस्तु सुहाउदो रहेको छ । 'वीरमानका दिन फर्किए' कथाका तीनवटा चित्रहरू विषयवस्तु सुहाउँदो रहेका छन् । यहाँ भएका चित्रहरूले प्रसङ्ग अनुसारको शन्देश छाडेको पाइन्छ । 'छट्टु बटुवा' कथामा रहेका तीनवटा चित्रहरू पाठ र विषयवस्तु सुहाउँदो रहेका छन् ।

### ४.४.२ अमूर्त विचारलाई बुझाउन सहायक

सादृश्य कुरालाई मात्र नभएर अदृश्य वा अमूर्त विचार तथा भावनालाई बुझाउने गरी पाठ्यपुस्तकमा चित्रहरूको संयोजन गर्नुपर्दछ । अमूर्त कुराहरू देखिँदैनन् तर तिनको भाव झल्कने गरी चित्र राख्दा पाठ्यपुस्तक व्यवहारिक एवम् सान्दर्भिक हुन्छन् । भगवानप्रति आस्था, दूःखी तथा गरिबप्रति माया र सहयोग जस्ता कुराहरू बुझाउन सक्ने खालका चित्रहरूको प्रयोग गरिनु पर्दछ ।

यसै आधारमा 'असल विचार' कवितामा रहेको चित्रबाट पाठको विषयवस्तुलाई छर्लङ्ग पारेको छ । 'ढुङ्गाको खिचडी' कथाको पहिलो चित्रमा एकजना बटुवा एउटी बुढीको घरमा बास माग्न आएको चित्र रहेको छ भने साथमा सफा सुन्दर घरको पनि चित्र रहेको छ । दोस्रो चित्रमा बटुवाले पिढीमा बस्दै, ढुङ्गो पकाएर खान्छु भन्दै झोलाबाट ढुङ्गो निकालेर बुढिलाई देखाइ रहेको दृश्य छ भने तेस्रो चित्रमा बटुवाले आगनमा ढुङ्गाको चम्का लगाएर एउटा भाडोमा ढुङ्गो पकाउन सुरु गरेको दृश्य छ । त्यस्तै तेस्रो चित्रमा बटुवाले बुढिलाई जिल्याउँदै, दाल, चामल, घिउ मागेर खिचडी पकाउँदै गरेको दृश्य रहेको छ भने चौथो चित्रमा बुढी घर भित्र पस्दै गरेको बेलामा बटुवाले ढुङ्गो झिकेर पाक्दै गरेको चित्र रहेकोछ । यसबाट यस पाठमा अमूर्त विचारलाई प्रष्ट्याउन खोजिएको छ ।

'म को हुँ ?' प्रवन्धमा पानीको परिचयलाई देखाउन विभिन्न चित्रहरू प्रयोग गरिएको छ । यस पाठको पहिलो चित्रमा धाराबाट पानी आइरहेको र त्यो पानी बाल्टीमा थापेको अनी त्यही पानीलाई सानी बालिकाले चलाइरहेको दृश्यलाई देखिन्छ । त्यसैगरी दोस्रो चित्रमा सानी बालिकाले फूलमा पानी हालिरहेको देखिन्छ । भने तेस्रो चित्रमा पानी पर्ने प्रक्रियालाई देखाइएको छ । भने चौथो चित्रमा पानी परिरहेको र बालबालिकाहरू छाता ओडेको दृश्यले यस पाठलाई मूर्तता दिएको छ । 'किताब' कवितामा रहेको चित्रमा छरिएर रहेको किताबको साथमा मिलाएर राखिएका किताबको चित्र भइदिएको भए अझ राम्रो हुने थियो । जसका माध्यमबाट कविताले भन्न खोजेको कुरालाई प्रष्ट रूपले बालबालिकाहरूलाई बुझ्न सहयोग हुने थियो । उक्त त्रिमा रहेको अर्को चित्रले किताबको महिमालाई प्रष्ट पार्न खोजेको देखिन्छ । यस चित्रले चाही यस कवितालाई मूर्तता दिएको पाइन्छ । 'अनौठो परीक्षा' ककथामा रहेको पहिलो चित्रमा गुरुले शिष्यहरूलाई रुखको फेदमा बसेर अनौठो परीक्षा लिदै गरेको चित्र रहेको छ भने दोस्रो चित्रमा सबै चेला चेलीहरूले गुरुको आज्ञा मान्न तयार भएरको र एक जना चेलीले भने टाउको निहुराएर बसेको दृश्य देख्न सकिन्छ भने तेस्रो चित्रमा गुरुको परीक्षामा एकजना चेलीले मात्र अनौठो परीक्षा पास गरेको र सबै चेला चेलीले टाउको निहुराएको तस्विरले मानिसले सधै राम्रो काम मात्र गर्नुपर्छ भन्ने सन्देश दिएकाले यि चित्रहरूले पाठको कथाका आधारमा मूर्त र शीर्षकलाई सार्थक पार्न सहयोग गरेको पाइन्छ ।

'हाटबजार' संवादमा रहेको एकमात्र हाटबजार लागेको चित्रले पाठलाई समेटेको र हाटबजारको धारणालाई चित्रका माध्यमबाट बुझाइ पाठलाई सहयोग गरेकाले यो चित्र पाठ सुहाउँदो रहेको छ ।

'खेतीवाल' कवितामा रहेका चित्रहरू कविताको वर्णनअनुसारको खेतीबाललाई चिनाउन नसक्ने देखिन्छ । कविताको विषयवस्तु अनुसार चित्रहरू नमिलेका देख्न सकिन्छ । चित्रहरूको रखाई प्रथममा हुने चित्र तेस्रो स्थानमा रहेकाले उपयुक्त चित्रहरूको अभाव रहेको पाइन्छ ।

'नयाँ वर्षको उपहार' कथामा रहेका चित्रहरूले अरुको सेवा गर्नुपर्छ, एक अर्कोसँग भएका सामान साटासाट गर्दै भएपनि आफ्नो आवश्यकता पुरा गर्ने सिकाएको छ भने यि चित्रहरूले कसैलाई सेवा गरियो भने त्यसको राम्रो फल प्राप्त हुन्छ र मन देखि सेवा र भक्तिभाव राखियो भने त्यसको राम्रो प्रतिफल प्राप्त हुन्छ भन्ने शब्देशमूलक जानकारीहरू कथाको र चित्रको माध्यमबाट देखाइएकाले यि चित्रहरू पाठ अनुसार मूर्त रहेको पाइन्छ ।

खेर नफालौँ प्रवन्धमा रहेका चित्रहरूले खाना फाल्न हुदैन खानेकुरा नखाइ हामी बाँच्न सक्दैनौ भन्ने राम्रो सन्देश दिनलाई फलफूल सागबब्जि र दालभात, रोटीको चित्रलाई खेर फाल्न हुँदैन भनेर सन्देशमूलक छाप पनि सफल भएको छ । भने दोस्रो चित्रले पनि पैसालाई खेर फाल्न हुन्न, चाहिने काममा मात्र प्रयोग गर्नुपर्दछ भन्ने सन्देश दिएको छ भने तेस्रो चित्रले पनि शक्तिको महत्वलाई देखाएको छ । त्यस्तै समयलाई चिनाउन घडिको प्रयोग सम्बन्धि घडिको चित्रले पाठलाई सार्थक बनाएको छ ।

'नेपाली' कवितामा रहेको एकमात्र चित्र भएता पनि यसमा नेपाली झण्डा छेउमा रहेको गौतम बृद्ध र नेपाली भेषभुसामा सजिएका महिला पुरुष र हिमाल, पाहाडको सुन्दर दृश्यले कविताले भन्दा बढी चित्र आफैले नेपालीको पहिचान र परिचयलाई पुष्टि गरिरहेको छ ।

'महाकवि देवकोटा' जीवनीमा रहेको एकमात्र देवकोटाको चित्रले पनि पाठलाई मूर्तता प्रदान गरेको छ । 'अचम्मको कुरा' संवादमा रहेको दुइवटा चित्रहरू पनि आफै बोलिरहेका छन् । यसमा रहेका चित्रहरूले अचम्मको कुरा संवादलाई पूर्णता दिएको छ ।

'घामछाया' कवितामा रहेको एकमात्र अति शुन्दर चित्रले घामछायाको प्रसङ्गलाई समेटेर कविताको विषयलाई चित्रले छर्लङ्ग पारेको देखिन्छ। 'बाँदर र गोही' कथामा रहेको तीनवटा चित्रहरू आफै बोलेर कथालाई पूर्णता दिएको छ। यहाँ गोही र बादरको कुराकानीलाई प्रष्टसँग देखाइएको छ। 'सगरमाथा' प्रवन्धमा रहेको एकमात्र सगरमाथाको चित्रले सगरमाथालाई चिनाउन र अमूर्त विचारलाई बुझाउन साहायक सिद्ध भएको पाइन्छ।

'सानु छ है सानु' कवितामा रहेको एकमात्र चित्रले सानो घरको नयाँ छानो र मेहनती नेपालीहरूको पहिचानलाई देखाएको छ र यसमा रहेको चित्रले कविताको यथार्थतालार्य समेटेको भएकाले यो चित्र पूर्ण रहेको छ।

'वीरमानका दिन फर्किए' कथामा रहेका तीनवटा चित्रहरू कथाको विषयवस्तु अनुसार र कथाको प्रसङ्ग अनुसार चित्रहरूले आफ्नै भाषामा कथाको मर्मलाई समेटेको पाइन्छ। यसमा रहेका सबै चित्रहरूले पाठलाई सार्थकता प्रदान गरेको पाइन्छ। छट्टु बटुवा कथामा रहेका तीनवटा चित्रहरूले पनि पाठको मर्मलाई बुझेर आफ्नो ढङ्गले प्रष्ट पारेकाले यहाँ रहेका चित्रहरू मूर्त रहेका छन्।

### ४.४.३ स्व-सिकाइलाई प्रवर्द्धन गर्ने

पाठ्यपुस्तकमा प्रयोग गरिने चित्रहरूले विद्यार्थी स्वयम्लाई नै आफैं पढ्नु पर्छ, सिक्नुपर्छ, यो मेरै लागि हो भन्ने र उनीहरूमा रुचि जगाउने खालका हुनुपर्दछ। पुस्तकका चित्र हेर्न साथ विषयवस्तु पढौं, पढौं लागोस् र सिक्न प्रेरणा प्रदान गरोस्। यस्ता किसिमका चित्र छनोटमा पाठ्यपुस्तक निर्माता विशेष चनाखो हुनुपर्दछ। यस आधारमा 'असल विचार' कवितामा भएको चित्रमा रहेको वरीपरी गोलो घेरा लागेर बसेका अभिभावक र केटाकेटीहरूले असल विचार लिइ इमान्दार हुनुपर्छ भनेर अभिभावकले सिकाइ र गफ गर्दै गरेको चित्रले विद्यार्थीहरूको आफै चित्र हेर्दै आफै सिक्दै गर्ने देखिन्छ। यो चित्रले विद्यार्थीहरूलाई स्व-सिकाइमा प्रवर्द्धन गर्न मद्धत गर्दछ। 'ढुङ्गाको खिचडी' कथामा रहेको पहिलो चित्रमा एकजना बुढी आमाको घरमा एकजना बटुवा आएर साझको बेला बास बस्न मागेको कुरा देखिन्छ भने दोस्रो चित्रमा बटुवाले ढुङ्गो पकाएर खान्छु भनेर आफ्नो झोलाबाट ढुङ्गो निकालेर बुढीको अगाडि देखाइएको चित्र रहेको छ। त्यस्तै तेस्रो चित्रमा बटुवाले ढुङ्गाको चम्का लगाएर एउटा भाडोमा ढुङ्गो पकाउन थालेको चित्र रहेको छ। चौथो चित्रमा बटुवाले बुढी आमालाई छक्याउदै दाल, चामल, घ्यु, नुन मागेर खिचडी

पकाएको दृश्य देखिन्छ भने पाँचौ चित्रमा भने बटुवाले ढुङ्गोको खिचडी पकाएको भन्दै छलेको ढुङ्गोलाई बुढीआमा भित्र पस्दै गरेको बेला खिचडीको भाडोबाट झिकेर फ्याक्दै गरेको देखिन्छ । यि चित्रहरू हेरेर कक्षा तीनका बालबालिकाहरूको स्व-सिकाइलाई प्रवर्द्धन गर्न मद्धत पुगेको देखिन्छ ।

'म को हुँ ?' प्रवन्धमा रहेका पानी सम्बन्धि चित्रहरूले सुरुका चित्रमा सानी बालिकालाई देखाइएकाले स्व-सिकाइ दोधारमा रहेको पाइन्छ, पाठको शीर्षकमा को हुँ ? रहेकाले पनि, म को हुँ प्रश्नको उत्तरमा चित्र हेरेर बालबालिकाहरूले एउटी केटी, अथवा बालिका हो भनेर परिचय दिन पछि पर्दैनन भने तेस्रो र चौथो चित्र ले मात्र स्व-सिकाइलाई सहि उत्तर दिने देखिन्छ । 'किताब' कवितामा रहेको चित्रले छरिएर रहेका र पाना पल्टिएका चित्रहरूले बालबालिकाहरूको स्वसिकाइमा नकरात्मक प्रभाव पार्ने देखिन्छ ।

'अनौठो परीक्षा' कथामा रहेका चित्रहरूले गुरुको आज्ञा पालना गर्नुपर्छ, पढाएको कुरा ध्यान दिएर सुन्नुपर्छ, र व्यवहारमा राम्रा कुराहरू मात्र लागु गर्नुपर्छ भन्ने शन्देश दिइएको छ । यहाँ भएका तीनवटा चित्रहरूले स्व-सिकाइमा प्रवर्द्धन गरेको देखिन्छ । 'हाट बजार' संवादमा रामजन र शिल्पाको कुराकानीलाई समेटिएको छ । यहाँ रहेको एकमात्र हाटबजार लागेको चित्रले हाटबजारलाई स्पष्ट रूपले चिनाएकाले विद्यार्थीहरूले चित्रका माध्यमबाट आफै पाठ बुझ्न सक्ने रहेका छन् ।

'खेतीवाल' कवितामा रहेका चित्रहरूले खेतमा काम गर्दै गरेको धान, गहुँ पाकेको दृश्यले वालवालिकाहरूलाई पाठप्रति रुचि जगाउन सहयोग गर्दछ । 'नयाँ वर्षको उपहार' कथामा रहेका विभिन्न चित्रहरूले पाठलाई रोचक र सार्थक बनाइ विद्यार्थीहरूको पढाइ प्रति उत्सुकता जगाउन र शिक्षकलाई समेत शिक्षण गर्न सजिलो वातावरण सिर्जना गरेका छन् । यि चित्रहरूले विद्यार्थीको स्व-सिकाइलाई प्रवर्द्धन गर्न सहयोग गरेको छ । खेरनफालौं, प्रवन्धमा रहेका, खानेकुराका चित्रहरू, पैसाको चित्र शक्तिका प्रकारहरू भएको चित्र र समय जनाउने घडिको चित्रले पाठलाई सु-सैन्दर्य दिएको छ र यि चित्रहरूले विद्यार्थीहरूलाई खानेकुरा, पैसा, शक्ति र समयलाई खेर फाल्न हुँदैन भन्ने शन्देश सँगै स्व-सिकाइलाई प्रवर्द्धन गरेको देखिन्छ ।

'नेपाली' कवितामा रहेको एकमात्र सुन्दर चित्रले पनि कवितालाई ठूलो शोभा दिएको छ । हिमालचुलीको फेदमा रहेका गौतम बुद्ध र नेपालको राष्ट्रिय झण्डाले नेपालीको

पहिचानलाई समेटेको छ । 'महाकवि देवकोटा' जीवनीमा रहेको देवकोटाको चित्रले माहाकवि लक्ष्मीप्रसाद देवकोटालाई चिनाउन सरल बनाएको छ ।

'अचम्मको कुरा' संवादमा रहेको दुइवटा चित्रहरूमा कमिला र गोवर कमिला हेर्न आएका मानिस र जात्रा लागेको चित्र रहेको छ । यस पाठमा भएका चित्रले स्व-सिकाइ प्रवर्द्धन गर्ने प्रयास गरेको छ ।

'घामछाया' कवितामा रहेको चित्रमा घाम र पृथ्वीमा रहेका हरियाली, बोटविरुवा खोला नालामा रहेका छायाको वयान गरिएको छ । यो चित्र अति सुन्दर, मनमोहन र आकर्षक रहेकाले पनि बालबालिकाहरूले स्व-सिकाइलाई यो चित्र हेरेर प्रर्द्धछन् गर्न सक्ने देखिन्छ । बाँदर र गोही कथामा रहेको पहिलो ाित्रमा एउटा रुखको हागाँमा बाँदर बसेको र गोही पानीमा रहेको देख्न सकिन्छ । दोस्रो चित्रमा वरिपरी वनजङ्गल र बिचमा रहेको नदिमा रहेको गोहीको ढाडमा रेको बाँदरले नदि तर्दै गरेको दृश्य रहेको छ । त्यस्तै तेस्रो चित्रमा बादर रुखमा र गोही पानीमा रहेको चत्रि देखिन्छन् यो चित्रमा बाँदरले गोहीलाई जिल्याएको देख्न सकिन्छ । यो चित्रले स्व-सिकाइ प्रवर्द्धन गरेको पाइन्छ ।

'सगरमाथा' प्रवन्धमा रहेको सगरमाथाको चित्रले सगरमाथालाई प्रष्टसँग चिनाउन र बुझाउन सहयोग गरेको पाइन्छ । 'सानो छ है सानु' कवितामा रहेको सुन्दर चित्रले पनि विद्यार्थीको स्व-सिकाइ प्रवर्द्धनमा सहयोग पुऱ्याएको देखिन्छ । 'वीरमानका दिन फर्किए' कथामा रहेका तीन फरक-फरक प्रसङ्गका चित्रहरूले फरक-फरक सन्देश प्रवाह गरेका छन् । विद्यार्थीले यि चित्रहरू हेरेर पाठको मर्मलाई आफै बुझ्न सक्ने भएकाले यहाँ समाविष्ट चित्रहरूले स्व-सिकाइलाई प्रवर्द्धन गर्नमा सहयोग पुऱ्याएको छ । यस मेरो नेपाली पाठ्यपुस्तकमा समाविष्ट पाठहरूमा रहेका चित्रहरूमध्ये अधिकांश चित्रहरू स्व-सिकाइलाई प्रवर्धन गर्ने किसिमका रहेका छन् ।

### ४.४.४ सिर्जनात्मक विचारलाई जगाउने

पाठ्यपुस्तकमा प्रयुक्त चित्र विद्यार्थीहरूमा सिर्जनात्मक विचारलाई जगाउने खालका हुनुपर्दछ । विद्यार्थीमा चित्रकै माध्यमबाट रचनात्मक क्षमताको विकास गर्न सक्ने किसिमको हुनुपर्दछ । केही कुरा देखेर नयाँ कुराको विकास गर्नु सिर्जना हो । यस आधारमा 'असल विचार' कविताको चित्र सिर्जनात्मक क्षमता विकास गर्न सहयोग पुऱ्याउने किसिमको छ ।

यस चित्रका माध्यमबाट बालकालिकाहरूले असल विचार, इमान्दार हुन सिकाउदछ । त्यस्तै 'ढुङ्गाको खिचडी' कथामा रहेका पाँच चित्रहरू सिर्जनात्मक विचारलाई जगाउने किसिमका रहेका छन् । यस पाठको पहिलो चित्रमा एक बटुवा बास माग्न एउटी बुढीको घरमा आएको देखन्छ । दोस्रो चित्रमा ढुङ्गो पकाएर खान्छु भनेर वटुवाले ढुङ्गा देखाएको चित्र छ, त्यस्तै तेस्रो चित्रमा खिचडी पकाएको चित्र छ, भने चौथो चित्रमा दाल, चामल मागेर खिचडी पकाउँदै गरेको र पाँचौ चित्रमा ढुङ्गो खिचडीबाट झिकेर फ्याकेको चित्रले के देखाउछ भने लोभि बुढीको घमण्डलाई तोडेर एउटा वटुवाले खिचडी पकाएर खाएको चित्रले सिर्जनात्मक विचारलाई जगाउने रहेको छ । 'म को हुँ ?' प्रवन्धमा रहेका चारवटा चित्रहरूलाई पनि पानी सम्बन्धि सन्देशलाई प्रवाह गरेको छ । 'किताब' कवितामा रहेको चित्रले किताबको गुण र महत्वको विषयमा रहेको चित्रले पनि किताबलाई माया गर्नुपर्छ भन्ने सन्देश दिएको छ ।

'अनौठो परीक्षा' कथामा रहेका तीनवटा चित्रहरू ज्ञानवर्धक तथा सिर्जनात्मक रहेका छन् । यस कथाको पहिलो चित्रले ठूला मानिस र गुरुहरूले अह्राएको कुरा र ज्ञान गुनका कुरालाई मानेर आफ्नो जीवनमा राम्रा कुराहरू लागु गर्न सिक्नुपर्छ भन्ने कुराको सन्देश दिएको पाइन्छ भने दोस्रो र तेस्रो चित्रले पनि सु-विचार र सफल हुने बाटोको सन्देशलाई देखाएको छ । त्यस्तै 'हाट बजार' संवादमा रहेको एक मात्र चित्रले हाटबजारको राम्रो चिनारी दिएको छ । यो चित्र हेरे बालबालिकाहरू सिर्जनात्मक विचारलाई जगाउने रहेको छ । 'खेतीवाल' कविताको चित्र स्पष्टता र आकारको दृष्टिले जे जस्तो भएता पनि खेतीवाल र खेतीलाई चिनाउन खोजिएको देखिन्छ । चित्रहरूको आधारमा खेती गर्ने तरिका किसान र खेतीवालले गर्ने कामलाई हेरेर बालबालिकाहरू सिर्जनात्मक बन्न प्रेरित गर्ने खालका रहेका छन् ।

'नयाँ वर्षको उपहार' कथामा समाविष्ट चित्रहरू विद्यार्थीमा सिर्जनात्मक विचार उत्पन्न गर्न सहायक छन् । पहिलो चित्रले सामाजिक परम्परामा रहेको जापानको दुई बुढा बुढीको चित्र रहेको छ । त्यसैगरी दोस्रो चित्रले एक अर्का प्रति सद्भाव र सहिसुणता देखाएको छ, भने तेस्रो चित्रमा बुढाले जिजोउसामाहरूको मूर्तिको दुःख र हिउले छोपेको देखेकाले माया र करुणा व्यक्त गरेको देखिन्छ । चौथो चित्रमा जिजोउसामाहरू प्रसन्न भएर दुःखी बुढाबुढीलाई अन्न, फलफूल तरकारी लिएर आएको देखिन्छ भने पाँचौ चित्रमा

जिजोउसामाका मूर्तिहरू घर फर्किएको र बुढाबुढी खुसी भएको तस्विरले कसैलाई सेवा र सद्भाव राख्यो भने सेवाको फल अवश्य मिल्छ भन्ने सन्देशका कारण वालवालिकाहरूले सिर्जनात्मक विचारलाई जाउने रहेको छ ।

'खेर नफालौँ' प्रवन्धमा रहेका चारवटा चित्रहरू फरक-फरक प्रसङ्ग र शीर्षकमा रहेका छन् । यि चित्रहरूले बालबालिकाहरूलाई खानेकुरा, पैसा, शक्ति र समयलाई मानवले खेर फाल्न हुँदैन भन्ने सन्देश यसमा प्रवाह गरिएकाले सिर्जनात्मक विचारलाई विद्यार्थीमाझ चेतना जगाउने रहेको छ । 'नेपाली' कवितामा रहेको बुद्धको नेपालको झण्डा र नेपाली भेष भुषामा रहेका मानिसहरूको चित्रले नेपालीपनलाई र नेपाली स्वाभिमानलाई झल्काउँछ ।

'माहाकवि देवकोटा' जीवनीमा समावेश देवकोटाको चित्रले सिर्जनात्मकता थपेको छ । चित्र हेरेर नै देवकोटालाई चिन्ने र नेपाली साहित्यप्रतिको उत्सुकता जगाउने खालको सन्देश दिएको छ । 'अचम्मको कुरा' संवादमा रहेका दुइवटा चित्रहरू मध्ये पहिलो चित्र त्यति नबुझिए पनि दोस्रो चित्रले जात्रा र चिनी कमिला र गोवर कमिलालाई चिनाएको छ । 'घामछाया' कवितामा राखिएको एउटा मात्र चिजबाटै के बुझ्न सकिन्छ भने घाम र छाया एक अर्काकाको परिपुरक हुन र जब घाम हुन्छ तव छाँया पनि घामको परिपुरकको हरूमा रहेको पाइन्छ । यस चित्रले सुन्दर पाहाडी मनमोहक दृश्यलाई समेटेको पाइन्छ । यस चित्रको अध्ययनले बालबालिकाहरूमा सिर्जनात्मक विचारलाई जगाउने कुरा स्पष्ट रहेको छ ।

'बाँदर र गोही' कथामा रहेको तीनवटा चित्रहरूले सिर्जनात्मक विचारलाई जगाउने खालका रहेका छन् । 'सगरमाथा' प्रबन्धमा रहेको एकमात्र चित्रले सगरमाथालाई छर्लङ्ग पारेको छ । 'सानु छ है सानु' कवितामा रहेको चित्र हरियाली सुन्दर पाहाडी परिवेशको विचमा रहेको सानु नयाँ घरको छानुको वर्णन गरिएको चिजले सिर्जनात्मक विचारलाई जगाउने खालका रहेको छ ।

'वीरमानका दिन फर्किए' कथामा रहेका तीनवटा चित्रहरू विषय र प्रसङ्ग अनुसार सिर्जनात्मक रहेको पाइन्छ । पहिलो चित्रमा सुन्दर पाहाडी वातावरणमा वनजङ्गल र वनजङ्गलको विचमा सुन्दर सफा घरलाई देख्न सकिन्छ भने दोस्रो चित्रमा वनजङ्गल फाडेर नाङ्गो बनाएको दृश्य रहेको छ । भने तेस्रो चित्रमा वृक्षरोपण गरेको दृश्यले बालबालिकालाई सिर्जनात्मक बन्न प्रेरित बनाएको छ ।

यस पाठ्यपुस्तकको अन्तिम अर्थात पाठअठारको छट्टु बटुवा कथामा रहेको तीनवटा चित्रहरू सिर्जनात्मक रहेको छ । अन्त्यमा यस पुस्तकमा समाविष्ट चित्रहरू मध्ये अधिकांश चित्रहरू सिर्जनात्मक विचारलाई प्रवर्द्धन गर्ने किसिमका रहेका छन् ।

### ४.४.५ बहुसङ्ख्यक विद्यार्थीको बौद्धिक क्षमता सुहाउँदो

पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरू बहुसङ्ख्यक विद्यार्थीहरूका बौद्धिक क्षमता सुहाउँदो हुनुपर्दछ । चित्रका माध्यमबाट बताउन खोजेको कुरा बहुसङ्ख्यक विद्यार्थीले बुझ्नु पर्दछ । पाठको आशय तथा सन्देशलाई विद्यार्थीहरूले भेउ पाउन सकेनन् भने त्यो चित्रको अर्थ रहँदैन । यहाँ पथरी शनिश्चरे नगरपालिकाका ३ वटा विद्यालयका ६० जना विद्यार्थीहरूसँग गरिएको सर्वेक्षणमा कक्षा ३ को मेरो नेपाली कितावको पाठमा राखिएका चित्रहरूमध्ये पनि बहुसङ्ख्यक चित्रहरू विद्यार्थीको स्तर तथा बौद्धिक क्षमता सुहाउँदा छन् ।

'कविता अन्तर्गत' असल विचार, किताब, खेतीवाल, नेपाली, घामछाया, सानु छ है सानु कविताहरू यस पाठ्यपुस्तकमा रहेका छन् । ६ वटा कविताहरूमा आठवटा चित्रहरू रहेका छन् । यी कवितामा रहेका चित्रहरू विद्यार्थीहरूको बौद्धिक क्षमता सुहाउँदो किसिमको रहेको छ । त्यसैगरी, 'किताव' कविताको चित्र पनि सबै विद्यार्थीको समान बुझाइ हुनेखालको चित्र प्रयोग भएको छ । 'खेतिबाल' कवितापनि विद्यार्थीहरूको बौद्धिक क्षमता सुहाउदो रहेको छ र यहाँ भएका तीनवटा चित्रहरूले पनि खेतिवालको र खेतीको छुट्टै परिचय दिने देखिन्छ । नेपालीकविताले बहुसङ्ख्यक विद्यार्थीको बौद्धिक क्षमतालाई एउटै चित्रले समेटेको छ । त्यसैगरी घामछाया कविताले आफ्नो चित्र घाम र छायाको परिचयलाई चित्रका माध्यमले बहुसङ्ख्यक विद्यार्थीको बौद्धिक क्षमता सुहाउदो बनेर देखाएको छ । 'सानु छ है सानो' कवितामा रहेको सुन्दर मनमोहक हेर्दै सबै बालबालिकाको मन तान्ने खालको चित्र समावेशले सबै विद्यार्थीलाई समेटेको पाइन्छ ।

कथा अन्तर्गत ढुङ्गाको खिचडी, अनौठो परीक्षा, नयाँ वर्षको उपहार, बाँदर र गोही र छट्टु बटुवा पाठहरूमा राखिएका चित्रहरू बहुसङ्ख्यक विद्यार्थीहरूको बौद्धिक क्षमता सुहाउँदा नै छन् । झट्ट हेर्दा नै यी चित्रहरूले बताउन खोजेको सन्देश तथा भाव विद्यार्थीहरूले सहजै अनुमान लगाउन सक्ने खालका छन् । यस पुस्तकमा भएका कथाहरूमा समावेश भएका अधिकांश चित्रहरूले पाठले भन्न खोजेको कुराहरू छर्लङ्ग पार्नुका साथै बहुसङ्ख्यक विद्यार्थीको बौद्धिक क्षमता सुहाउँदो रहेका छन् ।

बहुसङ्ख्यक विद्यार्थीको बौद्धिक क्षमता सुहाउँदा चित्रहरूको अध्ययन गर्ने क्रममा प्रबन्धअन्तर्गत म को हुँ ?, खेर नफालौँ, सगरमाथा वीरमानका दिन फर्किए, प्रवन्धहरू रहेका छन् । यी प्रवन्धहरूमध्ये 'म को हुँ ?' प्रवन्धमा रहेका चारवटा चित्रहरू विद्यार्थीको बौद्धिक क्षमता सुहाउँदो दृष्टिकोणबाट हेर्दा त्यति उत्कृष्ट देखिँदैन । खेर नफालौ प्रवन्धमा रहेका चारवटा चित्रहरू विद्यार्थीको बौद्धिक क्षमता सुहाउँदो किसिमका रहेका छन् । त्यसैगरी 'सगरमाथा' प्रवन्धमा रहेको चित्र पनि विद्यार्थीको बौद्धिक क्षमता सुहाउँदो नै रहेको छ । त्यसैगरी बीरमानका दिन फर्किए प्रवन्धमा रहेका तीन चित्रहरू बहुसङ्ख्यक विद्यार्थीहरूको बौद्धिक क्षमता सुहाउँदो रहेका छन् ।

विद्यागत रूपमा अध्ययन गर्ने क्रममा संवाद अर्न्तगत, 'हाटबजार' अचम्मको कुरा रहेकाछन् । 'हाटबजार' अचम्मको कुरा रहेका छन् । 'हाटबजार' संवादमा रहेको एकमात्र चित्र बालबालिकाहरूको बौद्धिक क्षमता सुहाउदो रहेको छ भने 'अचम्मको कुरा' संवादमा रहेका दुइवटा चित्रहरू बालबालिकाहरूको बौद्धिक क्षमताअनुसार त्यति अब्बल देखिदैनन् ।

बहुसङ्ख्यक विद्यार्थीको बौद्धिक क्षमता सुहाउँदो अध्ययन गर्ने क्रममा कक्षा तीनको मेरो नेपाली किताबमा रहेको एकमात्र जीवनी 'माहाकवि देवकोटा' जीवनीको अध्ययन गर्दा यहाँ भएको एकमात्र देवकोटाको चित्र बालबालिकाहरूको बौद्धिक क्षमता सुहाउँदो रहेको छ । समग्रमा भन्नुपर्दा कक्षा तीनको मेरो नेपाली किताबमा भएका अधिकांश चित्रहरू बहुसङ्ख्यक विद्यार्थीहरूको बौद्धिक क्षमता अनुसारको रहेका छन् ।

## ४.५ भौगोलिक, सांस्कृतिक, लैङ्गिक र जातिगत सङ्गति

पाठ्यपुस्तकमा प्रयोग गरिएका चित्रहरू सांस्कृतिक र भौगोलिक पूर्वाग्रहबाट मुक्त हुनुपर्दछ । समाजमा विभिन्न जातजाति, भाषा तथा धर्म संस्कृति अनुसारका भिन्न संस्कार तथा परम्परा रहेका हुन्छन् । उक्त भिन्नता तथा विविधतालाई पक्षपात हुने गरी वा कसैलाई प्रोत्साहन हुने र कसैलाई आलोचना गर्ने दृष्टिकोणले चित्रहरूको प्रयोग गरिनु हुँदैन । विभिन्न धर्मलम्बीहरूका चाडपर्वहरू मनाउने तरिकाहरूमा विविधता हुन्छ । जन्म, मृत्यु तथा विवाहका संस्कारहरूमा विविधता हुन्छ । थारु, ब्राहमण, क्षेत्री, मगर, चौधरी, नेवार, राई, लिम्बू आदि जातिगत पृथकता अनुसार संस्कृति तथा संस्कारमा विविधता हुनु स्वभाविकै हो । यी विविधतामा एकता रहेको नेपालका पाठ्यपुस्तकमा प्रयोगमा ल्याएका चित्रमा कसैलाई उत्साहित र कसैलाई हतोस्साहित हुने गरी चित्रको संयोजन गरिनु हुँदैन ।

यसको मतलब कुनै धर्मलाई लिएर तुलनात्मक रूपमा राम्रो र नराम्रो भनी भनिनु र सोही अनुसारका चित्रहरू यसमा संयोजन गरिनु हुँदैन । यस आधारमा यस पाठ्यपुस्तकमा प्रयोग गरिएका चित्रहरू स्तरीय छन् ।

यस पाठ्यपुस्तकमा धार्मिक विविधता र भौगोलिक विविधतालाई पक्षपात हुनेगरी चित्रहरू राखिएका छैनन् । भौगोलिक तथा धर्म संस्कृतिलाई प्रतिनिधि गर्ने गरी नयाँ वर्षको उपहार (कथा र अचम्मको कुरा संवादमा रहेका चित्रहरू राखिएका छन् । नयाँ बर्षको उपहार कथामा जापानको कथालाई उठान गरेता पनि नेपाली हिन्दु धर्मालम्बीहरूले पनि मूर्तिलाई पुजा गर्ने र नयाँ वर्ष मनाउने चलन भएको हुनाले मुर्तिहरूको चित्र राखिएको हो । नेपाल बहुसङ्ख्यक हिन्दु धर्मालब्बी भएको राष्ट्र भएकाले मन्दिर, मूर्तिको चित्र राखिएको हो । सबै धर्मालम्बीहरूका मठ मन्दिर र मुर्तिहरू राखिएको भए अझ पक्षपात तथा पूर्वाग्रह विहिन हुने थियो तर पनि सबै धर्मका मठमन्दिर, गुम्बा, चैत्य र मस्जिदहरूका चित्रहरू एउटै पाठ्यपुस्तकमा समावेश गर्न असम्भव हुने हुनाले हिमाल, पाहाड, तथा तराई जस्ता भौगोलिक विविधता भएको राष्ट्रको पठन पाठन हुने पाठ्यपुस्तकमा भौगोलिक पूर्वाग्रहको रङ देखिदैँन । सरसर्ती हेर्दा यस पाठ्यपुस्तकमा सांस्कृतिक तथा भौगोलिक पूर्वाग्रहबाट मुक्त रहेको देखिन्छ ।

लिङ्गका हिसाबले मानिसलाई महिला, पुरुष गरी दुई वर्गमा बाड्न सकिन्छ । यसरी लिङ्गलाई पक्षपात वा पूर्वाग्रहपूर्वक चित्रमा संयोजन गर्नु हुँदैन् । पुरुषहरूको चित्र बढी राख्ने, महिलाहरूको चित्र कम राख्ने, कतै पुरुष नै पुरुष र कतै महिलानै महिला राख्ने तथा महिलालाई सामान्य र आर्थिक उपार्जन नहुने र मूल्यविहिन कामहरू गरेको देखाउनु र कठिन बहारी, आयआर्जन हुने काम पुरुषले मात्र गरेको देखाइनु पनि लैङ्गिक पक्षपातको ठूलो उदाहरण हो । यस पाठ्यपुस्तकमा लैङ्गिक पूर्वाग्रह वा पक्षपातको रङ केही मात्रामा भए पनि देख्न सकिन्छ । यस पाठ्यपुस्तकमा अठार पाठहरूमा ४३ वटा चित्रहरू राखिएका छन् । जसमा करिब ७५ प्रतिशत पुरुष तथा २५ प्रतिशत महिला र १४ वटा मानवेत्तर चित्रहरू राखिएका छन् । ४३ वटा चित्रहरू भित्र पनि महिला र पुरुषका त्रिरूप कसरी प्रस्तुत गरिएको छ भनेर अध्ययन गर्दा यहाँ लैङ्गिक पक्षपात रहेको देखिन्छ । २९ वटा मानवीय चित्रहरूमध्ये 'असल विचार' कवितामा चार जना पुरुष र तीनजना महिला र 'नेपाली' कवितामा पनि दुई जना पुरुष र एकजना महिलाको चित्र राखिनुले आधाभन्दा बढी

महिलाको जनसङ्ख्या भएको देशमा पठन-पाठनमा ल्याइएको पाठ्यपुस्तकमा वस्तु पक्षपात हुनु लिङ्गगत पूर्वाग्रहको लक्षण हो भन्न सकिन्छ । यस पाठ्यपुस्तकमा राखिएका कथा अन्तर्गत चारवटा कथाहरूको अध्ययनमा चित्रमा महिलाको सङ्ख्या २१ (एक्काइस) जना रहेको पाइएकाले स्पष्ट रूपमा भन्न सकिन्छ कि पाठ्यपुस्तक निर्माणमा पूर्वाग्रह अवश्य पनि भएको हो ।

यस पाठ्यपुस्तकमा रहेका प्रवन्धअर्न्तगत म को हु ? प्रवन्धमा चार जना महिला र २ जना पुरुषलाई देखाइएको छ । खेर नफालौं प्रवन्धमा मानवेत्तर चित्रहरू रहेका छन् । सगरमाथा प्रवन्धमा पनि मानवेत्तर चित्र रहेको छ भने वीरमानका दिन फर्किए प्रवन्धमा पनि महिला चार र पुरुषको सङ्ख्या तीन रहेको देखाएको छ । प्रवन्ध अर्न्तगत भने पुरुषको चित्र भन्दा महिलाको चित्र केही बढी रहेको पाइन्छ । भने संवाद अर्न्तगत हाटबजार संवादमा बराबर महिला र पुरुषको सङ्ख्या बराबर जस्तै पाइयो भने ‘अचम्मको कुरा’ संवादमा महिला भन्दा पुरुषको धेरै चित्रहरू रहेको पाइन्छ । यस किताबमा रहेको एकमात्र जीवनीको चत्रिमा पनि पुरुषको चित्र नै रहेको पाइन्छ । यी माथिका केही उदाहरणहरूले मात्र कक्षा ३ को मेरो नेपाली किताब लैङ्गिक पक्षपातका हिसाबले मुक्त रहन सकेको देखिँदैन ।

### ४.५.१ नैतिक मूल्य र आदर्श

हरेक देशमा आ-आफ्नै नैतिक मूल्य र नतिनियमहरू रहेका हुन्छन् । ती नीतिनियमहरूलाई वैवास्ता हुने गरी चित्रहरूको प्रयोग गरिनु हुँदैन । आफूभन्दा ठुलाको सम्मान तथा सानालाई माया गर्ने, आमाबुवालाई आदर सम्मान वा सम्मानित व्यक्तिहरूको इज्जतजस्ता कुराहरू नैतिक पक्षभित्र पर्दछन् । यी कुराहरूको वेवास्ता हुने गरी आमाबाबुलाई अपमान, गुरुलाई हेलाँ सम्मानित व्यक्तिलाई अनादर गर्नु नैतिक मूल्यको बेवास्ता गर्नु हो । यस्ता नैतिक मूल्यहरूसँग सम्बन्धित कुराहरू नैतिक आदर्श हुन् । अझ भन्दा हरेक समाजमा आ-आफ्नै नैतिक मूल्य र तिनले सिकाएका आदर्श रहेका हुन्छन् । यस्ता नैतिक मूल्य र आदर्शलाई बेवास्ता हुनेगरी पाठ्यपुस्तकमा चित्रहरूको संयोजन गर्नु हुँदैन । नैतिक मूल्यका आधारमा व्यक्ति, समाज र राष्ट्रको आदर्श निर्माण भएको हुन्छ । यी सबै कुराहरूलाई विशेष ख्याल गरी चित्रको संयोजन गर्नु बुद्धिमानी हुन्छ । यस आधारमा कक्षा तीनको मेरो नेपाली किताब स्तरीय नै देखिन्छ । समग्रमा भन्नुपर्दा यो पाठ्यपुस्तकमा

नैतिक मूल्य र आदर्शको वेवास्ता हुने गरी चित्रहरू राखिएका छैनन् । यो पाठ्यपुस्तकको सवल पक्ष हो ।

### ४.५.२ मनोवैज्ञानिक पक्ष र अनुकूलता

पाठ्यपुस्तकमा राखिएका चित्रहरू विद्यार्थीहरूको मनोभावमा चोट पुग्ने खालका हुनु हुँदैन । विभिन्न जात, वर्ग, पेसा, लिङ्ग, धर्म, वर्ण, सम्पत्ति आदि कुराहरूमा आधारित भएर पाठ्यपुस्तकमा राखिएका चित्रहरूले विद्यार्थीको मनोभावमा चोट पुऱ्याउन सक्छन् । जस्तै अपाङ्ग भएका व्यक्तिलाई हेला गरेको त्रि, गरिब भनेर घृणा गरेको चित्र महिला भनेर हेला गरिएको त्रि, तेस्रो लिङ्गी भनेर हेला गरेको त्रि वा जातिगत हिसाले सम्मान तथा अपमान गरेको चित्र पाठ्यपुस्तकमा राखियो भने सम्बन्धित पक्षमा आफूलाई कमजोर महसुस गरेको व्यक्तिको मनमा गम्भीर चोट पर्न जान्छ । विविध ज्ञान हासिल गर्न इच्छुक कोमल हृदय भएका विद्यार्थीहरूको मनोभावलाई चोट नपुऱ्याउने खालका चित्रहरू पाठ्यपुस्तकमा समावेश गर्नु पर्दछ । समग्र पाठ्यपुस्तकको अध्ययन गर्दा यहाँ भएका चित्रहरूले अपाङ्ग, गरिब, कम पहुँच भएका विद्यार्थीहरू कसैलाई पनि मनमा चोट पुऱ्याउने किसिमका चित्रहरू यस पाठ्यपुस्तकमा राखिएको पाइँदैन । यस आधारमा यो पुस्तकमा समावेश गरिएका चित्रहरू स्तरीय र उपयुक्त रहेका छन् ।

परिच्छेद पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

जुनसुकै अध्ययन अनुसन्धानको कार्य आफैमा एउटा जटिल प्रक्रिया हो । यस्ता अध्ययन तथा अनुसन्धानले खास महत्व र अर्थ राख्दछ साथै अध्ययनको आफ्नै उद्देश्य र औचित्य पनि हुन्छ । कक्षा तीनको मेरो नेपाली किताबको १८ वटा पाठमा १८ वटैमा चित्रहरू रहेका छन् । यी चित्रहरूलाई आन्तरिक र बाह्य गरी दुईवटा आधार र त्यसभित्र थुप्रै उपआधारहरू निर्माण गरी अध्ययन विश्लेषण गरिएको छ । बाह्य आधार अर्न्तगत बनोट, दुरुस्तता र वास्तविकता, सङ्ख्यामा पर्याप्तता, चित्रको आकार छपाइ प्रविधि, रखाइ र आकर्षण पर्दछन् भने आन्तरिक आधारमा विषयवस्तु सुहाउँदो, अमूर्त विचारलाई बुझाउन साहयक, स्व-सिकाइलाई प्रवर्धन गर्ने आधारहरू पर्दछन् । यिनीहरूलाई छुट्टा छुट्टै व्याख्या विश्लेषण गरिएको छ साथै विद्यार्थीहरूसँग प्रत्यक्ष छलफल गरी विद्यार्थीहरूको बोध क्षमता र सन्तुष्टिको आधारमा जनक शिक्षा सामग्री केन्द्रद्वारा मुद्रित कक्षा ३ को मेरो नेपाली पाठ्यपुस्तक २०७३ को अध्ययन अनुसन्धान र तथ्याङ्क सङ्कलन गरिएको छ ।

बनोटका आधारमा यस पाठ्यपुस्तकमा भएका धेरैजसो चित्रहरू स्तरीय रहेका छन् । किताब, कविताको चित्र खासै प्रभावकारी जस्तो देखिदैन । यसैगरी बाँदर र गोही कथा अनौठो परीक्षा कथा, खेतीवाल कविता, अचम्मको कुरा संवाद जस्ता पाठहरूमा रहेका चित्रहरूमा अस्पष्टता र हल्का मधुरो देखिने कुरा विद्यार्थीहरूसँग गरिएको अध्ययन अनुसन्धानले स्पष्ट पारेको छ ।

दुरुस्तता र वास्तविकताका आधारमा पनि धेरैजसो चित्रहरू स्तरीय छन् । ‘असल विचार’ कवितामा रहेको चित्रमा वास्तविकताको अभाव भएपनि दुरुस्त रहेको छ । ‘ढुङ्गाको खिचडी’ कथामा रहेको चित्रहरू वास्तविक र दुरुतता रहेको छन् । ‘म को हुँ ?’ प्रवन्धका चित्रहरू दुरुस्तता र वास्तविकता झल्काउने रहेका छन् । ‘किताब’ कवितामा रहेको चित्रमा दुरुस्तता र वास्तविकताको अभाव पाइने कुरा अध्ययनले देखाउछ । त्यसैगरी ‘अनौठो परीक्षा’ कथा, ‘हाटबजार’ संवाद, मा रहेका चित्रहरू वास्तविक र दुरुस्त रहेका छन् । ‘खेतीवाल’ कवितामा रहेका चित्रहरूमा दुरुस्तता र वास्तविकताको अभाव पाइन्छ । ‘नयाँ

वर्षको उपहार' कथा, खेर नफालौ प्रवन्ध, नेपाली कविता, महाकवि देवकोटा जीवनीमा रहेका चित्रहरू दुरुस्तता र वास्तविकता झल्किने रहेका छन् भने 'अचम्मको कुरा' संवादमा रहेको चित्रले दुरुस्तता र वास्तविकतालाई त्यति न्याय नगरेको देखिन्छ । यहाँ भएका चित्रहरू अलि अस्पष्ट रहेका छन् । 'घामछाया' कविता, गोही र बादर सगरमाथा प्रवन्ध, सानु छ है सानु कविता, वीरमानका दिन फर्किए प्रवन्ध र छट्टु बटुवा जस्ता पाठहरूमा रहेका चित्रहरू दुरुस्तता र वास्तविकताका आधारमा उपयुक्त रहेको विद्यार्थीसँग गरिएको अध्ययनले जनाएको छ ।

सङ्ख्यामा पऱ्याप्तताका आधारमा यस पाठ्य पुस्तकमा धैरैजसो चित्रहरू स्तरीय छन् । असल विचार कवितामा प्रयोग गरिएको चित्र विषयवस्तु अनुसार सङ्ख्यागत दृष्टिले अपर्ऱ्याप्त देखिन्छ । यस चित्रमा अर्को एउटा चित्र थप्दा उपयुक्त देखिन्छ । 'ढुङ्गाको खिचडी' कथा, 'म को हुँ ?' प्रवन्ध, मा रहेका चित्रहरू सङ्ख्यामा पर्याप्त रहेका छन् । त्यसैगरी किताब कवितामा रहेका चित्रहरू सङ्ख्यामा पऱ्याप्त देखिदैन । अनौठो परीक्षा कथा, हाटबजार संवाद, खेतीवाल कविता, नयाँ वर्षको उपहार कथा, खेर नफालौ प्रवन्धमा रहेका चित्रहरू सङ्ख्यामा पर्याप्त रहेका छन् । भने 'नेपाली' कवितामा एकमात्र चित्र रहेकाले विषयवस्तु अनुसार अब एक चित्र थप्दा मात्र पर्याप्त रहन्छ । 'माहाकवि देवकोटा' जीवनी, 'अचम्मको कुरा' संवाद, घामछाया कविता, बाँदर र गोही कथा सगरमाथा प्रवन्ध, वीरमानका दिन फर्किए प्रवन्ध, सानु छ है सानु कविता र छट्टु बटुवा कथामा रहेका सबै चित्रहरू संख्यात्मक दृष्टिकोणले पर्याप्त रहेको पथरीशनिश्चरे नगरपालीकाका ३ वटा विद्यालयमा गरिएको सर्वेक्षणको तथ्याङ्कले देखाउँछ ।

यस पाठ्यपुस्तकमा समावेश भएका चित्रहरू आकारगत हिसाबले पचहत्तर प्रतिशत चित्रहरू स्तरीय नै रहेका छन् । 'असल विचार' कवितामा रहेको चित्र आकारगत हिसावले अलि सानो रहेको छ । त्यसैगरी खेतीवाल कविताको चित्र पनि आकारगत हिसावले केही साना रहेकाछन् भने नेपाली कविताको चित्र पनि आकारगत हिसावले सानो रहेको छ । भने ढुङ्गाको खिचडी कथामा रहेका चित्रहरू ठूला ठूला रहेका छन् । त्यसैगरी हाटबजारको चित्रपनि आकारगत हिसाबले हेर्दा ठूलो देखिन्छ । भने यस पाठ्यपुस्तकमा रहेका अन्य पाठहरूका चित्रहरू आकारगत हिसावले उपयुक्त र उत्कृष्ट रहेका छन् ।

वास्तवमा कक्षागत आधारमा चित्रहरू आकर्षक र रङ्गिन हुनु जरुरी छ । हालको पाठ्यपुस्तक रङ्गीन भए पनि उचित रङ्गहरूको समायोजन गर्दा झन आकर्षक र उत्कृष्ट हुने थियो । 'असल विचार' कविताको चित्र आकर्षक रहेको छ । 'ढुङ्गाको खिचडी' कथामा रहेका पाँचवटा चित्रहरू आकर्षक रहेका छन् । म को हुँ ? प्रवन्धको पहिलो चित्र त्यति आकर्षक नभएपनि अन्य चित्रहरू आकर्षक देखिन्छ । किताब कवितामा रहेका कितावका छरिएर अनि पाना पल्टिएका किताबको चित्र त्यति आकर्षक छैन् । अनौठो परीक्षा कथाका चित्रहरू धेरै पुराना भएता पनि आकर्षक नै रहेको छ । हाटबजार प्रवन्धमा रहेको चित्र आकर्षक रहेको छ । 'खेतीवाल' कवितामा प्रयोग भएका चित्रमा उचित रङ्गको प्रयोग नभएको र त्यति आकर्षक रहेको पाइएन । नयाँ वर्षको उपहार कथामा रहेका चित्रहरू आकर्षक रहेको छ । खेर नफालौ प्रवन्धमा रहेका चित्रहरू बालबालिकाहरूलाई सन्देश प्रवाह गर्ने खालका र आकर्षक रहेका छन् । नेपाली कविताको एकमात्र चित्र सानो भएता पनि आकर्षक रहेको छ । माहाकवि देवकोटा जीवनीको देवकोटाको चित्र आकर्षक नै छ । अचम्मको कुरा संवादमा रहेका २ चित्रहरू त्यति आकर्षक छैनन् । 'घामछाया' कविताको एकमात्र चित्र अति नै आकर्षक र मनमोहक रहेको छ । बाँदर र गोही कथाका चित्रहरू त्यति आकर्षक रहेका छैनन् । सगरमाथा प्रवन्धको सगरमाथाको चित्र आकर्षक र सुन्दर रहेको छ । सानु छ है सानु कविताको एकमात्र चित्र एकदमै आकर्षक र मनमोहक रहेको छ । वीरमानका दिन फर्किए र छट्टु वटुवा पाठका चित्रहरू पनि आकर्षक रहेका छन् । विद्यार्थीहरूसँग गरिएको अध्ययन अनुसन्धानबाट तुलनात्मक रूपमा भन्नुपर्दा आकर्षक चित्रहरू नै बढी रहेको पाइयो ।

यस पाठ्यपुस्तकमा राखिएका चित्रहरू विषयवस्तुका हिसाबले असल विचार कविता, ढुङ्गाको खिचडी, म को हुँ ? किताब, अनौठो परीक्षा, हाटबजार लगायतका पाठहरूमा रहेका चित्रहरू विषयवस्तु सुहाउदो रहेका छन् । खेतीवालमा खेतीवालको चित्र झल्किने तेस्रो स्थानमा रहेको कविता प्रथम स्थानमा राख्दा राम्रो हुन्छ । नयाँ वर्षको उपहार, खेर नफालौ, नेपाली कविता, माहाकवि देवकोटा, अचम्मको कुरा, घामछाया, बाँदर र गोही, सगरमाथा, सानो छ है सानु, वीरमानका दिन फर्किए र छट्टु बटुवा जस्ता पाठहरूमा रहेका साथै चित्रहरू विषयवस्तु सुहाउदो नै रहेको छ ।

यस नेपाली पाठ्यपुस्तकमा राखिएका चित्रहरू अमूर्त विचारलाई बुझाउन सफल भएका छन् । यस पाठ्यपुस्तकमा भएका चित्रहरू हेरेर विद्यार्थीहरूमा अमूर्त विचारहरू उत्पन्न हुन्छन् । यस पाठ्यपुस्तकमा प्रयोग भएका चित्रहरू हेरेपछि विद्यार्थीहरूमा आफैं सिक्न जागरुक हुने बानीको विकास हुने देखिन्छ । यी चित्रहरू सिर्जनात्मक विचारलाई जगाउने खालका समेत देखिन्छ । चित्र हेरेर आफ्नो व्यवहारमा परितर्वन गराउने तथा चित्र कोर्ने बानीको पनि विकास गर्न सघाउने खालका चित्रहरू भएकाले यी चित्रहरू सिर्जनात्मक क्षमता विकास गर्न सहयोगी देखिन्छन् । यस पाठ्यपुस्तकमा प्रयोग गरिएको चित्रहरू बहुसङ्ख्यक विद्यार्थीको बौद्धिक क्षमता सुहाउँदा छन् ।

यस पाठ्यपुस्तकमा रहेका चित्रहरू संस्कृति तथा भौगोलिक पूर्वाग्रहबाट मुक्त छन् । लैङ्गिक हिसावले यो पुस्तक त्यति स्तरीय देखिँदैन । करिब ७५ प्रतिशत पुरुष तथा करिब २५ प्रतिशत महिला र १४ वटा मानवेत्तर चित्रहरू राखिएका छन् । २९ वटा मानवीय चित्रहरू मध्ये असल विचार कवितामा छारजना पुरुष र तीनजना महिला र नेपाली कवितामा पनि चार जना पुरुष र एकजना महिलाको चित्र राखिनुले आधाभन्दा बढी महिलाको जनसङ्ख्याले ढाकेको देशमा पठनपाठनमा ल्याइएको पाठ्यपुस्तकमा पक्षपात हुनु लिङ्गगत पूर्वग्रह हो । यस पाठ्यपुस्तकमा राखिएका कथा अन्तर्गत चारवटा कथाहरूको अध्ययनमा चित्रमा महिलाको संख्या नौ जना र पुरुषको संख्या २१ जना रहेको पाइएकाले स्पष्ट रूपमा भन्न सकिन्छ कि पाठ्यपुस्तक निर्माणमा पूर्वाग्रह अवश्य पनि भएको भन्न सकिन्छ । यस्तै नैतिक मूल्य र आदर्शको ख्याल गरिएको र विद्यार्थीहरूको मनोभावमा चोट नपर्ने हिसाबले चित्रहरू संयोजन गरिएको छ ।

## ५.२ सुझावहरू

### ५.२.१ नीतिगत तहका लागि सुझाव

नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित कक्षा तीनको मेरो नेपाली किताबमा समाविष्ट चित्रहरूले पाठ्यविषय र बोधको केन्द्रियताको प्रतिनिधित्व गर्न सक्नुपर्दछ । पाठमा शीर्षकअनुसार प्रतिनिधित्व हुने चित्रहरू राख्नु आवश्यक छ । यस किताबमा कुनै चित्रहरू विषयवस्तुअनुसार मिलेका छैनन् । तसर्थ चित्रहरू राख्दा विषयवस्तु अनुकुल राख्नु पर्दछ ।

पाठ्यपुस्तकमा प्रयोग भएका सबै चित्रहरू रङ्गीन छन् । त्यही पनि जङ्गल, आकाश, हिमाल, झर्ना, मानिस र मानिसका पोशाक आदि जस्ता चित्रहरूमा उचित रङ्ग प्रयोग गरिएको खण्डमा अझै आकर्षक हुन्थ्यो । विद्यार्थीहरूलाई थोरै समयमा धेरै कुरा सिकाउन सकिन्छ । त्यसैले पाठ्यपुस्तकमा चित्रहरू राख्दा भरसक धेरै रङ्गहरूको प्रयोगमा जोड दिनुपर्छ । पाठमा चित्रहरू रखाइका दृष्टिले पनि उचित हुनुपर्छ । रखाइको ढाँचा र क्रमसमेत मिलेको हुनुपर्छ । यस्ता कुराहरूमा पनि पाठ्यपुस्तक निर्माताले ध्यान पुऱ्याउनुपर्छ । पाठ्यपुस्तक निर्माताहरूले पाठ्यपुस्तकमा चित्रहरूको उपयुक्त स्पष्ट रूपमा केलाइ पाठ्यपुस्तक निर्माण गर्नुपर्ने देखिन्छ ।

यस पाठ्यपुस्तकमा राखिएका केही चित्रहरू त्यति आकर्षक नभएकाले पाठ प्रति विद्यार्थीहरूको आकर्षण बढाउन स्पष्ट राखिनु पर्दछ । पाठ्यपुस्तकमा भाषिक सिप, विषयगत ज्ञान र धारणा दिने खालका चित्रहरू छापिनु पर्छ । भाषा पाठ्यपुस्तकमा प्रयोग गरिने चित्रहरू सामाजिक र मानसिक रूपमा विद्यार्थीमा सकरात्मक छाप पर्ने खालका हुनुपर्छ भन्ने कुरामा पाठ्यपुस्तक निर्माताको ध्यान जानु आवश्यक छ ।

आकार प्रकारमा चित्रहरू कक्षाको स्तरअनुसार साना कक्षामा ठूला र ठूला कक्षामा साना हुनुपर्दछ । कक्षा तीनको पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरू भन्दा ठुला हुनु पर्नेछ । किताव कवितामा रहेको चित्र, अनौठो परीक्षा कथामा रहेको दोस्रो र तेस्रो चित्र खेतीवाल कवितामा रहेको तीनवटा चित्रहरूमा पहिलो र दोस्रो चित्रहरू छपाइ प्रविधिका दृष्टिले अस्पष्ट र कमजोर देखिन्छ । यस पाठ्यपुस्तकमा प्रयोग गरिएका चित्रहरू कतै कतै संख्यागत हिसावले कमजोर रहेको देखिन्छ । खेर नफालौं प्रवन्धमा रहेका चारवटा चित्रहरू मध्ये दोस्रो चित्र आयात्मक हिसावले सानो र अस्पष्ट रहेको छ । विषयवस्तु राखिएकै ठाउँमा चित्रहरू राखिनु पर्ने कुरामा पाठ्यक्रम निर्माताको ध्यान जान जरुरी छ ।

'म को हु ?' प्रवन्धमा रहेका चारवटा चित्रहरू रखाइ र प्रसङ्ग अनुसार त्यति मिलेको देखिदैन । किताव कविताको चित्र पनि कविताको विषयसँग राखाइ नमिले जस्तो देखिन्छ । खेतिवाल कवितामा रहेको तेस्रो चित्रलाई पहिलो स्थानमा राख्दा मात्र विषय प्रसंगसँग मिल्न जान्छ । नेपाली कवितामा रहेको चित्र कविताको प्रसंग भन्दा धेरै तल देखिन्छ र चित्र अलि सानो पनि रहेको छ । यस कुरामा पाठ्यपुस्तक निर्माताको ध्यान जरुर जानुपर्ने आवश्यक छ ।

दृश्य कुरालाई मात्र नभएर अदृश्य वा अमुर्त विचार तथा भावलाई बुझाउने गरी पाठ्यपुस्तकमा चित्रहरूको संयोजन गर्नुपर्दछ । यस आधारमा खेतीवाल कवितामा विभिन्न वालीनाली साग सब्जि र फलफुल वालीहरू रोप्दै , गोड्दै र काट्दै गरेको चित्र भएको भए जसका माध्यमबाट पाठले भन्न खोजेको कुरालाई प्रष्ट पार्नमा प्रसस्त सहयोग हुने थियो ।

### ५.२.२ अभ्यास तहका लागि सुझाव

पाठ्यपुस्तक तयार गरिनुको प्रमुख प्रयोजन नै कक्षा कोठामा प्रस्तुत गर्नका लागि हो । यस अध्ययनमा कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको बाह्य पक्ष र आन्तरिक पक्षका आधारमा अध्ययन गरिएको छ । यस अध्ययनबाट प्राप्त निष्कर्षले पाठ्यपुस्तक लेखक, शिक्षक विद्यार्थी र भावी अनुसन्धानकर्ताहरूलाई पनि सहयोग पुऱ्याउने देखिन्छ । नेपाली भाषा पाठ्यपुस्तकमा प्रशस्त चित्रहरू समावेश गर्नुपर्दछ । शिक्षण सिकाइलाई प्रभावकारी बनाउन, विद्यार्थीहरूलाई निरन्तर रूपमा कार्यकलापमा सरिक बनाउन, कुनै पनि नवीन विषयवस्तु वा दृश्यवलीहरू सम्बन्धी धारणा बसाल्न, सुक्ष्म दृष्टिकोण वृद्धि गर्न, वर्णनात्मक क्षमता विकास गर्न अनुकरणात्मक सिप र कलाको समेत प्रवर्द्धन गर्न भाषा पाठ्यपुस्तकमा चित्रको प्रभावकारी भूमिका खेलेको हुन्छ । पाठ्यपुस्तकमा चित्रहरू विषयवस्तु सुहाउँदो, आकार प्रकारका दृष्टिले उपयुक्त, विद्यार्थीहरूको उमेर, रुचि क्षमता आदिलाई ध्यानमा राखी समावेश गरिएको हुनुपर्दछ ।

### ५.२.३ अनुसन्धान तहका लागि सुझाव

कक्षा तीनको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको अध्ययन शीर्षक शोधकार्यले भावी अनुसन्धानकर्ताहरूलाई यस अध्ययनमा भएका कमी कमजोरीहरूको पहिचान गरी नयाँ विषयमा अध्ययन गर्न मद्दत पुग्दछ । नेपाली किताबमा समावेश भएका चित्रहरू विषय वस्तु सुहाउँदा , आकार प्रकारका दृष्टिले उपयुक्त विद्यार्थीहरूको रुची स्तर क्षमता अनुरूप भए नभएको यसले भाषिक सिप हासिल गराउन सक्षम भए नभएको जानकारी लिन नयाँ अनुसन्धानका लागि मार्गदर्शक बन्न सक्छ । नयाँ अनुसन्धान कर्तालाई पूर्व कार्यको रूपमा अनुसन्धान कर्तालाई पूर्व कार्यको रूपमा समेत यस अनुसन्धानले सहयोग पुऱ्याउने छ ।

## ५.३ भावी अध्ययनका लागि सम्भावित शीर्षक

चित्रहरूको सूक्ष्म, गहन र प्रभावकारी अध्ययन गर्ने क्रममा भावी शोध अध्ययनका लागि निम्नानुसार शीर्षकहरू रहेका छन् ।

क) चित्रहरूको लैङ्गिक अध्ययन

ख) चित्रहरूको सामाजिक अध्ययन

ग) चित्रहरूको जातिगत तथा भेषभूषागत अध्ययन

घ) चित्रहरूको भौगोलिक अध्ययन,

ङ) चित्रहरूको भौगोलिक अध्ययन,

च) चित्रहरूको पर्यावरणीय अध्ययन,

छ) भाषा शिक्षणमा चित्रहरूको उपयोगिता

ज) बालमनोवैज्ञानिक दृष्टिले कक्षा तीनको पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरूको अध्ययन ।

# सन्दर्भसूची


खड्का, प्रयागराज (२०५९), *कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको अध्ययन,* काठमाडौँ, स्नातकोत्तर शोधपत्र, महेन्द्र रत्न क्याम्पस ताहचल ।

ढकाल, शान्तिप्रसाद (२०७३), *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौ : पिनाकल पब्लिकेशन प्रा.लि. ।

दुलाल, धुर्वप्रसाद (२०६७), *कक्षा ७ को नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन,* काठमाडौ : स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न क्याम्पस ताहचल ।

पाण्डे, ज्ञानप्रसाद (२०६४), *कक्षा नौको नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन,* काठमाडौ : स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न क्याम्पस ताहचल ।

पाठक, रीता (२०७२), *कक्षा ४ को मेरो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन,* मोरङ : स्नातकोत्तर शोधपत्र सुकुना बहुमुखी क्याम्पस ।

पुरी, अनिता (२०७५), *कक्षा ५ को मेरो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन,* मोरङ : स्नातकोत्तर शोधपत्र सुकुना बहुमुखी क्याम्पस ।

पोखरेल, केशवराज र उमेश काफ्ले (२०७०), *पाठ्यक्रम पाठ्यपुस्तक र शिक्षण पद्धति,* काठमाडौः क्याम्ब्रिज पब्लिकेशन प्रा.लि. ।

पोखरेल, केशवराज (२०७३) *नेपाली भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौ : क्याम्ब्रिज पब्लिकेशन प्रा.लि. ।

पोखरेल, बालकृष्ण (२०४०), *बृहत नेपाली शब्दकोश,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, माधवप्रसाद (२०६७), *भाषा पाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षण पद्धति,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार भोटाहिटी ।

भट्टराई, रामप्रसाद (२०६८), भाषिक अनुसन्धान विधि (दो.सं.), काठमाडौ : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि (२०७३), *सामाजिक भाषाविज्ञान र मनोभाषा विज्ञान,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

## परिशिष्ट १

मिति : ...............

विद्यालय :

विद्यार्थीको नाम:

रोल नं. :

### पथरीशनिश्चरे नगरपालिकाका तीन वटा विद्यालयहरुमा कक्षा ३ का विद्यार्थीहरुलाई सोधिएका वस्तुगत प्रश्नावलीहरु :

१. तिमीहरुलाई कक्षा ३ को मेरो नेपाली किताव कतिको मनपर्छ ?

क) मन पर्दैन ख) अलिअलि मनपर्छ

ग) धेरै मनपर्छ घ) यो किताब हेर्न नै मन लाग्दैन

२. यो नेपाली किताब किन मनपर्छ ?

क) राम्रा राम्रा कथा भएकाले ख) राम्रा राम्रा कविता भएकाले

ग) पाठै पिच्छे चित्र भएकाले घ) किताबको गातामा पनि राम्रो चित्र भएकाले

३. तिमीहरुको नेपाली कितावमा सबै पाठमा चित्र छन् ?

क) खै हेरेकै छैन ख) कुनै कुनै पाठमा छन्

ग) सबै पाठमा चित्र छन् ग) कुनै पाठमा चित्र छैनन्

४) नेपाली किताबको पाठमा भएका चित्रहरु तिमीहरुलाई कस्तो लाग्छ ?

क) धेरै राम्रो लाग्छ ख) राम्रै लाग्छ

ग) अलिअलि राम्रो लाग्छ ग) कति पनि राम्रो लाग्दैन

५) पाठ १ असल विचार कविताको चित्रमा तिमीहरुले के देख्यौ ?

क) गोलो घेरा लागेर बसी टोपी लुकाइ खेल्न आटे जस्तो

ख) नेपाली किताब पढ्न आटे जस्तो

ग) ठूला व्याक्ति बाट असल विचार सुने जस्तो

घ) खाना खान बसे जस्तो

६) ढुङ्गाको खिचडी पाठमा कतिवटा चित्र छन् ?

क) तीन वटा ख) दुई वटा ग) चार वटा घ) पाँच वटा

७) म को हुँ ? पाठको चित्र हेरेर कस्ले म को हुँ भनेको हो पत्ता लगाउ ?

क) सानी केटिले　　　　ख) धाराले

ग) फूलले　　　　घ) पानीले

८) किताब पाठमा रहेको चित्रबाट के शिक्षा पायौँ ?

क) किताब पढ्न हुन्न भन्ने　　ख) किताब छरेर राख्नु पर्छ भन्ने

ग) टेवलमा बसेर कितावलाई माया गरी पढ्नु पर्छ भन्ने

घ) माथिका सबै

९) अनौठो परीक्षा पाठमा रहेका चित्रहरु हेर्दा तिमीहरुले कस्तो ज्ञान पायौ ?

क) साथी साथी झगडा गर्नुपर्छ भन्ने

ख) गुरुको आज्ञा पालना गर्नुपर्छ भन्ने

ग) गुरुसँग मुख मुखै लाग्नुपर्छ भन्ने

घ) आफै खुसी गर्नुपर्छ भन्ने

१०) पाठ ६ मा के को चित्र रहेको छ ?

क) मान्छेहरुको　　　　ख) विवाहको

ग) जात्राको　　　　घ) हाटबजारको

११) खेतीवाल कवितामा रहेका चित्रहरु कस्तो लाग्यो ?

क) नराम्रो　　　　ख) ठिकै

ग) राम्रो　　　　घ) धरै राम्रो

१२) नयाँ वर्षको उपहार कथामा कतिवटा चित्रहरु छन् ?

क) २　　　　ख) ३

ग) ४　　　　घ) ५

१३) खेर नफालै पाठमा रहेको चित्र किन राम्रो लाग्यो ?

क) खाने कुराको चित्र भएकाले

ख) पैसाको चित्र भएकाले

ग) घडीको चित्र भएकाले

घ) माथिको सबै चित्र भएकाले

१४) नेपाली कवितामा के को चित्र देख्यौ ?

क) शिव भगवानको　　　　ख) केटाकेटीको

ग) झन्डा नजिकै बुद्धको　　　　घ) गाँउको

१५) पाठ ११ मा कस्को चिज छ ?

क) चन्द्र प्रसाद न्यौपानेको    ख) सिद्धिचरण श्रेष्ठको

ग) माहाकवि देवकोटाको    ग) श्रमिक बरालको

१६) अचम्मको कुरा पाठको चित्र कस्तो छ ?

क) चित्र राम्रो छ    ख) चित्र बुझ्न गाह्रो छ

ग) चित्र सानो र धमिलो छ    घ) नराम्रो छ ।

१७) बाँदर र गोही पाठको दोस्रो चित्रमा के देखिन्छ ?

क) भैँसीको ढाडमा बाँदर चडेको

ख) नाउमा बादर चडेको

ग) रुखमा बाँदर चडेको

घ) गोहीको ढाडमा बाँदर चडेको

१८) सानु छ है सानु कवितामा कुन रङ्गको बढी प्रयोग गरिएको छ ।

क) कालो    ख) रातो

ग) हरिया    घ) पहेले

१९) वीरमानका दिन फर्किए पाठको दोस्रो चित्रमा के देखिन्छ ?

क) रुख विरुवा काटेर नाङ्गो भएको जमिनमा पहिरो गएको

ख) डडेलो लागेको

ग) खोला बगेको

घ) विरुवामा पानी हालेको

२०) छट्‌क वटुवा पाठको पहिलो चित्रमा के गर्दै गरेको चित्र छ ?

क) किसानले हलो जोतेको    ख) बारीमा खनेको

ग) धान रोपेको    घ) फूलबारी गोडेको